# कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषण


**शोधार्थी**

भविसरा चन्द

म.प.वि.दर्ता नं. : २०१६-६८-३-१००२-०१३२

परीक्षा क्रमाङ्क : ६८०४००३०


स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत (नेपा.शि.५४३) पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

**शोधपत्र**

२०७६/२०१९


शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षा शास्त्र सङ्काय,

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत **कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषण** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधकार्यहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्न सक्ने मञ्जुरी दिदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेकी छु ।

....................

शोधार्थी

भविसरा चन्द

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल
०८३- ५२३४८५

पत्र सं.:
चलानी नं.:

मिति : ............

# सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषण** शीर्षकको शोधपत्र शोधार्थी भविसरा चन्दले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

............................

मिति : वि.सं. २०७६/०४/२४ — उपप्रा. खुमबहादुर खड्का

(सन् : १५ अगस्ट, २०१९) — शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३- ५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
पत्र सं.:
सुर्खेत, नेपाल
चलानी नं.:
मिति : ...........

# स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषण** शीर्षकको शोधपत्र शोधार्थी भविसरा चन्दद्वारा तयार पारिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. खुमबहादुर खड्का | शोध निर्देशक/शिक्षण समिति प्रमुख | ------------- |
| २. | उपप्रा. हरिजङ्ग शाह | बाह्य सुपरीवेक्षक | ------------- |
| ३. | उपप्रा. लक्ष्मीप्रसाद आचार्य | क्याम्पस प्रमुख | ------------- |

मिति : वि.सं. २०७६/०६/०३

(सन् : २० सेप्टेम्बर, २०१९)

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषण** शीर्षकमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस अन्तर्गत स्नातोत्तर तह (एम.एड) चौथो सेमेस्टर (नेपा.शि ५४३) को पाठ्यांश प्रयोजनको लागि तयार पारिएको छ । उक्त शोध पत्र लेखनका क्रममा विविध कार्य व्यस्तताका बाबजुत पनि शीर्षक छनोटदेखि शोधप्रस्ताव लेखन र शोधपत्रको अन्तिम कुशल निर्देशन दिनु हुने नेपाली शिक्षण समितिका शिक्षण समिति प्रमुख तथा शोध निर्देशक आदरणीय गुरु उपप्रा. खुमबहादुर खड्का ज्यूप्रति सर्बप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

साथै अध्ययनका क्रममा आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्नु हुने नेपाली शिक्षाशास्त्र सङ्कायका आदरणीय गुरु उपप्रा. लक्ष्मीप्रसाद आचार्य, उपप्रा. रामप्रसाद कँडेल, उप्रपा. हरिजङ्ग शाह, उपप्रा. फूलमती खराल र उपप्रा. द्रोणलता खत्री ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यका लागि आवश्यक पर्ने पुस्तक तथा शोध पत्र उपलब्ध गराउन सहयोग गर्ने पुस्तकालयका कर्मचारी र आत्मीय साथीहरू प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

व्यवहारिक जीवन भोगाइका क्रममा आइपरेका विविध समस्या तथा चुनौतिहरूलाई सहज रूपमा सामनना गरी अन्धकारमय जिन्दगीमा शिक्षाको उज्यालो ज्वति प्रदान गर्दै उच्च शिक्षाको बाटोलाई हौसला पूर्वक विश्वविद्यालय सम्म पुचाउन सफल पिता स्व. भुवान चन्द र माता मानकुमारी चन्द प्रति सदैव कृतज्ञ छ । यसै गरी यस अध्ययनमा तथ्याङ्क सङ्कलनमा सहयोग पुचाउने सहपाठी साथी लङ्कबहादुर शाही र निरज सिंह साथीहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसै गरी अध्ययन कार्यमा प्रोत्साहन गर्दै लगनशीलता र निरन्तरताको बाटोमा हिड्न सिकाउने आफन्तहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।
अन्तयमा अध्ययनका क्रममा उपयोग गरिएका सबै पाठ्पुस्तक, प्रश्न निर्माण, विषय विशेषज्ञ र लेखक तथा प्रकाशकलाई धन्यवाद दिन चाहन्छु । यसका साथै यस शोधकार्यलाई छिटोछरितो शुद्ध रूपमा टङ्कन गरी दिने नोवेल कम्प्युटर इन्स्टिच्युटका मनराज देवकोटाप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

भविसरा चन्द

# शोधसार

प्रस्तुत शोध अध्ययन **कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको विश्लेषणमा** केन्द्रित रहेको छ । यो अध्ययन माध्यमिक तह कक्षा नौ अनिवार्य नेपाली विषयका प्रश्नपत्र २०७५ सालमा तयार गरिएको वार्षिक परीक्षाका प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भए नभएको अध्ययन गर्नु, उक्त अनिवार्य नेपाली विषयको प्रश्नपत्रको बाह्य र आन्तरिक आधारमा विश्लेषण गर्नु र उक्त अनिवार्य नेपाली विषयका प्रश्नपत्रको त्रुटि पत्ता लगाई निष्कर्ष र सुझाव दिनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रतिनिधि प्रश्नपत्रमा मात्र सीमित रहेर अध्ययन गरिएको छ । यो अध्ययन प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप र प्रश्न विश्लेषणका आन्तरिक तथा बाह्य आधारमा शाब्दिक र सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्क लिएर अध्ययन गरिएकोले गुणात्मक, परिमणात्मक र मिश्रित ढाँचाको समेत प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुना छनोट गरिएको छ भने प्राथमिक स्रोतका रूपमा कक्षा नौको नेपाली विषयको प्रश्नपत्र २०७५ सालमा दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायीक माध्यमिक विद्यालयमा उपयोग गरिएका प्रश्नपत्र रहेका छन भने र द्वितीय स्रोतका रूपमा विभन्न पाठ्यपुस्तक, सन्दर्भ पुस्तक कृति समीक्षा, अप्रकाशित शोधपत्रहरू रहेका छन ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुसार उद्देश्य अनुरूप परीक्षण, विषयवस्तु र क्षेत्र, प्रश्न सङ्ख्या, समय निधारण र अङ्कभार जस्ता कुराको अध्ययन गरिएको छ भने प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रश्नपत्रको स्परूप, प्रस्तुति अनुक्रम, वर्ण विन्यास र आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, भाषा, प्रश्नमा हुनुर्ने गुण र विविध पक्ष जस्ता शीर्षकमा केन्द्रित भएर अध्ययन गरिएको छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू निर्माण गर्दा विशिष्टीकरण तालिका अनुरूप निर्माण गरेको देखिँदैन । प्रतिनिधि प्रश्नपत्रमा दैलेख र जाजारकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा मिश्रित वर्ण विन्यासको प्रयोग गरेको पाइन्छ भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा वर्ण विन्यासका दृष्टिले उपयुक्त नै रहेको पाइन्छ ।

यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा विधागत प्रश्नका लागि एकमूष्ट समय निर्धारण गरेको छ भने विशिष्टीकरण तालिकामा भने प्रत्येक विधागत प्रश्नका लागि छुट्टाछुट्टै समय निर्धारण गरेको छ । प्रतिनिधि प्रश्नपत्रमा सबै विधालाई समेटेर पश्न निर्माण गरेको देखिँदैन भने सरलदेखि जटिलताको क्रममा भने प्रश्नपत्र निर्माण गरेको पाइन्छ । दैलेख र कालीकोट जिल्लाको प्रश्नपत्रमा ४५ पूर्णाङ्कमा १८ उतीर्णाङ्क निर्धारण गरेर समानता रहेको पाइन्छ भने एकमूष्ट १:१५ मिनेट समय विभाजन गरेर समानता रहेको पाइन्छ भने सुर्खेत जिल्लाको प्रश्नपत्रमा उतीर्णाङ्क निर्धारण नगरेर त्रुटि गरेको पाइन्छ । त्यस्तै जाजरकोट जिल्लाको प्रश्नपत्रमा भने पूर्णाङ्क ६०, उतीर्णाङ्क २० निर्धारण गरेको पाइन्छ भने समय कति हो निर्धारण नगरेर त्रुटि गरेको पाइन्छ । प्रतिनिधि प्रश्नपत्रमा दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा पढाइ, लेखाइ, शब्दभण्डार र व्याकरण सीप परीक्षणका लगि कम विद्यालाई समेटेर प्रश्न निर्माण गरेको पाइन्छ भने सुर्खेत, जाजरकोट कालीकोट जिल्लाका प्रश्नपत्रमा अधिकांश विधालाई समेटेर प्रश्न निर्माण गरेको पाइन्छ । त्यस्तै प्रतिनिधि जिलका प्रश्नपत्र छपाइ र सफाइका दृष्टिले उपयुक्त रहेको पाइन्छ ।

# विषय सूची

| क.सं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| | प्रतिबद्धता पत्र | क |
| | सिफारिस पत्र | ख |
| | स्वीकृति पत्र | ग |
| | कृतज्ञता ज्ञापन | घ |
| | शोधसार | ङ |
| | विषय सूची | छ |
| | तालिका सूची | ञ |
| | सङ्क्षिप्त शब्दावलीको पूरा रूप | ट |
| | चिन्ह सूची | ठ |

अध्याय : एक

शोध परिचय १-६

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ अध्ययनको औचित्य ४

१.५ अध्ययनको परिसीमा ५

१.६ शोधपत्रको रूपरेखा ६

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा ७-४८

२.१ पूर्वकार्यको समीक्षा र उपादेयता ७

२.२ सैद्धान्तिक अवधारणा १३

२.२.१ मूल्याङ्कनको परिचय १३

२.२.२ मूल्याङ्कनको परिभाषा १५

२.२.३ परीक्षा र मूल्याङ्कन १५

२.२.४ भाषिक मूल्याङ्कन र परीक्षा १६

२.२.५ भाषिक मूल्याङ्कनको प्रकृति १७

२.२.६ परीक्षणका प्रचलित युक्तिहरू २०
२.२.७ परीक्षणका अन्य युक्ति २२
२.२.८ भाषिक परीक्षण योजना निर्माण २३
२.२.९ प्रश्नका प्रकार २७
२.२.१० प्रश्नका गुणहरू ३१
२.२.११ प्रश्नहरूको व्यवस्थापन, निर्देशन र अन्तिम तयारी ३६
२.२.१२ परीक्षण प्रशासन र अङ्कन ३७
२.२.१३ भाषिक परीक्षका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कन ३८
२.२.१४ प्रश्न विश्लेषणका आधारहरू ४०
२.३ अवधारणात्मक खाका ४८

**अध्याय : तीन**

**अध्ययन विधि र प्रक्रिया ४९-५२**

३.१ अनुसन्धानको ढाँचा ४९
३.२ जनसङ्ख्या र नमुना छनोट ४९
३.३ तथ्याङ्कको प्रकृति र स्रोत ५०
३.४ सामग्री निर्माण र मानकीकरण ५०
३.५ तथ्याङ्क सङ्कलन विधि ५१
३.६ तथ्याङ्कको व्याख्या विश्लेषण ५१
३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ५२

**अध्ययाय : चार**

**प्रश्नपत्रको विश्लेषण ५३-१०१**

४.१ विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण ५३
४.१.१ पाठ्यक्रम उद्देश्य अनुरूप परीक्षण ५३
४.१.२ विधा र क्षेत्र ५५
४.१.३ अङ्कभार निर्देशन ५५
४.१.४ समय निर्देशन ५६
४.२ बाह्य आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण ६०
४.२.१ निर्देशन ६०

४.२.२ अङ्क विभाजन र समय निर्धारण ६५
४.२.३ प्रश्नपत्रको स्वरूप ७६
४.२.४ प्रस्तुति अनुक्रम ८२
४.२.५ वर्ण विन्यासगत त्रुटि ८४
४.३ आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण ९१
४.३.१ पाठ्यक्रम अनुरूपता ९१
४.३.२ भाषिक पक्षको संयोजन र सन्तुलन ९४
४.३.३ भाषा ९५
४.३.४ प्रश्नपत्रमा हुनुपर्ने गुण ९५
४.३.५ विविध पक्ष ९७
४.४ प्रश्नपत्रमा भएका त्रुटिश ९७

**अध्याय : पाँच**

**निष्कर्ष तथा सुझाव** **१०२-१०८**

५.१ निष्कर्ष १०२
५.१.१ विशिष्टीकरण तालिका अनुसार निष्कर्ष १०२
५.१.२ बाह्य आधारमा निष्कर्ष १०३
५.१.३ आन्तरिक आधारमा निष्कर्ष १०५
५.२ सुझाव १०६
५.२.१ नीतिगत तह १०६
५.२.२ कार्यन्वयन तह १०७
५.२.३ अनुसन्धान तह १०७
५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षक १०८

**सन्दर्भ सामग्री**

**परिशिष्ट**

**व्याक्तिवृत**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| १ | विधा र क्षेत्र | ६० |
| २ | अङ्कभार निर्देशन | ६२ |
| ३ | समय निर्देशन | ६४ |
| ४ | शीर्ष निर्देशन | ६६ |
| ५ | प्रश्न निर्देशन | ६७ |
| ६ | विकल्प निर्देशन | ७० |
| ७ | पृष्ठ निर्देशन | ७० |
| ८ | प्रश्न र पूर्णाङ्क वितरण | ७१ |
| ९ | उत्तीर्णाङ्क | ७३ |
| १० | पढाइ सीप र अङ्क विभाजन | ७४ |
| ११ | लेखाइ सीप र अङ्क विभाजन | ७६ |
| १२ | शब्द भण्डार र अङ्क विभाजन | ७७ |
| १३ | व्याकरण र अङ्क विभाजन | ७९ |
| १४ | समय निर्धारण | ८० |
| १५ | प्रश्नपत्रको आकार र अक्षर | ८४ |
| १६ | प्रश्न सङ्ख्या | ८५ |
| १७ | कागज र रङ | ८६ |
| १८ | प्रस्तुति अनुक्रम | ८८ |
| १९ | दैलेखको वर्ण विन्यासगत त्रुटि | ८९ |
| २० | सुर्खेतको वण विन्यासगत त्रुटि | ९२ |
| २१ | जाजरकोटको  वर्ण विन्यासगत त्रुटि | ९२ |
| २२ | कालीकोटको वर्ण विन्यासगत त्रुटि | ९५ |
| २३ | भाषिक पक्षको संयोजन र सन्तुलन | ९६ |
| २४ | प्रश्नपत्रमा हुनुपर्ने गुण | ९९ |
| २५ | प्रश्नपत्रमा भएका त्रुटि | १०० |

# सङ्क्षिप्त शब्दसूची

| | |
|---|---|
| एम. एड | मास्टर अफ एजुकेसन |
| नेपा. शि | नेपाली शिक्षा |
| क्र.सं. | क्रम सङ्ख्या |
| म.प.वि. | मध्य पश्चिमाञ्चल विश्वविद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्र.नं. | प्रश्न नम्बर |
| सं. | सङ्ख्या |
| पू. | पूर्णाङ्क |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एस.एल.सी. | स्कुल लिभिङ् सर्टिफिकेट |
| से.मि. | सेन्टिमिटर |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| अ. वि. | अङ्क विभाजन |

# चिह्न सूची

| | | |
|---|---|---|
| – | : | योजक चिह्न |
| ( ) | : | कोष्ठक चिह्न |
| । | : | पूर्णविराम चिह्न |
| , | : | अल्पविराम चिह्न |
| :- | : | निर्देशक चिह्न |
| ? | : | प्रश्नवाचक चिह्न |
| ‘ ’ | : | एकल उद्धरण चिह्न |
| “ ” | : | दोहोरो उद्धरण चिह्न |
| / | : | वैकल्पिक चिह्न |
| ँ | : | चन्द्रबिन्दु |
| ं | : | शिरबिन्दु |
| = | : | समानान्तर चिह्न |
| : | : | विसर्ग चिह्न |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शैक्षिक कार्यक्रमहरूको विस्तृत योजना पाठ्यक्रम हो । पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता हासिल गर्नका लागि प्रयोग गरिने पाठ्यसामाग्री पाठ्यपुस्तक हो । भाषा पाठ्यक्रम भाषिक सिकाइ क्रियाकलापको केन्द्रबिन्दु मानिन्छ । भाषाका ग्रहण (सुनाइ, पढाइ) र अभिव्यक्ति ( बोलाइ, लेखाइ) सीप हुन्छन् । भाषा पाठ्यक्रम ती सीप विकासमा केन्द्रित हुन्छ । यसले विषय वस्तुलाई साधन र भाषिक सीपलाई साध्य बनाएको हुन्छ । भाषा सिकाइलाई सहज, सरल र व्यवस्थित बनाउनका साथै स्तरीय, मानक र आधुनिक सीप विकासमा पनि भाषा पाठ्यक्रमले मद्दत गर्दछ ।

पाठ्यक्रमको सही रूपमा कार्यन्वयन गर्नका लागि प्रभावकारी शिक्षण सिकाइ प्रक्रियाका साथै मूल्याङ्कन प्रणालीको विशेष भूमिका रहेको हुन्छ । तसर्थ पाठ्यक्रमको पूर्ण कार्यान्वयनमा मूल्याङ्कन प्रणाली प्रभावकारी हुन जरूरी हुन्छ । पाठ्यक्रममा समावेश हुने राष्ट्रिय तथा तहगत उद्देश्यले शिक्षा पद्धतिमा आवश्यक विधि/प्रविधि तथा मूल्याङ्कनका विविध पक्षलाई निर्देश गर्ने गरिन्छ ।

विद्यालयको शिक्षा आधारभूतह (१–८) र माध्यमिक (९–१२) गरी दुई तहमा बाँडिएको छ । पाठ्यक्रमका अपेक्षालाई परिपूर्ति गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले आधारभूतहदेखि माध्यमिक विद्यालय तहसम्म  विशिष्टीकरण तालिका निर्माण गर्दै आएको छ । यसै क्रममा माध्यमिक विद्यालयको लागि विशिष्टीकरण तालिका अनुसार विद्यार्थीको सिकाइ उपलब्धी जाँच गर्ने महत्वपूर्ण साधनका रूपमा प्रश्नपत्रलाई लिइन्छ । भाषा शिक्षणका सिलसिलामा विभिन्न प्रकृतिका प्रश्नहरू भाषिक अभ्यासका लागि महत्वपूर्ण सामग्री समेत बनेका हुन्छन् । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका समग्र पाठ्यवस्तुहरूलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा छनोटपूर्ण तरिकाले निर्माण गर्नु पर्ने हुन्छ । हाम्रो जस्तो मूल्याङ्कन प्रणालीका सन्दर्भमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मान गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । तसर्थ परीक्षा लिँदा प्रश्नपत्रहरू हचुवाका भरमा तयार नगरी परीक्षा सञ्चालन गर्नु अगाडि

प्रश्नपत्रहरू कस्ता बनाउने, कुन पाठ, कुन एकाइबाट कति र कुन प्रकारको प्रश्न सोध्ने कुन उद्देश्यको मूल्याङ्कन गर्ने कस्ता प्रश्न तयार गर्ने प्रश्नको अङ्कभार कति दिने कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरू समावेश गरी विशिष्टीकरण तालिका निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले अपेक्षा गरेका कुनै निश्चित उद्देश्यहरू हासिल भए भएनन् भन्ने सम्बन्धमा र परीक्षाका लागि सोधिनु पर्ने सम्पूर्ण विषय, विधा तथा क्षेत्रहरूबाट सोधिनुपर्ने प्रश्नका लागि अङ्कभार, समय आदि कुराहरूलाई स्पष्ट विभाजन गरी विद्यार्थीको मूल्याङ्कन गर्न प्रश्नपत्र निर्माण गरिएको हुन्छ ।

पाठ्यक्रमका समग्र पाठ्यवस्तुहरूलाई समेट्ने गरी प्रतिनिधिमूलक आधारमा छनोट र निर्माण गरिएको साधनलाई प्रश्नपत्र भनिन्छ । यो विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार हो । विद्यार्थीहरूले हासिल गरेका उपलब्धिहरू जाँच गर्न वा जानकारीका लागि औपचारिक रूपमा प्रश्नपत्रको माध्यमबाट लिखित रूपमा सोधिने परीक्षणीय मूल्याङ्कन नै प्रश्न हो । प्रश्नपत्रमा विद्यार्थीको ज्ञान, बोध, व्यावहारिक सीप र उच्च दक्षता परीक्षणका लागि शब्द भण्डार, वर्ण विन्यास, व्याकरण, बोध, बुँदाटिपोट र सारांश, निर्देशित रचना, व्यवहारिक लेखन, स्वतन्त्र रचना, सप्रसङ्ग व्याख्या, पाठगत प्रश्नोत्तर र विवेचना जस्ता क्षेत्र तथा विधालाई समेटि प्रश्नपत्रहरू निर्माण गर्ने गरिएको हुन्छ । जसमा प्रश्न सङ्ख्याका साथै प्रश्नका लागि अङ्कभार र समयको वितरण गरिएको हुन्छ ।

विद्यार्थीको भविष्यको मार्ग निर्माण गर्ने तह नै माध्यमिक तह हो । माध्यमिक विद्यालय तह कक्षा नौ भनेको एस.इ.इ. परीक्षाको पूर्व तयारीको स्तर हो । यस तहमा भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित उद्देश्यहरू हासिल गर्नका लागि विभिन्न विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन जस्ता पक्षहरू समावेश गरिएको हुन्छ । यस तहलाई किशोर तह पनि भन्ने गरिन्छ । यस तहमा १३-१९ वर्ष उमेर समूहका विद्यार्थीहरू रहेका हुन्छ । यो एउटा सोचनशील तह  हो । विद्यार्थीले भविष्यमा के गर्ने, कस्तो लक्ष्य लिने, लक्ष्य अनुसार कुन विषय पढ्ने आदि विविध जिज्ञासाको तह भएकाले यो एक महत्त्वपूर्ण तहका रूपमा लिने गरिन्छ ।

विद्यालयको माध्यमिक तह अन्तर्गत कक्षा नौको अनिवार्य नेपाली विषय नयाँ पाठ्यक्रममा आधारित रहेको छ । उक्त पाठ्यपुस्तकबाट सोधिने प्रश्नपत्रहरू विभिन्न जिल्लागत रूपमा हरेक विद्यालयले निर्माण गर्ने गरेका हुन्छन् । जिल्ला शिक्षा कार्यालयको निर्देशन र माध्यमिक शिक्षा पाठ्यक्रम अनुसार प्रश्नपत्रको ढाँचामा कक्षा नौको प्रश्नपत्र निर्माण गर्ने गरिएको हुन्छ । तसर्थ माध्यमिक शिक्षा पाठ्यक्रमले तोके बमोजिम विभिन्न जिल्लाका विद्यालयमा प्रश्नपत्र कसरी निर्माण गरिएका छन् ? कुन विधाबाट के कति प्रश्नहरू समावेश गरिएको छ ? प्रश्नपत्रहरू पाठ्यक्रम अनुरूप छन् वा छैनन् ? विद्यार्थीको स्तर अनुसार के कति सरलता र जटिलता छन् ? प्रश्नपत्रको बाह्य र आन्तरिक आधार के कस्तो रहेको छ ? प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिका अनुसार निर्माण भएका छन् वा छैनन् ? जिल्लागत रूपमा प्रश्नपत्रका के कस्ता त्रुटिहरू रहेका छन् ? र प्रश्नपत्रका सबल र दुर्बल पक्षहरु के के रहेका छन् ? भन्ने कुरा स्पष्ट रूपमा अध्ययन विश्लेषण गर्न आवश्यक रहेको छ । तसर्थ कक्षा नौको  नेपाली किताबको प्रश्नपत्र २०७५ लाई एक अध्ययन अनुसन्धानको मुख्य विषयवस्तु बनाइने भएकाले यो अध्ययन उपयोगी रहेको छ ।

## १.२  समस्या कथन

यो अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ :

१. कक्षा नौको नेपाली विषयको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप निर्माण गरिएका छन् वा छैनन् ?

२. उक्त नेपाली विषयको प्रश्नपत्रको बाह्य र आन्तरिक स्वरूप के कस्तो छ ?

३. उक्त प्रश्नपत्रका त्रुटिहरू के कस्ता रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. कक्षा नौको नेपाली विषयको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भए नभएको अध्ययन गर्नु,

२. उक्त नेपाली विषयको प्रश्नपत्रको बाह्य र आन्तरिक आधारमा विश्लेषण गर्नु,

३. उक्त नेपाली विषयका प्रश्नपत्रका त्रुटि पत्ता लगाई निष्कर्ष र सुझाव दिनु ।

## १.४ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनले कर्णाली प्रदेश अन्तर्गत जिल्लागत रूपमा सामुदायिक माध्यमिक विद्यालयले निर्माण गरेका कक्षा नौको नेपाली विषयका प्रश्नपत्र निर्माण अवस्थाको अध्ययन हालसम्म नभएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ । हाम्रो जस्तो मुलुकमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने एउटै मात्र साधनका रूपमा प्रश्नपत्र नै रहेको देखिन्छ । यस्ता प्रश्नपत्र निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता र व्यवहारमा उपयोग हुने जस्ता आन्तरिक र बाह्य गुणले युक्त शुद्ध, स्पष्ट र स्तरयुक्त कुरामा ध्यान दिनु पर्दछ । खास गरी यो शोधले प्रश्नपत्र निर्माणमा रहेका समस्या, प्रश्नमा रहेको विश्वसनीयता र वैधताको अवस्था, प्रश्नपत्रका कमी कमजोरी तथा त्रुटि आदिको अध्ययन गर्दछ । प्रश्नपत्रहरूमा एकरूपता, वैधता र गुणस्तरीयता ल्याउन यसले सहयोग गर्ने भएकाले औचित्यपूर्ण रहेको छ । तसर्थ नेपाली भाषा शिक्षण र मूल्याङ्कनका दृष्टिले यो शोध कार्य गर्न औचित्यपूर्ण रहेको देखिन्छ । यस बाहेक यस शोधको औचित्यहरू निम्नानुसार रहेका छन् :

(क) नेपाली विषयका प्रश्नपत्रको बाह्य र आन्तरिक आधारमा विश्लेषण गर्न,

(ख) माध्यमिक तह कक्षा नौको नेपाली विषयका प्रश्नपत्रका त्रुटि औल्याउन,

(ग) यस अध्ययनले कक्षा नौको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप निर्माण गर्न,

(घ) माध्यमिक तहका विद्यार्थीको मूल्याङ्कन गर्न परीक्षणमा सोधिने प्रश्न उद्देश्यपरकता, विशिष्टता, व्यवहारता, स्पष्टता र उपयुक्तताका दृष्टिले गुणस्तरयुक्त बनाउन,

(ङ) नेपाली विषयका विषय विशेषज्ञ र प्रश्न निर्माणकर्तालाई स्तरीय प्रश्न निर्माण गरी परीक्षण तथा मूल्याङ्कन प्रभावकारी बनाउन,

(च) प्रश्नपत्र निर्माणमा संलग्न शिक्षकहरू, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता लगायत शैक्षिक सरोकारवालालाई सहयोग गर्न,

(छ) सबै जिल्लाका कक्षा नौको नेपाली विषयको प्रश्नपत्र निर्माणमा पाठ्यक्रमका उद्देश्यअनुरूप एकरूपता ल्याउन,

(ज) भावी अध्ययनकर्ताहरूलाई सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्न ।

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन निम्न परिसीमामा रही अध्ययन गरिएको छ :

(क) प्रस्तुत अध्ययन शिक्षाशास्त्र सङ्कायमा शोधकार्य गर्न सकिने भनी तोकिएका क्षेत्रमध्ये भाषिक मूल्याङ्कनसँग सम्बन्धित रहेको छ ।

(ख) यो अध्ययन माध्यमिक तह कक्षा नौको नेपाली विषयका प्रश्नपत्र २०७५ को विश्लेषणमा सीमित रहेको छ ।

(ग) यस अध्ययनमा कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा सीमित गरिएको छ ।

(घ) यो अध्ययन कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको बाह्य आधार (निर्देशन, अङ्क विभाजन र समय, वर्ण विन्यास, प्रश्नपत्रको स्वरूप र प्रस्तुति अनुक्रम) र आन्तरिक आधारअन्तर्गत (पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, भाषा, र विविध पक्ष) मा सीमित रहेको छ ।

(ङ) यस अध्ययनमा कक्षा नौको प्रश्नपत्रका त्रुटि पहिल्याई तिनमा आवश्यक सुझाव दिनमा मात्र केन्द्रित रहेको छ ।

(च) यस अध्ययनमा अन्य कक्षाका नेपाली विषयका प्रश्नपत्रको विश्लेषण गरिएको छैन् ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको संरचना पक्षलाई संगठित र व्यवस्थित पार्नका लागि निम्न अध्यायमा संरचित गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधको विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययनका क्रममा उपयोग गरिएका शोध कार्यको समीक्षा र पुस्तकहरूको उपादेयतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पौडेल (२०६७) द्वारा लिखित **भाषिक मूल्याङ्कन** नामक पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा असल परीक्षणका गुण, भाषा परीक्षणका युक्ति र साधनहरू, प्रश्न विश्लेषणका आन्तरिक र बाह्य आधार आदिका बारेमा उल्लेख गरिएको छ । यस पाठ्यपुस्तकमा प्रश्नपत्रको वैधता, विश्वसनीयता, प्रश्नपत्रका प्रकार र प्रश्नपत्र निर्माणको प्रमुख साधन विशिष्टीकरण तालिकाका बारेमा चर्चा गरिएको छ । यसले प्रश्न विश्लेषणका आन्तरिक र बाह्य आधारको अध्ययन र विश्लेषण गर्न सहयोग गर्ने भएकाले शोधकार्यमा यसको उपयोग गरिएको छ ।

पराजुली र अन्य (२०६८) द्वारा लिखित **शैक्षिक मापन तथा मूल्याङ्कन** (दोस्रो संस्क.) पृष्ठ ६१ मा विश्वसनीयताका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा प्रश्नपत्रका प्रकार, प्रश्नपत्रको विश्वसनीयता र वैधता, प्रश्नपत्र निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई समेत समावेश गरिएको छ । जसले गर्दा प्रश्नपत्रलाई विश्वसनीय बनाउन सहयोग गर्ने भएकाले यसको यसको उपयोग गरिएको छ ।

कँडेल (२०७०) द्वारा **मध्यपश्चिमाञ्चलको प्रवेशिका परीक्षा २०७२ मा उपयोग भएका नेपाली विषयको प्रश्नपत्रको विश्लेषण** शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्य प्रवेशिका परीक्षा २०७२ को नेपाली विषयको प्रश्नपत्रका विशेषताहरूको बाह्य आधारमा विश्लेषण गर्नु, प्रवेशिका परीक्षा २०७२ को नेपाली विषयको प्रश्नपत्रका विशेषताहरूको आन्तरिक आधारमा विश्लेषण गर्नु, प्रवेशिका प्रश्नपत्र २०७२ को विशिष्टीकरण तालिका अनुरूप विश्वसनीयता र वैधताका आधारमा विशेषता पत्ता लगाउनु रहेको छ । क्षेत्र अध्ययन र

पुस्तकालयीय विधिको उपयोग गरिएको प्रस्तुत अध्ययन वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक ढाँचामा केन्द्रित रहेको छ । प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भएको, पाठ्यक्रम अनुरूपताका आधारमा उपयुक्त रहेको र उपयुक्त कठिनाइ स्तर भएको भनी निष्कर्ष निकालिएको छ । यस शोधले अध्ययनको उद्देश्य निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

ज.ब.रा. र अन्य (२०७०) द्वारा लिखित **शिक्षामा मापन तथा मूल्याङ्कन** पुस्तक प्रकाशन भएको छ । यसमा प्रमाणीकरण शीर्षक अन्तर्गत प्रश्नहरूको लेखन, प्रश्नपत्रको पुनरावलोकन र सम्पादन, प्रश्नहरूको व्यवस्थापन परीक्षण साधनको पूर्व परीक्षण , परीक्षणको अन्तिम स्वरूपको निर्माण, परीक्षार्थीहरूको लागि निर्देशन आदिको बारेमा विस्तृत रुपमा चर्चा गरेको छ । यस पाठ्पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यको सैद्धान्तिक खण्ड निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपायदेयता रहेको छ ।

चपाई (२०७१) द्वारा **मावि तह (कक्षा १०) र उमावि तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य माध्यमिक तह र उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप भए नभएको पत्ता लगाउनु, माध्यमिक तह र उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्रहरू बिच रहेका समानता र असमानताको विश्लेषण गर्नु, माध्यमिक तह र उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्र निर्माणमा रहेका कमी कमजोरी पत्ता लगाई सुझाव दिनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यस शोधपत्रमा वर्णनात्मक, पुस्तकालयीय र तुलनात्मक विधिको प्रयोग गरिएको र पाठ्यक्रम अनुरूपताका दृष्टिले सबल रहेको उल्लेख गरिएको छ । यसका साथै अङ्क र समय विभाजन, प्रस्तुति अनुक्रम, भाषिक सीपहरूको संयोजन र सन्तुलन जस्ता पक्षहरू केलाई कमी कमजोरीमा आवश्यक सुधारका लागि सुझाव सहित निष्कर्ष निकालिएको छ । यस अध्ययनमा माध्यमिक तह र उच्च माध्यमिक तहको मात्र प्रश्नपत्र सम्बन्धी अध्ययन गरिए तापनि माध्यमिक तहको मात्र प्रश्नपत्रको बारेमा विस्तृत रूपमा खोजी गरिएको छैन । यस शोधपत्रको अध्ययनले यस अध्ययनमा सीमा निर्धारण गर्न सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

बटाला (२०७१) **कक्षा नौको नेपाली विषयको विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रको अध्ययन** शीर्षकमा शोध अध्ययन तयार गरिएको छ । उक्त शोधपत्रमा  कालीकोट जिल्लाका विद्यालयमा प्रयोग गरिएका प्रश्नपत्रको स्वरूपगत अवस्था पहिचान गर्नु, प्रश्नपत्र निर्माणको अवस्था पत्ता लगाउनु र प्रश्नपत्रको विश्वसनीयता र वैधता आँकलन गर्नु यस शोधका प्रमुख उद्देश्यहरू  हुन् । उक्त शोधपत्र अध्ययनको शीर्षकलाई पाँचवटा अध्यायमा विभाजन गरी अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ । शोध अनुसन्धान कार्यलाई व्यवस्थित ढङ्गले आगाडि बढाउनका लागि पूर्व शोधार्थीले विभिन्न शीर्षकमा गरेका शोधपत्रको अध्ययन गरी समीक्षा गर्ने काम गरिएको छ । प्रश्नपत्रलाई प्रश्नपत्रको संरचनागत आधारमा विभिन्न भागमा वर्गीकरण गरिएको छ । बाह्य तथा आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएको छ । शोध अध्ययन कार्यमा पुस्तकालयीय विधि, सोधपुछ विधि, खोज विधि र छलफल विधिको प्रयोग गरिएको छ । विभिन्न समयमा शिक्षकले निर्माण गरेका प्रश्नपत्रहरू विशिष्टीकरण तालिका अनुरूप नरहेको र प्रश्नपत्रमा गुणस्तरीयताको कमी रहेको शोधपत्रको निष्कर्ष रहेको छ । उक्त शोधपत्रले यस अध्ययनको उद्देश्य निर्माण गर्न सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

शर्मा र शर्मा (२०७२) द्वारा लिखित **शैक्षणिक मूल्याङ्कन**  पृष्ठ १६४-१७८ मा परीक्षणमा नभइनहुने विषेताहरू शीर्षक अन्तर्गत वैधताको अर्थ, प्रकार, र असर पार्ने तत्व, पाठ्यपुस्तकमा प्रश्नपत्रको रेकर्ड राख्ने तरिका, मूल्याङ्कनका साधनहरू र औजारहरूका बारेमा विस्तृत चर्चा गरिएको छ । जसले गर्दा असल प्रश्न निर्माण र विश्लेषणमा सहयोग गर्ने भएकाले शोधकार्यमा यसको  उपयोग गरिएको छ ।

थापा (२०७३) द्वारा **कक्षा आठ नेपाली विषयको दैलेख जिल्ला स्तरीय परीक्षा २०७२ को प्रश्नपत्रको विश्लेषण** नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधको उद्देश्यहरू पाठ्यपुस्तकले तोकेको उद्देश्य अनुरूप प्रश्नपत्र निर्माण भए नभएको पहिल्याउनु, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु, आन्तरिक र बाह्य आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । प्रश्नपत्रमा प्रयुक्त भाषा सरल, स्पष्ट र शुद्ध हुनु, विषयवस्तुको सीमा क्षेत्र र प्रश्नपत्रको तालमेल मिलेको, प्रश्नलाई व्यवहारिक बनाउने प्रयास गरिएको, प्रश्नहरुमा पहिचानात्मक र

उत्पादनात्मक प्रकृतिका प्रश्नहरूको बाहुल्यता रहेको निष्कर्ष निकालिएको छ । साथै योजनाबद्ध र चरणबद्ध रूपमा प्रश्न निर्माण गरी मुद्रण, टङ्कनमा विशेष ध्यान दिनुपर्ने, प्रश्न सङ्ख्या र अङ्क विभाजन विशिष्टीकरण तालिका अनुरूप गरिनु पर्ने जस्ता सुझाव दिइएको छ । यस अध्ययनले पृष्ठभूमि निर्माणमा सहयोग गर्ने भएकाले यो शोधको उपयोग गरिएको छ ।

शर्मा र पौडेल (२०७३) द्वारा लिखित **नेपाली भाषा र साहित्य शिक्षण** पृष्ठ २६१-३१२ मा भाषिक मूल्याङ्कनको परिचय र प्रवृत्ती अन्तर्गत भाषिक मूल्याङ्कनको परिचय, प्रकार, परीक्षा र मूल्याङ्कन , साधन तथा प्रचलित युक्ति, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग, प्रश्न निर्माण, प्रश्नका प्रकार, अङ्क मापनका विधि र भाषिक परीक्षणका सन्दर्भमा विषगत प्रश्नहरूको अङ्क मापन आदिको बारेमा विस्तृत रूपमा विश्लेषण गरेको छ । यस पुस्तकमा परीक्षा र मूल्याङ्कनको सम्बन्ध, प्रश्न निर्माणका चरणहरू, प्रश्न लेखन, प्रश्न योजना प्रश्न निर्माणका अभ्यास जस्ता विविध विषयलाई समावेश गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यका लागि प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान दिएको छ । जसले गर्दा सैद्धान्तिक खण्ड निर्माण गर्न, असल प्रश्न निर्माण र विश्लेषण गर्न शोधकार्यमा यसको उपयोग गरिएको छ ।

ढकाल र खतिवडा (२०७३) द्वारा लिखित **नेपाली भाषा र साहित्य शिक्षण** प्रकाशन गरिएको छ । भाषिक मूल्याङ्कनको परिचय, सिद्धान्त, प्रकार, परीक्षा र मूल्याङ्कनको सम्बन्ध परीक्षणका प्रचलित युक्ति, प्रश्नका प्रकार, परीक्षण योजनाको निर्माण र परीक्षण आधारहरूको निर्धारण उल्लेख गरिएको छ जसले गर्दा प्रस्तुत शोध कार्यको सैद्धान्तिक खण्ड निर्माण गर्न सहयोग गर्ने भएकाले शोधकार्यमा यसको उपयोग गरिएको छ ।

भट्टराई (२०७३) द्वारा **कक्षा आठको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको विश्लेषण** शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरू कक्षा आठको २०७२ सालमा तयार गरिएको अनिवार्य नेपाली विषयको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुसार भए नभएको पत्ता लगाउनु, कक्षा आठको २०७२ सालमा तयार गरिएको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको आन्तरिक र बाह्य आधारमा विश्लेषण गर्नु, जिल्ला स्तरीय परीक्षा २०७२ सालमा तयार गरिएको कक्षा आठको अनिवार्य नेपाली विषयका प्रश्नपत्रको कमी कमजोरी पत्ता लगाई सुझाव दिन रहेको छ । तुलनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित शोधमा प्रश्नपत्रमा विधा,

विषयवस्तुको समावेश पाठ्यक्रम अनुरूप समेटिएको छ । प्रश्नपत्रमा प्रस्तुति अनुक्रम, अक्षरको आकार, प्रश्न सङ्ख्या, छपाइ र सफाइ मध्यम स्तरको रहेको, प्रश्नपत्र निर्माणमा गम्भीर खालका नभए पनि सामान्य खालमा त्रुटिहरू प्रशस्त पाइएकाले प्रश्नपत्र निर्माणमा सम्बन्धित पक्ष खासै संवेदनशील नभएको निष्कर्ष निकालिएको छ । यसका साथै प्रश्नपत्र निर्माणमा सम्बन्धित पक्ष संवेदनशील भई बढी विश्वसनीय बनाउनु पर्ने, प्रश्नपत्र निर्माण गर्दा अनुभवी र दक्ष व्यक्तिहरूको प्रतिनिधित्व गराउनु पर्ने जस्ता सुझाव दिइएको छ । यस शोधपत्रको अध्ययनले विश्लेषणमा सहोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

घर्ती (२०७३) द्वारा **मध्यपश्चिमाञ्चलको एस.एस.सी. परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नपत्र** शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा मध्यपश्चिमाञ्चलको एस.एल.सी. परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नपत्रको सङ्कलन गर्नु, प्रश्नपत्रहरू विश्वसनीयता, वैधता र विशिष्टीकरण तालिका अनुरूप भए नभएको निरूपण गर्नु, प्रश्नहरूमा भएका सबल र दुर्बल पक्षहरू केलाई निष्कर्ष र सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोधकार्य तयार पार्दा वा गर्दा वर्णनात्मक, व्याख्या विश्लेषणात्मक र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा मध्यपश्चिमाञ्चलको एस.एल.सी. परीक्षा २०७१ का प्रश्नपत्रको बाह्य तथा आन्तरिक पक्षहरू बिच विश्लेषणात्मक अध्ययन गरिएको छ । बाह्य पक्ष अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप, भाषा आदि र आन्तरिक पक्ष अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुणहरु, भाषा जस्ता पक्षहरूबीच विश्लेषणात्मक ढङ्गले विस्तृत अध्ययन गरी प्रश्नपत्रमा रहेका समस्या समेत पत्ता लगाएर सुधार एंव परिमार्जनका लागि निष्कर्ष र सुझाव समेत प्रस्तुत गरिएको छ । उक्त शोधको अध्ययनबाट यस अध्ययनमा विधि र ढाँचा निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

अधिकारी (२०७४) द्वारा लिखित **निम्न माध्यामिक शिक्षक स्रोत सामग्री** पृष्ठ १८१-१८५ मा परीक्षाका प्रकार दिएको छ । लिखित परीक्षा अन्तर्गत विषयगत र वस्तुगत परीक्षा दिएको छ जसमा प्रश्नका प्रकारको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । जसले गर्दा प्रश्न निर्माणका विषयगत र वस्तुगत प्रश्न निर्माण गर्न सहयोग पुऱ्याउने भएकाले शोधकार्यमा यसको

उपयोग गरिएको छ ।

जैसी (२०७४) द्वारा **कक्षा पाँचको नेपाली विषयको प्रश्नपत्रको विश्लेषण** शीर्षकको शोधकार्य गरिएको छ । यस शोधपत्रमा प्रश्न विश्लेषणका बाह्य र अन्तरिक आधारमा विश्लेषण गरी प्रश्नपत्रमा रहेका कमी कमजोरीहरु पत्ता लगाई सुधारका उपायहरू पेश गर्नु जस्ता उद्देश्य रहेका छन् । गुणात्मक र परिमाणात्मक गरी मिश्रित ढाँचाको उपयोग गरिएको यस शोधपत्रमा वर्णनात्मक, विश्लेषणत्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको उपयोग गरी पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । प्रश्नपत्रमा बाह्य आधारमा भाषा उपयुक्त रहेको, सरलदेखि जटिलताको क्रममा प्रश्नहरू मिलान गरिएको, कागतको स्तर कमसल खालको प्रयोग गरी अक्षराकार स्तरयुक्त नभएको उल्लेख गरिएको छ । आन्तरिक आधारमा विश्लेषण गर्दा दल्ली स्रोतकेन्द्रले पाठ्यक्रमभन्दा बाहिर रहेर ६० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरेको, नमुना प्रश्नपत्रहरूले पढाइ, लेखाइ र व्याकरण सँग सम्बन्धित प्रश्नहरू निर्माण गरी भाषिक पक्षहरुको संयोजन र सन्तुलन मिलानमा सचेतता अपनाइएको, छुटफुट भाषिक त्रुटि भएतापनि समग्रमा प्रश्नपत्रको भाषिक पक्ष सबल नै रहेको निष्कर्ष निकालिएको छ । प्रश्नपत्रमा शीर्षक निर्देशन नदिइनु, अक्षर अस्पष्ट हुनु, मिश्रित वर्ण विन्यास प्रयोग गरिनु, कागतको आकार कमसल हुनु, शब्द भण्डारमा धेरै अङ्क वितरण गरिनु, अक्षराकारमा सानो हुनु र प्रश्नपत्रमा निर्णायक प्रश्न समावेश नहुनु जस्ता कमजोरीहरू देखाइ प्रश्नपत्रमा भएका कमी कमजोरी हटाउनका लागि तालिम प्राप्त व्यक्तिबाट प्रश्नपत्र निर्माण गरिनु पर्ने, विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र निर्माण गरिनु पर्ने, भाषिक त्रुटि र वर्ण विन्यासमा विशेष विचार पुऱ्याउनु पर्ने जस्ता सुझाव दिइएको छ । यस शोधपत्रको अध्ययनले विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययन विषय क्षेत्र अनुसार उद्देश्यमूलक ढङ्गले सम्बन्धित विषयको सैद्धान्तिक अवधारणालाई निम्नानुसार उल्लेख गरिएको छ :

### २.२.१ मूल्याङ्कनको परिचय

सामान्यतया कुनै पनि वस्तुको मूल्य निर्धारण गर्ने कार्यलाई मूल्याङकन भनिन्छ । 'मूल्याङ्कन' शब्द मूल्य + अङ्कन मिली बनेको छ । "जसको अर्थ कुनै पनि कार्यको सङ्ख्या वा अङ्कद्वारा मूल्य निर्धारण गर्नु भन्ने बुझिन्छ । अर्को शब्दमा कुनै वस्तु वा घटनालाई कुनै मापदण्डसँग लेखाजोखा गरेर उचित निर्णयमा पुग्ने पक्रियालाई मुल्याङकन भनिन्छ (भट्टराई, २०६४ : २६)।" मूल्याङकनले कुनै कार्यक्रममा देखिएका सबल र दुर्बल पक्षहरुको लेखाजोखा गरी पत्ता लगाइएका कमी कमजोरी सुधार गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । तसर्थ, शैक्षिक कार्यक्रममा संलग्न विद्यार्थीहरूको कार्यदक्षता र व्यवहारहरूको लेखाजोखा गरी प्राप्त भएका सूचनाहरू शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन उपयोग गर्ने पक्रिया मूल्याङ्कन हो । मूल्याङ्कनले अपेक्षित उपलब्धि र वास्तविक उपलब्धिको बीचमा तुलना गर्न सहज बनाउँछ र भविष्यमा प्रभावकारी कार्यक्रम तर्जुमा गर्न सघाउ पुऱ्याउँछ । मूल्याङ्कनको अभावमा अपेक्षित उद्देश्यहरू प्राप्त भए वा भएनन ? यदि प्राप्त भए भने के कति मात्रामा प्राप्त भए ? यदि प्राप्त भएनन् भने कुन कुन उद्देश्यहरू प्राप्त हुन सकेनन् ? यी विविध प्रश्नहरूको जवाफ थाहा पाउन सकिँदैन । त्यसैले शैक्षिक कार्यक्रमका कमी कमजोरी पत्ता लगार्य समयमै सुधार गर्न मूल्याङ्कनको आवश्यकता पर्दछ (निउरे, २०७० : १३९) । तसर्थ मूल्याङ्कनलाई केवल विद्यार्थी मूल्याङ्कमा सीमित गर्न सकिदैन । यसले पाठ्यक्रम मूल्याङ्कन, कार्यक्रम मूल्याङ्कन, शिक्षक मूल्याङ्कन, शैक्षणिक सामग्रीको मूल्याङ्कन समेतलाई प्रतिनिधित्व गर्दछ ।

### २.२.२ मूल्याङ्कनको परिभाषा

कुनै पनि वस्तुको मूल्य  अङकन गर्ने, लेखाजोखा गर्ने अर्थात मूल्य निर्धारण गर्ने प्रक्रिया नै मूल्याङकन हो । मूल्याङकन जीवनको अभिन्न अङ्ग हो । हरेक व्याक्तिले कार्य  गर्ने  क्रममा विभिन्न निर्णय लिनु पर्दछ । सही निर्णय लिनको लागि सूचना तथा जानकारी सङ्कलन कार्य प्राप्त, उपयुक्त र सान्दर्भिक  हुनु पर्दछ । यी सङ्कलन गरिएका सूचना तथा जानकारीहरू

उपयुक्त, गुणस्तरयुक्त, उद्देश्यमूलक छन वा छैनन् भन्ने कुराको निर्धारण मूल्याङकनद्वारा नै हुन्छ । तसर्थ मूल्याङकनलाई विभिन्न विद्वानहरूले विविध तरिकाले परिभाषित गरेको पाइन्छ । उक्त परिभाषलाई निम्नानुसार उल्लेख गरिएको छ :

१.ग्रोनलन्डका अनुसार, “विद्यार्थीहरूले के कति मात्रामा शैक्षिक उद्देश्यहरू प्राप्त गरेका छन् सो कुराको सुनिश्चित गर्ने प्रक्रियालाई मूल्याङकनको रूपमा परिभाषित गर्न सकिन्छ ।”

–(निउरे, २०७० : १६९)

२.स्टफलविमका अनुसार, “निर्णयका विकल्पहरूको लेखाजोखा गर्न उपयोगी हुने सूचनाहरूको व्याख्या, प्राप्त र प्रदान गर्ने प्रक्रियालाई मूल्याङकन  भनिन्छ । ”

–(ऐ, २०७० : १६९ )

३.क्रोनव्याचका अनुसार, “कुनै शैक्षिक कार्यक्रमहरूबारे निर्णय लिनका लागि तथ्याङ्क तथा जानकारी संङ्कलन गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ ।”

–(भट्टराई, २०६४ : २८ )

४.मूर्री प्रिन्टका अनुसार , “मूल्याङ्कनलाई तोकिएको समयमा सिकाइ हासिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित रूपमा विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन् ।”

–(खनाल र अन्य, २०७४ : ४

५. विलीका अनुसार,  “मूल्याङ्कन भनेको तथ्याङ्क सङ्ग्रह गर्नु र विद्यार्थीको शैक्षिक कार्यक्रमको आधारमा उसको व्यवहार निश्चित गर्नु हो ।”

–(ज.ब.रा. र अन्य, २०७० : १३)

६. टायलरका अनुसार,  “वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलाई कुन हदसम्म प्राप्त गर्न सकीयो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो ।” –(शर्मा र शर्मा, २०७२ : २१)

माथि उल्लेखित परिभाषाका आधारमा मूल्याङ्कनको विश्लेषण गर्दा मूल्याङ्कले शैक्षिक कार्यक्रमको सिलसिलामा देखिएका सबल र दुर्बल पक्षहरूको पहिचान गर्दै सम्बन्धित कार्यक्रममा रहेका राम्रा कुरालाई निरन्तरता दिन र नराम्रा कुरालाई समयमै सुधार गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । सँगसँगै कार्यक्रम कार्यन्वयनको क्रममा शिक्षक, विद्यार्थी लगायतका प्रशासनिक कर्मचारीहरूमा देखिएका कमी कमजोरी पत्ता लगाई यस्ता कमजोरीलाई समयमै सुधार गर्नको लागि मूल्याङ्कनले सहयोग पुचाउँछ । यसका अलवा विद्यार्थीको लागि तयार गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामाग्रीहरूको उपयुतक्ता लेखाजोखा गरी देखिएका कमीकमजोरीहरू सुधार गराउनको लागि आवश्यक सुझावहरू उपलब्ध गराउँदै व्यवहारिक, सान्दर्भिक र उपयोगी शैक्षिक सामग्री निर्माण गर्न मद्दत गर्दछ ।

### २.२.३ परीक्षा र मूल्याङ्कन

सामान्यतया परीक्षा र मूल्याङ्नलाई समानार्थी शब्दकै रूपमा हेर्ने गरिए तापनि यी दुई बिच स्पष्ट भिन्नता छ । तथापि यी दुई बिच घनिष्ट सम्बन्ध पनि छ । परीक्षाले निश्चित समयमा विद्यार्थीले प्राप्त गरेको शैक्षक उपलब्धि मापन गदर्छ । परीक्षा विद्यार्थीको उपलब्धि परीक्षण गर्ने साधनको रूपमा सञ्चालन गरिन्छ । मूल्याङ्कन व्यापक प्रक्रिया हो भने परीक्षा यसको एउटा महत्वपूर्ण साधन हो । परीक्षाबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यार्थीको मूल्याङ्कन गरिन्छ । यसप्रकार परीक्षाको सञ्चालन मूल्याङ्कनकै लागि गरिन आवश्यक छ । परीक्षा एक प्रकारको मापन भएकाले परीक्षाबाट प्राप्त जानकारीहरूको विश्लेषण र व्याख्या गरी शिक्षण सिकाइका लागि पृष्ठपोषण प्रदान गर्नु र विद्यार्थीको स्तर निर्धारण गर्नुपर्दछ । यसरी मूल्याङ्कन निन्तर सञ्चानलन हुने प्रक्रिया हो भने परीक्षा सामयिक हुन्छ (वाग्ले र पौडेल, २०६९ : १४८) । त्यसैले परीक्षा पूर्ण कार्य होइन । परीक्षा सीमित र खास समयान्तरमा सञ्चालन हुन्छ भने मूल्याङ्कन निरन्तर चलिरहन्छ । मूलतः परीक्षण शिक्षण क्रियाकलाप र उद्देश्य प्राप्तिसँग सम्बन्ध राखी विषयवस्तु र ज्ञानको मात्र जाँच्न प्रयोग हुने गर्दछ भने मूल्याङ्कन सम्पूर्ण शैक्षिक गतिविधि , पाठ्यक्रम ,पाठ्यपुस्तक, शिक्षण विधि, शिक्षक, विद्यार्थी लगानी र उत्पादन जस्ता पक्षको सम्पूर्ण लेखाजोखा गर्ने कार्य हो । परीक्षा सीमित साधन र निश्चित परिधिमा अधारित हुन्छ भने मूल्याङ्कन विभिन्न साधन र व्यापक परिधिमा अधारित हुन्छ ।

## २.२.४ भाषिक मूल्याङ्कन र परीक्षा

पाठ्यक्रमले राखेका उद्देश्य के कति मात्रामा प्राप्त भए भएनन् भनेर गरिने लेखाजोखालाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन शिक्षणको अभिन्न अङ्ग हो । भाषा विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङकन भनिन्छ । भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँग जोडिएको हुन्छ । भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण भएकाले भाषिक मूल्याङ्कन पनि भाषिक सीपका अपेक्षासितै शिक्षणको अभिन्न प्रक्रिया बनेको हुन्छ । सीपगत अपेक्षासित सान्दर्भिक हुने भाषातात्त्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्ग बाहेक यो मूलतः भाषाका ग्रहण (सुनाइ, पढाइ,) र अभिव्यक्ति (बोलाइ, लेखाइ) पक्षसँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित हुन्छ (शर्मा र पौडेल, २०७३ : २६१) । त्यसैले सीपहरूको मापनलाई मूल लक्ष्य बनाएर गरिने मूल्याङ्कन भाषिक मूल्याङ्कन हो । यसको मूल उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमता र स्तर आँकलन गर्नु मात्र नभई शिक्षण सिकाइ प्रक्रियाको प्रभाकारीता जाँच्नु, पाठयांशका सरल र जटिल अंश छुट्टयाउनु, शिक्षण सामग्रीहरूको प्रभावकारीता परीक्षण गर्नु तथा भाषा सिकाइका कठिनाइ र समस्या क्षेत्र पत्ता लगाई निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुचाउनु रहेको छ ।

भाषिक मूल्याङ्कनको उपयोगिता सम्बन्धित शिक्षक र विद्यार्थीका लागि मात्र नभएर भाषा पाठ्यक्रम निर्माता, भाषाविज्ञ तथा शिक्षाविद्हरूका लागि पनि उत्तिकै उपयोगी रहेको छ । भाषिक मूल्याङ्कनले नै भाषा पाठ्यक्रमको प्रभाकारीता लेखाजोखा गर्न मद्दत पुचाउँछ । भाषिक सीप र भाषा तात्त्विक पक्षका सरलता, जटिलता, सान्दर्भिकता र प्रयोजनपरकताका बारेमा निर्णय लिने आधार पनि भाषिक मूल्याङ्कनले नै प्रदान गर्दछ । साथै पाठ्यांश, शिक्षण विधि र शिक्षण साधन विद्यार्थीका रुचि प्रवृत्ति, क्षमता र स्तर अनुकूल भए नभएको सम्बन्धमा यथेष्ट सूचना दिइरहेको हुन्छ (ऐ, २०७३ : २६२) । तसर्थ, यसले जटिल भाषिक समस्याको गम्भीर रूपमा लेखाजोखा गरी पाठ्यक्रम निर्माता, भाषाविज्ञ र शिक्षाविद्हरूलाई आ-आफ्ना क्षेत्रमा आवश्यक परिवर्तन, सुधार र परिमार्जन गर्ने आधार भाषिक मूल्याङ्कनले प्रदान गर्दछ ।

### २.२.५ भाषिक मूल्याङ्कनको प्रकृति

भाषा शिक्षण सिकाइ क्रियाकलाप पछि त्यसको मूल्याङ्कन गरिनु आवश्यक छ । मूल्याङ्कनको अभावमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, विद्यार्थीको स्तर, क्षमता आदि जस्ता कुरा अन्योलपूर्ण बन्न पुग्छ । भाषिक मूल्याङ्कनले भाषिक  सीपहरूको परीक्षण गर्ने हुँदा यस्ता भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण पश्चात मूल्याङ्कन गरिनु पर्दछ । प्राथमिक तहका विद्यार्थीहरूमा भाषाको विकास राम्ररी भई नसक्ने हुँदा सुनाइ र बोलाइ सीपको मूल्याङ्कन तथा विकास गर्ने पक्षमा पाठ्यक्रम केन्द्रित भएको हुन्छ भने माथिल्लो तहमा भाषाको विकास क्रमश बढ्दै जाने हुनाले सुनाइ र बोलाइ भन्दा पढाइ र लेखाइ सीपको परीक्षणमा पाठ्यक्रम केन्द्रित रहेको हुन्छ । माथिल्लो तहको लागि आवश्यकता हेरी भाषिक सीपको परीक्षण सैद्धान्तिकतर्फ अभिमुख हुन्छ । मूल्याङ्कन पश्चात सफलता प्राप्त गर्ने विद्यार्थीहरूमा थप हौसला बढ्ने र असफल हुनेहरूमा पनि सचेत भएर अगाडि बढ्ने मौका मिल्ने हुनाले भाषा शिक्षणका क्रममा मूल्याङ्कनलाई अभिन्न प्रक्रियाका रूपमा स्विकारिन्छ ( ढकाल र खतिवडा, २०७३ : २७९) । त्यसैले भाषिक सीपको विकास गर्न भाषा शिक्षणमा मूल्याङ्कनलाई निरन्तर पक्रियाका रूपमा लिइन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा चर्चा गर्नु पर्दा भाषिक परीक्षणका प्रचलित  प्रकृति माथि क्रमशः चर्चा गरिएको छ :

#### (क) पृथकीकृत र एकीकृत परीक्षण

भाषाका चार ओटै सीपहरूको परीक्षण गर्ने वा हरेक सीपको फरक-फरक परीक्षण गर्ने प्रक्रियाका आधारमा वर्गीकरण गरिएका परीक्षण एकीकृत र पृथकीकृत हुन्छन् । भाषाका भाषातत्व (व्याकरण) का सैद्धान्तिक धारणाहरूलाई छुट्टाछुट्टै परीक्षण गर्नुलाई पृथकीकृत परीक्षण भनिएको हो । "यसमा वर्ण विन्यास, विराम चिह्न, वाक्यतत्व, वाक्य गठन, शब्दवर्ग, शब्द भण्डारका प्रत्येक पक्षलाई एक एक गरी परीक्षण गर्न सकिन्छ । त्यसैले  एकपल्टमा एउटा कुराको मात्र  परीक्षण हुने मूल्याङ्कनलाई पृथकीकृत परीक्षण  भनिन्छ (अधिकारी, २०६७ : १९३) ।" त्यसैले यस किसिमको परीक्षण बढी वस्तुगत हुन सक्छ तर भाषाका पाठ्यवस्तुहरू यस किसिमका  हुँदैनन् ।

एकीकृत मूल्याङ्कनलाई समग्रताबद्ध वा बहुपक्षीय मूल्याङ्कन पनि भनिन्छ । यस किसिमको मूल्याङ्कनले भाषामा निहित विभिन्न पक्षहरूको एकैसाथ मूल्याङ्कन गर्दछ । नेपाली भाषाका पाठ्यक्रमा समावेश गरिएका बुँदा टिपोट, सारांश, संक्षेपीकरण र बोधका साथै अनुच्छेद लेखन, टिप्पणी लेखन, चिठी लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, दैनिकी लेखन जस्ता प्रत्येक सीपको परीक्षणमा एकीकृत पद्धति अँगाल्नु पर्ने हुन्छ । यस्तै संवादात्मक, विवादात्मक, मनोवादात्मक, आदि मौखिक अभिव्यक्तिको पनि एकीकृत परीक्षण आवश्यक हुन्छ ( ऐ, २०६७ : १९६) । त्यसैले यसले बोध र अभिव्यक्तिगत क्षमताको एकैपटक मूल्याङ्कन गरेमा मात्र भाषा शिक्षणको औचित्य पूरा गर्ने भएकाले यस किसिमको मूल्याङ्कन उपयुक्त मानिन्छ ।

### (ख) विषयगत र वस्तुगत परीक्षण

विषयगत परीक्षणलाई उत्पादनात्मक परीक्षण पनि भनिन्छ । मूल्याङ्कनका सन्दर्भमा केही प्रश्न यस्ता पनि समाविष्ट हुन्छन् जसको उत्तर परीक्षार्थीले आफ्नै भाषामा लेखेर दिनु पर्ने हुन्छ । “भाषा शिक्षणका क्रममा विद्यार्थीहरूको भाषिक ज्ञान, सीप, धारणामा भएको विकास तथा भाषाको उत्पादनात्मक क्षमताको मापन गर्न प्रयोग गरिने मूल्याङ्कनलाई विषयगत परीक्षण भनिन्छ (ढकाल र खतिवडा, २०७३ : २८७) ।” यस्तो परीक्षण ले विद्यार्थीको सिर्जनात्मक र मौलिक जस्ता कुराको परीक्षण गर्दछ ।  विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् । सङ्क्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रश्नहरू उत्पादनात्मक खालका हुन्छन् तर यी प्रश्नहरू पनि स्मरणलाई जोड दिने खालका भए भने उत्पादनात्मक हुन सक्दैनन् ।

वस्तुगत परीक्षणलाई पहिचानात्मक परीक्षण पनि भन्न सकिन्छ । दिइएका उत्तरहरू मध्येबाट पहिचान गरी उत्तर दिन सकिने खालका प्रश्नहरू वस्तुगत परीक्षणमा समावेश गरिएको हुन्छ । “भाषिक ज्ञान, सीप र धारणको पहिचा गर्ने प्रकृतिको मूल्याङ्कनलाई वस्तुगत वा पहिचानात्मक परीक्षण भनिन्छ (ऐ, २०७३ : २८७) ।” यसले भाषाका साना-साना र गहन पक्षको पहिचानमा जोड दिन्छ । यस्तो मूल्याङ्कनको माध्यम मौखिक र लिखित दुबै हुन सक्छन् । मूलतः सैद्धान्तिक धारणाको बोध र ज्ञान क्षेत्रसँग सम्बन्धित प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् ।  वस्तुगत परीक्षणमा  (बहु वैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने) प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् ।

(ग) निर्माणात्मक र निर्णयात्मक परीक्षण

विद्यार्थीका भाषा सिकाइ सम्बन्धी प्रक्रिया र कार्यकलापहरूको सञ्चालन र अभ्यासका क्रममा देखा पर्ने समस्या, कठिनाइ र असमञ्जसताहरूलाई तत्कालै निदान गरी सुधार गर्न र लक्षित उपलब्धिमा पुऱ्याउन निर्माणात्मक मूल्याङ्कनको भूमिका रहन्छ । "शिक्षण प्रक्रियाका क्रममा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा गरी आवश्यकताअनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुवैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक परीक्षण भनिन्छ (पराजुली र अन्य, २०६८ : ३७) ।" त्यसैले निर्माणात्मक परीक्षणले विद्यार्थीलाई दिने पृष्ठपोषणले सफल सिकाइका लागि सकरात्मक पुनर्बल प्राप्त गर्दछ भने सिक्न नसकेका वा त्रुटि भएका ठाउँमा सुधार गर्न मद्दत गर्दछ ।

निर्णयात्मक मूल्याङ्कनलाई सुधारात्मक मूल्याङ्क पनि भनिन्छ । यसको मुख्य उद्देश्य कार्यक्रम सुधारका लागि आवश्यक सूचना प्रदान गर्नु हो । "कुनै खास स्तरका विद्यार्थीहरूले के कति भाषिक ज्ञान, सीप र धारणा विकास गर्न सक्षम भए भन्ने कुराको निर्धारण गर्ने मूल्याङ्कनलाई निर्णयात्मक परीक्षण भनिन्छ (ढकाल र खतिवडा, २०७३ : २८७) ।" यो मूल्याङ्कन सामान्यतः कक्षाको अन्तमा औपचारिक रूपमा गरिने परीक्षण हो । यस्तो मूल्याङ्कनले विद्यार्थीको भाषा सिकाइलाई खासै पृष्ठपोषण नदिए पनि विविध शैक्षणिक, व्यावसायिक वा प्रमाणीकरण सम्बन्धी प्रयोजनका लागि एक अनिवार्य वा आधिकारिक मूल्याङ्कनका रूपमा यसलाई अपनाइएको पाइन्छ ।

(घ) औपचारिक र अनौपचारिक परीक्षण

भाषिक परीक्षण विकासात्मक, निर्माणात्मक खालको नभई निर्णयात्मक खालको  हुने औपचारिक परीक्षण हो । "कुनै निश्चित समयको योजनामा आधारित भई लिइने पूर्व निर्धारित मूल्याङ्कनलाई औपचारिक मूल्याङ्कन भनिन्छ (शर्मा र पौडेल, २०७३ : २७३) ।" यसले विद्यार्थीको भाषिक क्षमताको निर्धारण गर्दछ । यो मूल्याङ्कन पूर्व निर्धारित योजनामा आधारित हुन्छ । कुनै खास कक्षाको सुरू, मध्य र अन्त्यमा गरिने वा वर्षका अन्त्यमा मात्र गरिने मूल्याङ्कन नै औपचारिक परिक्षण हो ।

भाषा शिक्षणका क्रममा भाषाका विभिन्न सीप र पक्षहरूको मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यस्ता कतिपय सीप र पक्षको मूल्याङ्कन एकै पटक निर्दिष्ट समयमा मात्र गरेर पुग्दैन । “पूर्व निर्धारित नबनाई र विद्यार्थीलाई समेत थाहा नदिई भाषा शिक्षणका क्रममा भाषिक क्षमतामा सुधार गर्न पृष्ठपोषण प्रदान गर्न गरिने मूल्याङ्कनलाई अनौपचारिक परीक्षण भनिन्छ (ढकाल र खतिवडा, २०७३ : २८८) ।” त्यसैले  भाषाको विविध सीप पक्षहरुको परीक्षण निर्धारित समयमा गरेर अधुरो अपुरो रहने भएकाले निरन्तर लेखाजोखा गरी अभिलेख राख्ने कार्य अनौपचारिक मूल्याङ्कनमा गरिन्छ ।

### २.२.६ परीक्षणका प्रचलित युक्तिहरू

भाषिक मूल्याङ्कन भाषा शिक्षणसँग गाँसिएको हुन्छ । यसले भाषाका सीपपरक अपेक्षाहरूसँग अन्तर सम्बन्धित भएर भाषा शिक्षणमा अग्रगामी भूमिका खेलको हुन्छ । यसका प्रकृति, प्रवृत्ति तथा अपेक्षाहरू अन्य विषय शिक्षणका मूल्याङ्कनभन्दा भिन्न किसिमका हुन्छन् । मूल्याङ्कनका साधन र उपाय उनै भएर पनि तिनको प्रयोग प्रकृति र बनोट प्रकृतिमा भाषिक मूल्याङ्कनका दृष्टिले भिन्न रहनु स्वभाविक पनि हो । भाषिक मूल्याङ्कनका साधन भनेका मूलतः परीक्षणका विभिन्न उपाय, युक्ति वा तरिकाहरू हुन् । परीक्षणणीय उद्देश्य र प्रयोजन अनुसार विभिन्न किसिमका परीक्षण युक्तिहरू प्रयोगमा ल्याइएका पाइन्छन् (पूर्ववत, २०७३ : २८२) । ती विभिन्न युक्ति, उपाय वा साधनहरूलाई मुख्यतः स्तरयुक्त परीक्षण र शिक्षक निर्मित परीक्षण गरी दुई वर्गमा राखेर हेर्न सकिन्छ । जसको चर्चा निम्नानुसार तल गरिएको छ :

#### (क) स्तरयुक्त परीक्षा

यो एउटा पूर्व घोषित युक्ति वा परीक्षा हो । यो परीक्षा विद्यालय बाहिरका  विभिन्न विषयविज्ञ, भाषाविज्ञ, शिक्षाविद् तथा मूल्याङ्कन विद्हरू मिलेर सचेततापूर्ण प्रयास र विविध वैज्ञानिक प्रविधिहरु अपनाएर यस प्रकारको परीक्षाको तयारी गरिएको हुन्छ । कुनै खास स्तर वा कक्षाका लागि राष्ट्रिय, क्षेत्रीय, अञ्चल स्तरीय वा जिल्ला स्तरीय मानकमा आधारित बनाएर यस प्रकारको भाषा परीक्षणको योजना तय गरिएको हुन्छ । परीक्षा सञ्चालन प्रक्रिया, मापन प्रक्रिया, अङ्कन प्रक्रिया आदि सबै पूर्व निर्धारित गरिएका हुन्छन् । विद्यार्थीका भाषिक उपलब्धि,

अभिरुचि, योग्यता अथवा क्षमता (सामर्थ्य) आदि खास परीक्षणीय क्षेत्रहरू सुनिश्चित गरेर यस प्रकारको परीक्षणको आयोजना गरिएको हुन्छ (पौडेल, २०६७ : ३३) । स्तरयुक्त परीक्षाका लागि प्रश्नहरू समान स्तरका विभिन्न समूहमा पूर्व परीक्षण गरिन्छ । प्रश्नहरू उच्च कोटिको बनाउन व्यापक सुधार र परिमार्जन गरिन्छ ।

**(ख) शिक्षक निर्मित परीक्षा**

शिक्षक निर्मित परीक्षा समान्यतया उपलब्धि परीक्षण हो । यसलाई शिक्षकले विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्नका लागि तयार गर्दछन् । यो स्तरयुक्त परीक्षा जस्तो पूर्व घोषित नभई विषय शिक्षणका क्रममा कक्षाको आवश्यकता अनुसार शिक्षकहरूद्वारा निर्माण गरिने परीक्षण हो । "विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न शिक्षकले आफै प्रश्नपत्र निर्माण गरी विद्यार्थीहरूको शैक्षिक उपलब्धिको लेखाजोखा गर्न तयार पारिएको परीक्षा नै शिक्षक निर्मित परीक्षा हो । (शर्मा र पौडेल, २०७३ : २८३) ।" त्यसैले शिक्षक निर्मित परीक्षा निर्णयात्मक प्रकृतिको नभई अभ्यासात्मक प्रकृतिको हुने हुँदा यो विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्नुका साथै शिक्षक स्वयम्को आत्म मूल्याङ्कन गर्न, शिक्षण क्रियाकलापमा सुधार गर्न समेत प्रयोग गरिन्छ ।

## २.२.७ परीक्षणका अन्य युक्ति

माथि उल्लेखित प्रमुख दुई युक्तिभित्र भाषा परीक्षणका विभिन्न युक्ति र उपायहरू अन्तर्निहित रहेका हुन्छन् र तिनैलाई भाषा परीक्षणका साधन भनिन्छ । ती साधनहरूलाई मुख्यतः मौखिक, लिखित र प्रयोगात्मक गरी तनी वर्गमा विभाजन गर्न सकिन्छ (पौडेल, २०६७ : ३४) । जसको चर्चा निम्नानुसार तल गरिएको छ :

**(क) मौखिक परीक्षा**

भाषिक मूल्याङ्कनका लागि मौखिक परीक्षा अत्यावश्यक साधन हो । यस्तो साधन वा उपायबाट मौखिक अभिव्यक्ति सीप र तत्समबन्धी पक्ष तथा सस्वर पठन सीपको परीक्षण गर्न सकिन्छ । भाषा शिक्षणका सन्दर्भमा विभिन्न किसिमका मौखिक प्रश्न तथा अन्तरवार्ता जस्ता

साधन र प्रक्रियाहरूको उपयोग गरेर गरिने परीक्षणलाई मौखिक परीक्षा भनिन्छ । त्यसबाहेक विभिन्न तहका विद्यार्थीहरूका वाक्य गठन क्षमता, शब्द प्रयोग क्षमता, रूपान्तरणात्मक क्षमता, सश्लेषणात्मक क्षमता, विश्लेषणात्मक क्षमता, मौखिक वर्णन क्षमता, सस्वर पठन क्षमता, लयात्मक क्षमता, उच्चारण क्षमता तथा बोलाइको प्रभावकारिता, स्वाभाविकता, सान्दर्भिकता एवम् प्रयुक्तिगत उपयुक्तता जस्ता सीप सन्दर्भहरूको जाँच गर्न मौखिक परीक्षा प्रभावकारी साधन मानिन्छ (ऐ, २०६७:३४) । मूलतः मौखिक परीक्षाबाट सुनाइ र बोलाइ जस्ता सीपसँग सम्बन्धित कुराहरूको मूल्याङ्कन गरिन्छ । त्यसैले भाषिक अभिव्यक्ति क्षमताको मूल्याङ्कन मौखिक परीक्षाबाट हुन्छ । मौखिक परीक्षालाई हरेक कक्षा कार्यकलापसँग समन्वित गरेर उपयोग गर्न सकेमा भाषा शिक्षण सिकाइमा अग्रगति दिन सकिन्छ ।

**(ख) लिखित परीक्षा**

विद्यार्थीहरूलाई प्रश्नपत्र दिएर लिखित रूपमा उत्तर आउने गरी सञ्चालन गरिने मूल्याङ्कनको साधनलाई लिखित परीक्षा भनिन्छ । "लिखित परीक्षामा लिखित प्रश्नहरू सोधिन्छ र विद्यार्थीहरूको लिखित रूपमा त्यसको उत्तर दिनुपर्ने हुन्छ । भाषाको लिखित अभिव्यक्ति सीप र त्यसको विभिन्न पक्षको परीक्षणका लागि लिखित परीक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । पठनबोध, भावार्थ लेखन, सारांश लेखन, भाषातत्व आदिको मूल्याङ्कनका लागि लिखित परीक्षा अपनाइन्छ (ओझा, २०७३ : ६१) ।" लिखित परीक्षा पनि लामो उत्तर आउने, छोटो उत्तर आउने तथा वस्तुगत रूपमा उत्तर आउने खालका हुन्छन् । त्यसैले भाषिक मूल्याङ्कनका क्रममा लिखित अभिव्यक्ति सीप तथा तत्सम्बन्धी पक्षहरूको परीक्षणका लागि लिखित परीक्षालाई एक अपरिहार्य युक्ति वा साधनका रूपमा प्रयोग गरिएको पाइन्छ ।

**(ग) प्रयोगात्मक परीक्षा**

विद्यार्थीहरूका सीपगत व्यवहारको अवलोकन वा पर्यवेक्षण गरेर सम्पादन गरिने परीक्षणलाई प्रयोगात्मक परीक्षा भनिन्छ । विद्यायार्थीमा भाषिक सामार्थ्य पर्याप्त मात्रामा भए पनि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने कुशलताको प्रासङ्गिक सम्पादन कलामा ऊ कमजोर हुन सक्छ । आफूमा भएको भाषिक सामार्थ्यको कारणले कुनै व्याक्तिले लेखन कलामा निपुणता प्रदर्शन गर्दैमा उसमा

श्रवण, पठन र वक्तृत्व कलाको पनि निपुणता छ भनी ठम्याउनु गलत हो । सुनाइको एकाग्रता, विभेदकारिता र आंशिकता, बोलाइको हाउभाउपूर्ण चेष्टा, स्वर प्रसारण र प्रासङ्गिकता, सस्वर पढाइ वा वाचनको आरोह, अवरोह, गति, यति, लय, उच्चारण र श्रोताप्रतिको सचेष्टता तथा लेखाइका विविध गतिविधि र प्राविधिक क्षमताको दक्षताको जाँच प्रयोगात्मक क्षमताबाटै सम्भव हुन्छ ( शर्मा र पौडेल, २०७३ : २८५) । यस बाहेक उच्चारणगत शुद्धता र स्पष्टताको परीक्षण गर्नमा पनि प्रयोगात्मक परीक्षाकै सशक्त आवश्यकता पर्छ । प्रयोगात्मक परीक्षणको युक्ति अवलोकनलाई मानी जाँचसूची र श्रेणीमापन जस्ता साधनको प्रयोग गरिएको पाइन्छ । नेपाली विषयको मूल्याङ्कनमा यो साधनलाई २०७१ सालबाट २५ प्रतिशत प्रयोग गरिएको देखिन्छ । त्यसैले यो विधि प्रयोगमा ल्याउन अत्यन्त आवश्यक देखिन्छ ।

### २.२.८ भाषिक परीक्षण योजना  निर्माण

भाषिक परीक्षण योजनाले परीक्षणमा आवश्यक पर्ने प्रश्नहरू योजनाबद्ध तरिकाले निर्माण गर्न सहयोग पुचाउने भएकाले यसको महत्व देखिन्छ । योजना बिना कुनै कामले पनि सार्थक रूप हासिल गर्न सक्दैन । यस्तै परीक्षणले पनि एक निश्चित योजना बिना सार्थक रूप हासिल गर्न सक्दैन । योजनाबद्ध रूपमा सञ्चालन गरेको कार्य सार्थक हुन्छ । विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्ने कार्यलाई व्यवस्थित बनाउन, परीक्षणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउनु पर्छ । “परीक्षण योजना बनाउदा कुन समयमा के कस्ता विषय वस्तु वा भाषाका पक्षहरूको कुन कुन उद्देश्य प्राप्तिका लागि लिने, प्रश्न के कस्ता प्रकृतिका र कति सोध्ने, परीक्षा कसरी सञ्चालन गर्ने, परीक्षाको अङ्कन कसरी गर्ने जस्ता सबै कुराका बारेमा गरिने पूर्व चिन्तनलाई परीक्षणको योजना निर्माण भनिन्छ (ढकाल र खतिवडा, २०७३ : २९७) ।” त्यसैले विद्यार्थीको उपलब्धि सम्बन्धी वैधे, विश्वसनीय, र उपयोगी सूचनाहरू प्राप्त गर्न योजनाबद्ध ढङ्गले परीक्षण निर्माण गर्नु पर्दछ । त्यसैले  भाषिक परीक्षणका योजनामा देहाएका उपायहरु अपनाउनु पर्दछ । जसको चर्चा निम्नानुसार तल गरिएको छ :

#### (क) पाठ्यक्रम विश्लेषण

पाठ्यक्रम परीक्षण योजनाको मूल आधार हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूको प्राप्ति

भाषिक मूल्याङ्कनमा परीक्षण गर्ने गरिन्छ । कहिले, किन, कसरी, के, कति ? शिक्षण गर्ने भन्ने कुराको निर्धारण गर्न पाठ्यक्रमको अध्ययन विश्लेषण गर्नु आवश्यक मानिन्छ । परीक्षण प्रकृति, प्रश्नको प्रकृति, परीक्षणीय क्षेत्र आदि पत्ता लगाउने कार्य पाठ्यक्रमद्वारा प्राप्त हुने भएकाले भाषिक परीक्षणको केन्द्रविन्दु नै पाठ्यक्रम हुने गर्दछ । अतः पाठ्यक्रम विश्लेषण पश्चात् परीक्षण योजना निर्माण गर्दा वैध र विश्वसनीय बन्ने गर्दछन् ।

**(ख) परीक्षण उद्देश्यको निर्धारण**

उद्देश्य निर्धारण परीक्षण योजनको सबैभन्दा पहिलो कार्य हो । पाठ्यक्रमका अपेक्षा ख्याल गरेर परीक्षणका उद्देश्य निर्धारण गर्नु पर्दछ । शिक्षणीय विषय वस्तुका आधारमा परीक्षणका उद्देश्य निर्धारण गर्नु पर्दछ ।  भाषिक परीक्षणको एउटै मात्र उद्देश्य भनेको विद्यार्थीहरूले आर्जन गरेका सीपहरूको स्तर निर्धारण गर्नु हो । यस्ता उद्देश्यहरू विशिष्ट वा व्यवहारिक, मापनीय, प्रमाणिक र वैधे हुनु पर्दछ । उद्देश्यहरुले भाषिक ज्ञान, बोध, व्यवहारिक सीप (ज्ञानात्मक क्षेत्र, भावनात्मक क्षेत्र र मनोक्रियात्मक क्षेत्र) मध्ये कुन क्षेत्रलाई समेट्ने हो प्रष्ट हुनु पर्दछ । यसका लागि उद्देश्य प्रष्ट हुनु पर्छ । उद्देश्यलाई व्यवहारिक बनाउन मापनीय क्रियापदको प्रयोग गर्नु पर्दछ । अस्पष्ट र बहु अर्थ लाग्ने प्रकृतिका उद्देश्य समावेश गर्नु हुँदैन । विद्यार्थीहरूका भाषाका कुन कुन पक्षको मूल्याङ्कन गर्न खोजिएको हो, त्यसको प्रतिनिधित्व गर्नु पदर्छ । (ढकाल र खतिवडा, २०७३ : २९७) । त्यससैले विद्यार्थीहरूमा रूभाषिक सीप हासिल गराउन अपनाइएका शिक्षण विधि, सामग्री, लगायत विद्यार्थीहरूको क्षमता र स्तर आदि कुराहरुमा विचार पुचाई परीक्षणका उद्देश्य निर्धारण गरिनु पर्दछ ।

**(ग) विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग**

विशिष्टीकरण तालिकाको निर्माण पनि भाषिक परीक्षण योजनाकै एक विशिष्ट र महत्वपूर्ण चरण हो । भाषा शिक्षण र भाषिक मूल्याङ्कनको लागि परीक्षण मूल्याङ्कन कार्यलाई सुव्यवस्थित र वैज्ञानिक गोरेटोमा हिँडाउन प्रभाकारी योजनाको आवश्यकता पर्छ र त्यसै आवश्यकताको परिपूर्ति गर्ने पूर्व तयारी वा योजना नै विशिष्टीकरण तालिका हो । योजनाबद्ध ढङ्गले परीक्षण गर्न विशिष्टीकरण तालिकाको प्रयोग गरिन्छ । यसले प्रश्नपत्र निर्माणमा त्रुटि

हुने सम्भावनालाई घटाउँछ । परीक्षणीय सोउद्देश्यपूर्ण र स्तरयुक्त हुन्छ । यसका आधारमा शिक्षण गर्ने शिक्षकले उपयुक्त शिक्षण प्रक्रियाको छनोट गर्न सक्छ र विद्यार्थीको उपलब्धि पनि अपेक्षा गरेजस्तै हुन सक्छ । विद्यार्थीको विषय वस्तुप्रति सामान्य ज्ञान, बोध, व्यवहारिक सीप र उच्च दक्षता प्राप्त भई समसामयिक आवश्यकता र भावी चुनौतीको सहज सामना गर्न सक्ने योग्यता र क्षमता निर्माण हुन सक्छ । यसबाट परीक्षणीय उद्देश्य, विषय, प्रश्नका प्रकार, उत्तर दिनुपर्ने प्रश्नको अनिवार्यता, अङ्कभार, पूर्णाङ्क, प्रश्नको उत्तर लेख्न लाग्ने समय आदिका बिच सन्तुलन पैदा हुन पुगी परीक्षा स्तरयुक्त, वैध र विश्वसनीय हुन जान्छ (ढकाल, २०७४: २५५) । अतः शिक्षण सिकाइमा यसको उपयोगिता छ । विशिष्टीकरण तालिको निर्माण र प्रयोगबाट निम्नानुसार फाइदा हुन सक्छन :

१. यसले पाठ्यक्रम अनुरूपता कायम गर्न सघाउ पुग्छ ।

२. परीक्षामा विश्वसनीयता र वैधता कायम रहन्छ ।

३. परीक्षण प्रमाणिक हुन्छ ।

४. परीक्षणमा विविधता कायम गर्न सघाउ पुग्छ ।

५. परीक्षणीय विषयले पाठ्यक्रमका समग्र पक्षको प्रतिनिधित्व गर्दछ ।

६. परीक्षणमा विषय वस्तुजन्य सन्तुलन कायम गर्न आदि ।

**(घ) प्रश्न निर्माण**

भाषिक मूल्याङ्कनका सन्दर्भमा परीक्षणीय प्रश्न निर्माण एउटा महत्वपूर्ण प्रक्रिया मानिन्छ । भाषिक मूल्याङ्कन प्रणालीका सन्दर्भमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार नै प्रश्नपत्र हो । गुणयुक्त प्रश्नपत्र नै मूल्याङ्कनीय अपेक्षाहरूसँग सम्बन्धित हुन्छन् । त्यसैले उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्याप्यता, विभेदकारिता, व्यवहारिकता जस्ता आन्तरिक र बाह्य गुणले युक्त प्रश्न निर्माण गर्न आवश्यक हुन्छ । त्यसै गरी प्रश्नहरू शुद्ध, स्पष्ट, निश्चित आयतनयुक्त, स्तरयुक्त पनि हुनु आवश्यक हुन्छ । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका सम्पूर्ण विषय वस्तुलाई समेट्ने प्रतिनिधिपरक हुनु पर्दछ (शर्मा र पौडेल, २०७३: ३०६) । त्यसैले प्रश्नहरूले विषयवस्तुको व्यापकता तथा विविधतालाई समेटेको

हुनुपर्दछ । यसले भाषाका सैद्धान्तिक र प्रायोगिक दुबै क्षेत्रलाई समेट्ने पहिचानात्मक र उत्पादानात्मक प्रकृतिको प्रश्न निर्माण गर्नु पर्दछ । प्रश्न निर्माण गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछ :

१. विद्यार्थीको तह, स्तर, विषय, उद्देश्य, परीक्षणको प्रकार आदिको आधारमा प्रश्नपत्र निर्माण गरिनु पर्दछ ।
२. समग्र परीक्षणीय वस्तुहरूको प्रतिनिधिमूलक नमुना प्रस्तुत गर्ने गरी प्रश्न बनाउनु पर्दछ ।
३. उपयुक्त कठिनाइ स्तरका प्रश्नहरू छनोट गरिनु पर्छ ।
४. प्रश्नमा देखिने अपेक्षित उत्तरहरू आउन सक्ने दोष हटाई स्पष्ट प्रश्नहरू निर्माण गरिनु पर्दछ ।
५. प्रश्नहरू शिक्षण सुधार कार्यको सुधार गर्नतर्फ केन्द्रित हुनुपर्दछ ।
६. समयभार, अङ्कभार तथा उत्तरगत आयतनको सन्तुलनमा विचार पुर्‍याउनु पर्दछ ।
७. प्रश्नहरू निर्माण गर्दा सरलदेखि जटिलताको क्रममा निर्धारण गरिनु पर्दछ ।

### २.२.९ प्रश्नका प्रकार

भाषिक मूल्याङ्कनका लागि भाषाका सैद्धान्तिक , प्रयोगिक र व्यवहारिक ज्ञान परीक्षण गर्न पहिचानात्मक र उत्पादानात्मक प्रकृतिका प्रश्नहरू प्रयोगमा ल्याउने गरिन्छ । यस्ता प्रकृतिका प्रश्नहरूलाई मूलतः वस्तुगत र विषयगत गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । जसको चर्चा तल निम्नानुसार गरिएको छ :

#### (क) वस्तुगत प्रश्न

एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू पहिचानात्मक परीक्षणका लागि बढी उपयोगी हुने गर्दछ । यस्ता प्रश्नहरु मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास र व्याकरण तत्व आदि पक्षको परीक्षण गर्न सकिन्छ । अभिव्यक्ति सीपको परीक्षणमा प्रत्यक्ष उपयोगी नहुने र उत्पादनात्मक

तथा सम्पादनात्मक परीक्षणका दृष्टिले पनि ज्यादै सीमित हुने भए पनि यस्ता प्रश्नहरु परीक्षणको व्यापकता र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् (शर्मा र पौडेल, २०७३ : ३०९) । हाल भाषिक परीक्षणका लागि प्रचलनमा रहेका वस्तुगत प्रश्हरू निम्न प्रकार  छन् :

(अ) **बहु वैकल्पिक प्रश्न**

वस्तुगत परीक्षणका विभिन्न प्रकारहरूमध्ये सबैभन्दा बढी लोकप्रीय र चलनचल्तीमा रहेका प्रश्न बहु वैकल्पिक प्रश्न हुन । यस किसिमको प्रश्नमा परीक्षार्थीहरूलाई विभिन्न सम्भावित उत्तरहरू समस्यासँगै दिइएको हुन्छ । "प्रश्नमै आवश्यकता अनुसार तीनदेखि पाँच ओटासम्म ( मूलतः चार ओटा) वैकल्पिक उत्तरहरूको व्यवस्था गरी त्यसैबाट सही उत्तर पत्ता लगाएर घेरो ( ०) वा रेजा (√) चिनो लगाउने प्रश्नलाई बहु वैकल्पिक प्रश्न भनिन्छ (ऐ, २०७३ : ३०९) ।" भाषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरूलाई खास गरी श्रुतिबोध र पठनबोधको परीक्षण गर्न तथा व्याकरण तत्व, वर्ण विन्यास, शब्दार्थ, शब्द निर्माण र वाक्य गठन आदि कुराहरूको धारणात्मक ज्ञानका साथै प्रयोगात्मक सुझ ठम्याउनका लागि आधार वाक्यमै खाली ठाउँ राखेर ती खाली ठाउँमा उपयुक्त हुने शब्द भर्नका लागि ४/५ ओटा वैकल्पिक प्रश्नहरू दिने व्यवस्था पनि गरिएको हुन्छ ।

(आ) **खाली ठाउँ भर्ने प्रश्न**

वस्तुगत परीक्षणको एउटा महत्वपूर्ण प्रकारको रूपमा खाली ठाउँ भर्ने प्रश्नलाई पनि लिइन्छ । यस किसिमका प्रश्नमा एउटा पूर्ण वाक्यबाट एउटा वा केही मुख्य शब्दहरू निकाली खाली ठाउँ छोडिएको हुन्छ, परीक्षार्थीहरूले उक्त खाली ठाउँमा निकालिएका शब्दहरू पुनस्मरण गरी अथवा खाली ठाउँमा सही शब्दको प्रयोग गरी वाक्यलाई पूर्ण बनाउनु पर्दछ  । "यस्ता प्रश्नमा मुख्य-मुख्य शब्दहरू खाली राखी विद्यार्थीलाई भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ ( अधिकारी, २०७४ : १८५) ।" यस्ता प्रश्नहरू दोहोरो अर्थ नलाग्ने गरी स्पष्ट निर्देशन दिएर तयार गर्नु पर्दछ । विद्यार्थीको स्तर हेरी सरल भाषाको प्रयोग गरेर शब्द र अर्थ, विपरीतार्थी शब्दार्थ लगायत बोधमूलक प्रश्न सोध्न सकिन्छ । यस्ता प्रश्नहरू तल्ला कक्षाहरुका लागि बढी उपयोगी मानिन्छन् ।

(इ) **ठिक बेठिक छुट्याउने प्रश्न**

वस्तुगत परीक्षणका विभिन्न प्रकारहरूमध्ये ठिक बेठिक पनि एक हो । ठिक बेठिक छुट्याउने प्रश्नमा एउटा पूर्ण युक्ति दिइएको हुन्छ र ठिक भए (√) चिन्ह र बेठिक (×) चिन्ह लगाउनु पर्दछ । "दिइएको प्रश्न ठिक बेठिक, साँचो, झुटो के हो ? भनी छुट्याउने प्रश्नलाई ठिक बेठिक प्रश्न भनिन्छ (ऐ, २०७४ : १८५) ।" यस्ता प्रश्नले विद्यार्थीको स्मरण क्षमताको जाँच गर्दछ । यसमा विषयवस्तुको धेरै भाग समावेश गर्न सकिने भएकाले यसले विषयको व्यापकता समेट्छ । यस्ता प्रश्नमा दोहोरो नकरात्मक वाक्य दिनु हुँदैन र पुस्तकबाट पनि हुबहु सार्नु हुँदैन । यसप्रकारका प्रश्नहरू श्रुतिबोध, पठनबोध, वाक्य गठन, शब्द प्रयोग र धारणाको परीक्षणका लागि उपयोग गर्न सकिने खालका हुन्छन् । प्रारम्भिक तहमा स्मरण पहिचान र बोधका लागि वस्तुगत उत्तर दिन यस्ता प्रश्न सोध्ने गरिन्छ ।

(ई) **जोडा मिलाउने प्रश्न**

शब्द र अर्थ, वाक्य र तत्सम्बन्धी सङ्गति, कारक र विभक्ति, शब्द र शब्द भेद, विशेषण र विशेष्य, कारण र कार्य तथा बोध र स्मरण सम्बन्धी सुनिश्चित व्यक्ति, वस्तु र धारणा आदि सम्बन्धी कुराहरूलाई दुई समूहमा राखेर प्रायः पछिल्लो समूहलाई छ्यासमिस बनाई अघिल्लो समूहको निर्देशित ठाउँमा पछिल्लो समूहको उपयुक्त सङ्केत निर्देश गर्ने वा धर्को तानेर देखाउनु पर्ने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ (पौडेल, २०६७ : ८५) । यस्ता प्रश्नले भाषिक सीप, भाषातत्व र विषयजन्य धारणाको मापनमा सहयोग पुचाउँछ । यस्ता प्रश्न प्रारम्भिक कक्षाहरूमा बढी उपयोगमा ल्याइएको पाइन्छ ।

(उ) **'क्लोज' र 'सी' परीक्षण**

पठनबोध सम्बन्धी सीपको परीक्षणका लागि उल्लिखित वस्तुगत प्रश्नको सट्टा 'क्लोज' विधिद्वारा परीक्षण गर्ने प्रचलन पनि पाइन्छ । यसलाई एकीकृत वा पृथकीकृत दुबै प्रकृतिबाट हेर्न सकिन्छ । " कुनै पनि खास अनुच्छेद दिएर खास अन्तरालमा खास शब्दहरू हटाउँदै खाली ठाउँ राख्ने र ती खाली ठाउँमा परीक्षार्थीहरूले उपयुक्त शब्दहरू आपूर्ति गर्नु पर्ने परीक्षण नै क्लोज परीक्षण हो । क्लोज विधिकै अर्को परिमार्जित प्रकारलाई 'सी' परीक्षण भनिन्छ (ऐ, २०६७

: ८५) ।" यसका अरू सबै प्रक्रिया 'क्लोज' विधिका जस्तै हुन्छन् तर फरक के हो भने यसमा दुईको नियम लागु हुन्छ र हरेक उद्धरणको सुरू र अन्त्यका वाक्यलाई जस्ताको तस्तै राखिन्छ । सुरूको दोस्रो वाक्यदेखि सुरू हुने हरेक दोस्रो शब्दको अंश हटाउँदै लगिन्छ । एउटा अक्षरले बनेको शब्दलाई गणना गरिँदैन । बिजोडी अक्षर भएका ठूलो चाहीँ अंशलाई हटाइन्छ । उक्त हटाइएका अंशहरू विद्यार्थीहरूले ठिकसँग पूर्ति गरेमा मात्र उत्तरलाई शुद्ध मानिन्छ ।

(ख) **विषयगत प्रश्न**

विद्यार्थीहरूको विषयगत बौद्धिकता मापन गर्ने प्रश्नहलाई विषयगत प्रश्न भनिन्छ । विषयगत प्रश्नले विद्यार्थीको व्याख्या गर्ने, तर्क गर्ने, विवेचना गर्ने, विस्तार गर्ने, तुलना गर्ने, मापन गर्ने, समीक्षा गर्ने आदि विभिन्न क्षमताको मूल्याङ्कन गर्छ । यसले विद्यार्थीको मौलिकता र सिर्जनात्मक क्षमताको पनि मापन गर्दछ । यस्ता प्रश्नले प्रत्येक विद्यार्थीको व्याक्तिगत क्षमता, सीप र शैली प्रयोग गरेर देखाउने अवसर पाउने भएकाले यस्ता प्रश्नलाई व्याक्तिनिष्ठ प्रश्न पनि भनिन्छ (ढकाल र खतिवडा, २०७३ : ३०६) । अतः विषयगत प्रश्नका प्रकृति स्वभाबैले वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक, विश्लेषणात्मक, सश्लेषणात्मक, तुलनात्मक, तार्किक, टिप्पणीमूलक र समीक्षात्मक किसिमका हुन्छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

(अ) **निबन्धात्मक प्रश्न**

विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिहरू लेखाजोखा गर्न प्रयोग गरिने अर्को साधन निबन्धात्कम प्रश्न हुन् । निबन्धात्मक प्रश्नबाट बोध र अभिव्यक्ति दुबै पक्षको परीक्षण गर्न सकिन्छ । यस्ता प्रश्नको जवाफ विद्यार्थीले स्वतन्त्र ढङ्गले दिन सक्छन् । "विद्यार्थीको विषयप्रतिको ज्ञान, विषयको अभिव्यक्ति, मौलिकता, आलोचना, समालोचना आदि क्षमताको मूल्याङ्कन गर्ने उद्देश्यले बनाइएका लामो उत्तर आउने प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ (अधिकारी, २०७४ : १८२) ।" यस्ता प्रश्नले विस्तृत र स्वतन्त्र उत्तर माग्दछन् । निबन्धात्मक प्रश्नका माध्यमबाट विद्यार्थीको मौलिकता र सिर्जनात्मकता प्रकट हुन्छ । त्यसैले निबन्धात्मक प्रश्नहरूलाई पहिचानात्मकताभन्दा उत्पादनात्मकतर्फ विशेष जोड दिई विद्यार्थीका संज्ञानात्मक समझ वा जीवन सापेक्ष विषयवस्तुमा आधारित शीर्षक दिएर स्पष्ट रचना उद्‌भाषित गर्न सक्ने परिस्थिति

सिर्जना गर्नु उपयुक्त हुन्छ । यसले विद्यार्थीको स्तर र क्षमता हेरी १५०/२००/३०० शब्दसम्मको सीमा तोकेर निर्धारण गर्नु उपयुक्त मानिन्छ ।

(आ) **सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

लिखित वा मौखिक रूपमा एक शब्ददेखि एक दुई अनुच्छेद्सम्ममा उत्तर दिन सकिने प्रश्नलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । यो निबन्धात्मक र वस्तुगत प्रश्नका बिचको प्रश्न हो । त्यसैले यस किसिमको परीक्षामा दुवैका केही गुणहरू समावेश हुन्छन् । यस खाले प्रश्नमा छोटो, तथ्यपूर्ण र सरल रूपमा उत्तर दिनुपर्छ । यस्ता प्रश्नले अनावश्यक गफ हाँक्ने प्रवृत्तिलाई निरूत्साहित गर्छ (ऐ, २०७४ : १८२) । यस्ता प्रश्न स्वरूपगत आधारमा सामान्य बोधात्मक उत्तर दिने, कारण दिने, परिभाषा दिने, उदाहरण दिने, फरक देखाउने, टिप्पणी लेख्ने, सूची दिने, संक्षेपीकरण गर्ने, तर्क दिने, र को, के, कसरी, कहिले  आदिको उत्तर दिने प्रकृतिका हुन्छन् ।

### २.२.१० प्रश्नका गुणहरू

विश्वसनियता, वैधता, विभेदकारिता तथा व्यवहारिकता जस्ता प्रश्नहरूलाई प्रश्नपत्रका गुणहरू मानिन्छन् । प्रश्नपत्रको आन्तरिक पक्षलाई सबल र दुर्बल पार्नुमा यिनै गुणहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) **विश्वसनीयता**

सामान्यतया विश्वसनीयता भन्नाले विश्वास गर्न योग्य, विश्वासिलो वा भर पर्दो भन्ने बुझिन्छ शिक्षाका क्षेत्रमा विश्वसनीयता भन्नाले विद्यार्थीहरूमा विकास भएको ज्ञान, सीप र अभिवृत्तिको मापन गर्नका लागि तयार पारिएको विभिन्न किसिमका मापनका साधनहरूमा पाइने त्यो गुण हो, जसलाई समान गुणमापन गर्न पटक-पटक प्रयोग गर्दा पनि समान नतिजा देखाउँछ । “विश्वसनीयता भन्नाले मापनको साधनबाट पाइने त्यो गुण हो, जसलाई विद्यार्थीहरूमा विकास भएको ज्ञान, सीप र अभिवृत्ति जस्ता पक्षहरूको मापन गर्न पटक-पटक प्रयोग गर्दा पनि नतिजा (अङ्क) मा एकरूपता देखा पर्दछ भने त्यसलाई विश्वसनीयता भनिन्छ (पराजुली र अन्य, २०६८ : ६१) ।” जस्तैः नेपाली प्रश्नको एउटा नमुनालाई विद्यार्थीको समान समूहमा पटक-

पटक सञ्चालन गर्दा फरक-फरक समयमा लिइएको परीक्षामा ५०, ५२, ५५ अंक प्राप्त हुन्छ भने त्यो प्रश्नपत्रको नमुनालाई विश्वसनीयता मानिन्छ । यदि फरक-फरक समयमा लिइएको परीक्षाबाट प्राप्त प्राप्ताङ्कमा ठूलो भिन्नता देखिएमा त्यो प्रश्नपत्रलाई विश्वसनीय मान्न सकिँदैन । त्यसैले कुनै एक मापनको साधनलाई समान व्यक्ति वा समूहमा फरक-फरक समयमा प्रयोग गर्दा वा समान गुण भएका तर फरक-फरक मापनका साधनलाई व्याक्ति वा समूह विशेषको निश्चित गुण र व्यवहारको मापन गर्दा प्राप्त हुने प्राप्ताङ्कमा एकरूपता, निरन्तरता, र स्थायीत्व पाइन्छ भने त्यस किसिमको मापनको साधनमा पाइने गुणलाई विश्वसनीयता भनिन्छ । विश्वसनीयता विद्यार्थीहरूले प्राप्त गर्ने वास्तविक अङ्कसँग सम्बन्धित हुन्छ । यसको अभावमा सही परीक्षण गर्न नसकिने हुँदा यो प्रश्नको अनिवार्य गुण हो ।

(ख) **वैधता**

वैधता पनि विश्वसनीयता जस्तै असल परीक्षणमा नभई नहुने महत्वपूर्ण गुण हो । सामान्य अर्थमा वैधता भन्नाले सत्यता वा प्रमाणिकता भन्ने बुझिन्छ । "कुनै पनि परीक्षणको निर्माण गर्दा निश्चित उद्देश्य लिइएको हुन्छ । त्यही उद्देश्यको सीमाभित्र रहेर मापन गर्न सक्नुलाई वैधता भनिन्छ (शर्मा र शर्मा, २०७२ : १७३) ।" यसरी प्रश्नपत्र विद्यार्थीको जुन व्यवहारलाई मापन गर्ने उद्देश्यले निर्माण गरिएको छ, त्यो प्रश्नपत्रले त्यही व्यवहारलाई कुसलतापूर्वक मापन गर्न सक्छ भने त्यस प्रश्नलाई वैधे प्रश्न मानिन्छ । जस्तैः शब्द ज्ञानको मापन गर्न बनाइएको परीक्षणले शब्द ज्ञानको नै ठिकसँग मापन गर्न सक्नु वैधताको उदाहरण हो । यसरी भाषा परीक्षणका सन्दर्भमा पनि वैधताको गुण अपरिहार्य मानिन्छ; चाहे त्यो तार्किक किसिमको अथवा साङ्ख्यिकीक किसिमको किन नहोस् । शिक्षण सिकाइसँग जुन अपेक्षा र आशा राखेर भाषिक उद्देश्यहरू तय गरिएका हुन्छन् ती उद्देश्यहरूको उपलब्धि सही ढङ्गले मापन गर्न सक्ने भाषा परीक्षण भयो कि भएन भन्ने कुरा आफैंमा महत्वपूर्ण कुरा हो । त्यसैले वैधता नभएको परीक्षण साधनको प्रयोगबाट गरिएको परीक्षण उपलब्धिमूलक नहुने भएकाले वैधतायुक्त साधनको निर्माण गरिनुपर्दछ । प्रश्नपत्रको लम्बाइ, निर्देशन, भाषा, विषयवस्तुको समेटाई, प्रश्नको कठिनाइ स्तर, सामाजिक र सांस्कृतिक विभिन्नता आदि कुराले वैधतालाई प्रभाव पार्दछ । वैधताका केही प्रमुख प्रकारहरू यस प्रकार रहेका छन् :

### (अ) विषयगत वैधता

कुनै पनि पाठ्यक्रममा निश्चित विषयवस्तु अथवा एकाइहरू राखिएका हुन्छ । ती सबै विषयवस्तुलाई परीक्षाभन्दा अगाडि प्रभावकारी शिक्षणको माध्यमद्वारा सिध्याउनु पर्दछ । सबै विषयवस्तुको ज्ञान विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यले राखिएको हुन्छ । विद्यार्थीको परीक्षा लिदा पाठ्यक्रममा तोकिएका सबै एकाइहरू पर्ने गरी प्रश्नपत्र बनाइएको हुन्छ भने त्यस परीक्षालाई विषयगत वैधता भएको मानिन्छ । "यसरी विषयगत वैधता मापनका लागि निर्माण गरिएका विषयवस्तु वा प्रश्नको नमुनाले मापन गर्नुपर्ने व्यवहारिक क्षेत्र वा सम्पूर्ण पाठ्वस्तुको प्रतिनिधित्व गर्न सक्ने परीक्षणको गुणलाई विषयगत वैधता भनिन्छ (भट्टराई, २०६४ : १३६)।" त्यसैले विषयगत वैधताले विद्यार्थीको स्तर अनुकूलको प्रश्न, स्पष्ट निर्देशन, शुद्ध र सरल भाषा, सम्पूर्ण पाठ्यक्रमलाई ओगट्न सक्ने प्रश्न, पाठ्यभार, पाठ्यांश र अङ्कभारको समान अनुपात, प्रश्नको अनुक्रम र चाहेको परिवर्तनलाई मापन गर्न सक्ने खालका प्रश्न निर्माणमा ध्यान दिनुपर्ने हुन्छ ।

### (आ) आकृतिगत वैधता

मापनका लागि देखिने सतहीपन नै आकृतिगत वैधता हो । यसलाई नजर अन्दाज गरेर न्यून महत्व दिएको पाइन्छ । यस्तो भए पनि परीक्षाको वैधता परीक्षण गर्ने सवालमा आकृतिगत वैधताको महत्वलाई नकार्न उचित देखिँदैन । भाषा परीक्षणको पश्चमार्जन गर्दा आकृतिगत वैधतालाई देखावटी वैधता वा मिथ्या वैधता भन्ने गरे पनि परीक्षार्थीका दृष्टिबाट वास्तविक परीक्षणको आभास दिने सूचनात्मक गुणका रूपमा आकृतिगत वैधतालाई लिन सकिन्छ (पौडेल, २०६७ : २८) । यसरी भाषा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूका निम्ति वास्तविक परीक्षणको प्रलोभन दिने अर्जीका रूपमा यसलाई लिन सकिन्छ र सोही भाषा परीक्षाको वास्तविकता पुचाउने माध्यम वा गुणका रूपमा व्यवहार गर्न सकिन्छ ।

### (इ) रचनात्मक वैधता

वैधताका विभिन्न प्रकारमध्ये रचनात्मक वैधतालाई सबैभन्दा गाह्रो र जटिल वैधता मानिन्छ । रचनात्मक भन्नुको तात्पर्य भावात्मकता हो । गुणहरू भावात्मक हुन्छन् । यिनीहरूलाई

ज्ञानेन्द्रित मार्फत मात्रात्मक तवरमा जाँच्न सकिँदैन । यसलाई जाँच्नको लागि निश्चित आधार तथा साधनहरू विकास गर्नु पर्दछ । यदि कुनै व्याक्तिको विशेषताको रूपमा मूल्याङ्कनको परिणाम व्याख्या विश्लेषण गर्न खोज्छौं भने त्यो रचनात्मकतासँग सम्बन्धित हुन्छ । "रचनात्मक वैधता विद्यार्थीको अन्तर मनसँग सम्बन्धित तार्किक, बौद्धिक, सांवेगिक, सामाजिक, मौलिक तथा सिर्जनात्मक प्रतिभा वा पक्षहरुको समेत उजागर गर्न सक्ने गुणले युक्त परीक्षण नै रचनात्मक वैधता हो (ऐ, २०६७ : २९) ।" त्यसैले रचनात्मक वैधताले असाधारण, सैद्धान्तिक र प्रायोगिक समस्याहरूको झलक प्रस्तुत गरेर विषयगत, अनुमानात्मक र मापदण्डात्मक वैधताका जटिल प्रश्नहरूको समाधान गर्न सहयोग पुऱ्याउने काम गर्ने हुनाले अन्य वैधताका दृष्टिले रचनात्मक वैधता महत्वपूर्ण मानिन्छ ।

(ई) **समवर्ती वैधता**

समवर्ती वैधताले वर्तमान समयमा गरिएका दुईवटा फरक फरक परीक्षण बिचको सह-सम्बन्धलाई बोध गर्दछ । यसमा समयको अन्तर भने कम हुने भएकाले यसको मान पहिलेको तुलनामा बढी हुन्छ । "वर्तमान अवस्थमा गरिएको एक परीक्षण र अर्को परीक्षण बिचको पारस्परिक सह-सम्बन्धको गुणाङ्कको आधारमा वैधता जाँच्ने प्रक्रियालाई समवर्ती वैधता भनिन्छ (ज.ब.रा. र अन्य, २०७० : १३४) ।" यसमा र्वतमान समयको पूर्वानुमानसँग उसले प्राप्त गरेको अङ्कलाई तुलना गरेर हेर्न सकिन्छ । यसले कुनै विषयवस्तुको बारेमा विद्यार्थीको क्षमता मापन गर्दछ । समवर्ती वैधतामा दुई परीक्षणका उद्देश्यमा समानता हुन्छ भने वैधता परीक्षणको लागि तुलना गरिने मापदण्ड दुवै वर्तमानमा उपस्थिति हुन्छन् । जस्तैः शिक्षकले कक्षामा दिएको अङ्क र तत्काल गरेको परीक्षाको अङ्कमा समान अन्तर आएमा समवर्ती वैधता हुन्छ । त्यसैले समवर्ती वैधतामा वर्तमान अवस्थाको निदान गर्न र विद्यार्थीको व्यक्तित्व मापन गर्न उपयोग गर्न सकिन्छ ।

(उ) **अनुमानात्मक वैधता**

कुनै पनि परीक्षणले तत्कालीन परीक्षार्थी योग्यता वा क्षमताको मात्र परीक्षण नगरेर भावी योग्यता वा क्षमताको पनि पूर्व कथन वा अनुमान गर्न सक्नु पर्दछ भन्ने मान्यता नै

अनुमानात्मक वैधता हो । यस्तो वैधतालाई एक चोटि गरिएको परीक्षणका आधारमा मात्र नभएर पहिले पहिले गरिएका परिक्षणका नतिजाहरूलाई पनि तुलना गर्दै नियाल्नु उपयुक्त मानिन्छ (पौडेल, २०६७ : २९) । यसरी भाषा शिक्षणका दृष्टिले अनुमानात्मक वैधताको अत्यन्त ठूलो भूमिका रहेको पाइन्छ । खास गरी विद्यार्थी वा परीक्षार्थीहरूका भाषाका विविध पक्ष र उपलब्धि स्तरको जाँच पडतालका आधारमा उनीहरुलाई भावी समयका लागि के कस्ता भाषिक प्रकार्यहरूमा के कस्तो अभ्यास गराउने, भाषाका माध्यमबाट के कस्तो व्यवसायका लागि सीफारिस गर्ने र समग्रमा भाषा शिक्षण सिकाइका अपेक्षित उपलब्धि स्तर बमोजिम वैयक्तिक, समूहगत, कक्षागत वा तहगत उपचार र गन्तव्यको मार्ग निर्देश के कसरी गर्ने भन्ने कुरा अँगाल्न यस प्रकारको वैधताले महत्वपूर्ण भूमिका खेल्दछ ।

**(ऊ) मापदण्डात्मक वैधता**

मापदण्डात्मक वैधता भनेको पूर्व निर्धारित उपलब्धि स्तरको अपेक्षासँग सम्बन्धित वैधता हो । खास कक्षा, तह वा समूहका लागि सम्बन्धित विषयवस्तुको शिक्षण, प्रशिक्षण पछि लिइने परीक्षणले निर्धारित क्षेत्रका स्तर र अपेक्षाहरूलाई प्रदर्शित गर्न सक्यो वा सकेन र कुन स्तरमा प्रदर्शित गऱ्यो भन्ने कुराको वास्तविकता नियाल्ने गुण नै मापदण्डात्मक वैधता हो (पौडेल, २०६७ : २९) । त्यसैले यस प्रकारको वैधताको पश्चमार्जन वा परख गर्दा यो तार्किकभन्दा साङ्ख्यिकीय झुकावतर्फ अभिप्रेरित भएको पाइन्छ र विषयगत, रचनात्मक, समवर्ती र अनुमानात्मक वैधताको सामूहिक लेखाजोखाबाट यस प्रकारको वैधताको गुण पत्ता लगाउन सकिन्छ ।

**(ग) व्यवहारिकता**

प्रश्नहरूमा हुनु पर्ने गुणहरूमध्ये व्यवहारिकता पनि छुट्टै विशेषता देखाउने महत्वपूर्ण गुण हो । परीक्षण जतिसुकै विश्वसनीय र वधै भए पनि यदि त्यसमा व्यवहारिकता छैन भने त्यो सान्दर्भिक मानिदैन । यसरी व्यवहारिकता भनेको परीक्षा सञ्चालन सुगमता, समय सापेक्षता, किफायतीपन, अङ्क वा मापन सरलता तथा विश्लेषणात्मकता सुगमता जस्ता गुणहरूको सामूहिक नाम हो । त्यसैले सजिलैसँग परीक्षा सञ्चालन गर्न सकियोस, उपयुक्त समयको

व्यवस्था होस्, मापन र अङ्कनमा कठिनाइ नपरोस्, परीक्षणका सूचनालाई सजिलै विश्लेषण गरेर भाषा शिक्षणका अभीष्ट पूरा गर्ने दिशामा प्रभाकारी काम गर्न सकियोस् भन्ने दृष्टिकोण नै व्यावहारिकता हो (ऐ, २०६७ : ३१) । यसरी प्रश्नमा व्यवहारिकताको गुण रहनु अनिवार्य मानिन्छ । यसरी मापनका साधन निर्माण र प्रयोगमा समय, श्रम, खर्च जस्ता कुरालाई व्यावहारिक बनाउनु पर्दछ ।

(घ) **विभेदकारिता**

विभेदकारिता भनेको विभिन्न क्षमता, स्तर र उपलब्धि भएका विद्यार्थीहरू छुट्याउन सक्ने गुण हो । हरेक विद्यार्थीहरूमा पर्याप्त वैयक्तिक भिन्नताहरू हुन्छन् । यसरी हरेक व्याक्तिका बौद्धिक क्षमता, तार्किक क्षमता, सीपगत कुशलता तथा सिर्जनशीलता र विविधताको स्तर फरक फरक हुने भएकाले परीक्षणले ती पक्षहरूको स्पष्ट विभेद देखाउन सक्नु पर्दछ (पौडेल, २०६७ : ३२) । अतः उपर्युक्त बमोजिमका भिन्न भिन्न उपलब्धि स्तर भएका तेज, मध्यम र मन्द आदि सबै खालका विद्यार्थीहरूको स्तरका आधारमा कसको क्षमता कति छ भनि मापन गर्नु नै विभेदकारिता हो ।

### २.२.११ प्रश्नहरूको व्यवस्थापन, निर्देशन र अन्तिम तयारी

निर्माण गरिएका प्रश्नहरूलाई विभिन्न आधारमा व्यवस्थित गरेर राख्नुपर्छ । प्रश्नको प्रकार, कठिनाइ स्तर, सिकाइ उपलब्धिको स्वरूप, विषय वस्तुको स्वरूप आदिका आधारमा प्रश्नहरूलाई मिलाए र राख्नुपर्छ । प्रश्नहरूलाई वस्तुगत र विषयगतका आधारमा, सरलबाट जटिलताको क्रममा व्यवस्थापन गरेर राख्नुपर्दछ । आवश्यक परेको खण्डमा यिनीहरूलाई छुट्टाछुट्टै समूहमा पनि व्यवस्थापन गर्न सकिन्छ । यस्तो व्यवस्थापनले विद्यार्थीलाई जाँच दिन तर्फ प्रोत्साहित गर्दछ (ज.ब.रा. र अन्य, २०७० : १९४) । त्यसैगरी परीक्षणले विद्यार्थीको विविध प्रकारको सिकाइ उपलब्धि जाँच्न सक्दछ । सुनाइ, बोलाइ, लेखाइ र पढाइ सम्बन्धी फरक फरक प्रकारका योग्यता र उपलब्धि जाँच्न अलग अलग प्रश्नहरूको व्यवस्थापन गर्नुपर्छ । प्रश्नपत्र निर्माण गर्दा प्रारम्भका एकाइहरूको प्रश्न सुरूमा र पछिल्लो एकाइका प्रश्नहरू क्रमशः त्यसपछि मिलाएर राख्नुपर्दछ ।

प्रश्नहरूको विभिन्न आधारमा व्यवस्थापन पश्चात् प्रत्येक खण्ड र प्रश्नका लागि छुट्टा छुट्टै निर्देशनहरू दिइनुपर्छ जसमा परीक्षाको कुल समयावधी, जवाफ दिने तयारी, अङ्क विभाजन, परीक्षार्थीले पालना गर्नुपर्ने नियम तथा आचरणहरू जस्ता जानकारीहरू समावेश हुनुपर्छ । प्रश्नहरूको अन्तिम तयारी गर्नका लागि निर्मित सम्पूर्ण प्रश्नहरूबाट आवश्यक प्रश्नको छनोट गरेर परीक्षाको लागि आवश्यक समयावधी निर्धारण गर्नुपर्छ । समय निर्धारण गर्दा जवाफको लम्बाइ, प्रश्नको विषयगतता, विषयवस्तुको जटिलता, विद्यार्थीको परिपक्कता जस्ता कुरामा ख्याल राख्नुपर्छ (ज.ब.रा. र अन्य, २०७० : २०५) । प्रश्नहरूको अन्तिम तयारी कै क्रममा परीक्षार्थीका लागि निर्देशन समावेश गर्न र उत्तर कुन्जिकाको निर्माण गर्न आवश्यक पर्दछ ।

## २.२.१२ परीक्षण प्रशासन र अङ्कन

भाषिक मूल्याङ्कनको लागि परीक्षण योजना प्रश्न निर्माण, सङ्गठन निर्देशन र अन्तिम तयारी पश्चात त्यसको कार्यन्वयन गर्न परीक्षण प्रशासन र अङ्कन गर्नु पर्ने हुन्छ । परीक्षण प्रशासनको लागि परीक्षण स्थान, परीक्षार्थीको सङ्ख्या, परीक्षण समय, भवन, कोठा, फर्निचर, वातावरण, सुरक्षा आदि कुराको पूर्ण अध्ययन गरी आवश्यक स्रोत साधन, खर्च र भौतिक साधनहरूको पूर्ण व्यवस्था मिलाउनु पर्दछ (पौडेल, २०६७ : ५९) । त्यही व्यवस्थापन पश्चात प्रश्नपत्रलाई विद्यार्थीहरू सामु लागु गरी परीक्षण सञ्चालन गर्नु पर्दछ । अतः यी सम्पूर्ण पक्षको व्यवस्थापन र कार्यन्वयनलाई नै परीक्षण प्रशासन भनिन्छ ।

परीक्षण प्रशासन पश्चात उत्तर पुस्तिकाको संकलन गरी त्यसको अङ्कन गर्नु जरूरी हुन्छ एउटा प्रमाणिक परीक्षणलाई प्रमाणिक बनाउने प्रमुख आधार परीक्षणको अङ्कन हो । परीक्षणको अङकन स्तरीय तथा प्रमाणिक हुनुपर्दछ । परीक्षाको प्रक्रियागत प्रविधि र परीक्षण साधनका प्रकृति अनुसार सम्बद्ध परीक्षक वा पर्यवेक्षकहरूलाई अङ्क मापनमा उपयुक्त र स्पष्ट निर्देशन दिइनु आवश्यक हुन्छ । (ऐ, २०६७ : ६०) । तसर्थ, अङ्कन कार्यमा एकरूपता, विश्वसनीयता, वैधता र सरलता ल्याउनको लागि विषयगत प्रश्नको परीक्षणमा उपयोगी हुने केही विधिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) बुँदागत अङ्कन मापन

प्रश्नका परीक्षणीय आशयहरूलाई विभिन्न बुँदामा परिणत गरी तिनको महत्व अनुसार निर्धारित अङ्कलाई विभाजन गरेर परीक्षकलाई उपलब्ध गराई सोही अनुरूप अङ्कन वा मापन गर्ने, निर्देशित गर्ने विधिलाई बुँदागत अङ्कन मापन भनिन्छ (ऐ, २०६७ : ६०) । यो विधि धेरै हदसम्म सरल र सुगम हुनुका साथै मापनीय विश्वसनीयताका दृष्टिले पनि प्रभाकारी मानिन्छ । यो विषयगत प्रश्नको मापनमा सबभन्दा बढी उपयोगमा ल्याइएको पाइन्छ ।

(ख) प्रश्नगत अङ्कन मापन

उत्तर पुस्तिका परीक्षणको सामान्य चलन एउटा उत्तर पुस्तिकाका सबै प्रश्नको उत्तर अङ्कन गरी सकेपछि अर्को उत्तर पुस्तिकाको अङ्कन गर्ने गरिन्छ । “प्रश्नगत आधारमा एउटा प्रश्नको उत्तर मात्र जाँचि सकेपछि क्रमशः अन्य प्रश्नको उत्तर जाँच्दै अङ्कन गर्ने विधिलाई प्रश्नगत अङ्कन मापन भनिन्छ (पौडेल, २०६७ : ६०) ।” यसले गर्दा निबन्धात्मक प्रश्नको अङ्कन प्रत्येक उत्तर पुस्तिकापिच्छे फरक हुन पुग्छ र अङ्कनमा अविश्वसनीयता आउँछ । यो विधि झन्झटिलो भए पनि प्रत्येक विद्यार्थीले दिएको उत्तरको वास्तविकता पहिचान गर्न उपयोगी हुने विश्वसनीय विधि हो ।

(ग) समूहगत अङ्क मापन

परीक्षार्थीका उत्तर पत्रहरूलाई पहिले सरसर्ती हेरेर अत्युत्तम, उत्तम, मध्यम, निम्न र अतिनिम्न आदि समूहमा छुट्टयाई राख्ने र त्यस पछि एउटा समूहको उत्तर जाँचि सकेपछि क्रमशः अन्य समूहको उत्तर जाँचि अङ्कन गर्ने विधिलाई समूहगत अङ्क मापन भनिन्छ (शर्मा र पौडेल, २०७३ : ३१२) । यो विधि उपयुक्त भएपनि एक चोटि हेरी सकेका उत्तर पत्रहरूलाई पुनः दोहोर्‍याई हेर्नु पर्ने हुनाले झन्झट लाग्दो मानी त्यति व्यवहारमा ल्याइएको पाइँदैन ।

(घ) बहु परीक्षकद्वारा अङ्कन मापन

परीक्षार्थीहरूका उत्तर पुस्तिकालाई दुई वा दुईभन्दा बढी परीक्षकद्वारा परीक्षण गराई औषत अङ्कलाई उपलब्धि परीक्षणको अङ्क मान्ने विधिलाई बहु परीक्षकद्वारा अङ्कन मापन भनिन्छ (

ढकाल र खतिवडा, २०७३ : ३१९) । यो विधि एउटा विद्यालय वा शिक्षण संस्थामा सम्बन्धित विषयका पर्याप्त परीक्षकहरू उपलब्ध हुन नसक्ने र भइहाले पनि सबैको योग्यता, स्तर एउटै हुन नसक्ने सम्भावना हुनाले यस विधिलाई त्यति उपयोगमा ल्याएको पाइँदैन ।

### २.२.१३ भाषिक परीक्षाका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कन

भाषिक परीक्षणको प्रकृति अन्य विषय परीक्षण भन्दा भिन्न खालको हुन्छ । भाषा सीपपरक विषय भएकाले अन्य विषय परीक्षण भन्दा यसको परीक्षणमा बेग्लै प्रक्रिया अपनाएर अङ्कन गर्नु युक्ति सङ्गत हुन्छ । विषयगत प्रश्नहरू भाषिक परीक्षणका सन्दर्भमा ज्ञानपरक र सीपपरक गरी दुई प्रकारका हुन्छन् । भाषा सीपपरक भएकाले प्रश्नहरू सीपपरक हुनु र भाषा तात्त्विक सुझ तथा धारणाको परीक्षणका लागि ज्ञानपरक प्रश्नहरू रहने गर्दछन् । ज्ञान पक्षसँग सम्बन्धित प्रश्नहरूको उत्तर मापन गर्ने आधार तय गर्दा प्रश्नको आशयलाई विश्लेषण गरेर आवश्यकता अनुसार विभिन्न बुँदामा अङ्क विभाजन गरी निबन्ध पक्षभन्दा ज्ञान पक्षलाई जोड दिई मापनको आधारमा तयार गरिनु पर्दछ (शर्मा र पौडेल, २०७३ : ३१२) ; जस्तैः

| | |
|---|---|
| – यान्त्रिक पक्ष (किनारा, अक्षर आकार प्रकार, हिज्जे, सफाइ आदि) : | १० प्रतिशत |
| – शब्द छनोट तथा प्रयोग : | १० प्रतिशत |
| – व्याकरण (रूप विज्ञान, वाक्य गठन, वाक्यान्तरण, सङ्गति आदि) : | १० प्रतिशत |
| – सङ्गठन पक्ष : | १० प्रतिशत |
| – विषय वस्तुको ज्ञान र अवधारण : | ६० प्रतिशत |
| | जम्मा १०० प्रतिशत |

भाषिक अभिव्यक्ति सीपको परीक्षणसँग पनि सम्बन्धित हुने गर्दछ । यस्तो सन्दर्भमा समग्रात्मक पक्षको अङ्कन नै बढी उपयुक्त हुने देखिन्छ । कहिलेकाहीँ अभिव्यक्ति सीपको परीक्षणमा निबन्ध पक्षलाई विभिन्न बुँदामा विश्लेषित गरेर विश्लेषणात्मक ढङ्गले समेत अङ्क मापनको आधार तयार गर्न सकिन्छ (ऐ, २०७३ : ३१३) ; जस्तै :

–यान्त्रिक पक्ष (हिज्जे, किनारा, सफाइ, अक्षर आकार प्रकार आदि) : २० प्रतिशत

–शब्द छनोट तथा प्रयोग : २० प्रतिशत

–व्याकरण (रूप, वाक्य, वाक्यान्तर, सङ्गति आदि) : ३० प्रतिशत

–शैली, सङ्गठन : ३० प्रतिशत

जम्मा १०० प्रतिशत

विषयगत प्रश्नका उत्तरलाई विश्लेषणात्मक र समग्रात्मक तरिकाले अङ्कन गर्न सकिन्छ । माथि उल्लेखित अङ्कन प्रक्रिया विश्लेषणात्मक प्रकृतिको उदाहरण हो । यो प्रक्रिया जति जटिल छ । त्यति नै झन्झटिलो पनि छ । यो प्रक्रियाद्वारा परीक्षण गर्न जो कोही परीक्षकहरू सक्षम हुँदैनन् । यसमा निबन्धात्मक उत्तरलाई खण्डीकृत गरी प्रतिशतमा हेर्नु पर्ने भएकाले अङ्कन परीक्षणीय विषय वस्तु नै विचलित हुने सम्भावना समेत रहने हुँदा समग्रात्मक पद्धतिबाट नै अङ्कन गर्नु व्यवहारिक मानिन्छ ।

### २.२.१४ प्रश्न विश्लेषणका आधारहरू

परीक्षाको स्तरीकरण गर्ने क्रममा प्रश्न विश्लेषण अनिवार्य सर्त हो । "परीक्षणमा समावेश गरिने प्रश्नहरूलाई गुणस्तर युक्त बनाउन निर्मित प्रश्नहरू के कस्ता भए, प्रश्नको कठिनाइ स्तर कस्तो छ , प्रश्नहरू बिच विभेदीकरण क्षमता कस्तो छ , प्रश्नमा के कस्तो सुधार गर्नु पर्दछ भनी जाँच्नु नै प्रश्न विश्लेषण हो (खनाल र अन्य, २०७४ : २४१) ।" प्रश्न विश्लेषणले स्तर युक्त, उपयुक्त तथा गुणस्तरीय प्रश्न निर्माण र छनोटमा सहयोग पुचाउँछ । विद्यार्थीहरूले प्रत्येक प्रश्नमा दिएको प्रतिक्रियाका आधारमा प्रश्नको विश्लेषण गरिन्छ । त्यसैले विभिन्न समयमा विभिन्न व्याक्ति वा समूहले निर्माण गरेका प्रश्नहरूलाई सङ्कलन गरी तिनको विविध ढङ्गले परख गरेर अग्रामी सुधार र संशोधनको लागि प्रश्न विश्लेषण एउटा महत्वपूर्ण मार्ग दर्शन बनेको हुन्छ । कुनै पनि भाषा परीक्षणका प्रश्नलाई मुख्य दुई आधार अध्ययन गर्न सकिन्छ :

(क) तथ्याङ्कशास्त्रीय आधार

(ख) सैद्धान्तिक आधार

**(क) तथ्याङ्कशास्त्रीय आधार**

तथ्याङ्शास्त्रीय आधारमा प्रश्न निर्माण गर्दा सर्वप्रथम विभिन्न विशेषज्ञहरूको संलग्नतामा सम्बद्ध भाषा पाठ्यक्रमको गहन अध्ययन र विश्लेषण गरिन्छ । "त्यस पछि गणितीय आधारमा प्रश्नहरूको विश्वसनीयता, वैधता तथा कठिनाइ स्तर, विभेदकारिता आदिको लेखाजोखा गरेर प्रश्नहरूको उयुक्तता र अनुपयुक्तताको पहिचान गर्नु नै प्रश्न विश्लेषणको तथ्याङ्कशास्त्रीय आधार हो (पौडेल, २०६७ : ९१) ।" त्यसैले यस प्रकारको प्रश्न विश्लेषण र निर्माण गर्न जटिलता हुन्छ । प्रश्न विश्लेषण र निर्माणको यो आधार बढी वस्तुगत र प्रमाणिक भए पनि एक्लो प्रयासबाट सम्पन्न गर्न नसकिने खालको भएकाले समय, स्रोत, साधन, र खर्च आदिका दृष्टिले असम्भव देखिन्छ ।

**(ख) सैद्धान्तिक आधार**

यस आधारमा प्रश्न निर्माणका सिद्धान्तहरूमा आधारित भएर कुनै पनि भाषा पाठ्यक्रमका मर्म अनुरूप प्रश्नमा हुनु पर्ने गुण व्यवहारिकताका दृष्टिले प्रश्नको निर्माण र विश्लेषण गरिन्छ । "यसरी प्रश्न निर्माणको सिद्धान्तलाई मुख्य आधार मानी त्यसैका आधारमा प्रश्न विश्लेषण गरिन्छ भने त्यसलाई प्रश्न विश्लेषणको सैद्धान्तिक आधार मानिन्छ (पौडेल, २०६७ : ९१) ।" अतः सैद्धान्तिक आधारमा प्रश्न विश्लेषण गर्दा प्रश्नका बाह्य र आन्तरिक दुबै बनोटका आधारमा अध्ययन विश्लेषण गर्नु उपयुक्त मानिन्छ । सीमित समय, खर्च, श्रम, स्रोत र वैयक्तिक पहुँच एवम् प्रयासका दृष्टिले सहज र सुगम हुने भएकाले यो बढी प्रभाकारी मानिन्छ । अतः प्रश्न विश्लेषणका सैद्धान्तिक आधारहरू निम्न रहेका छन् :

(क) बाह्य आधार

(ख) आन्तरिक आधार

(क) बाह्य आधार

प्रश्नको बाहिरी बनावट वा आकार प्रकारलाई प्रश्नको बाह्य आधार भनिन्छ । प्रश्न विश्लेषणको बाह्य आधार भनेको समग्र प्रश्न र प्रश्नपत्रमा हुनुपर्ने स्वरूपगत औपचरिकता, वैधता र उपयुक्तताका दृष्टिले निर्वाह गर्नु पर्ने सीप र व्यवहारका कुराहरू पर्दछन् । त्यसैले प्रश्नपत्रको बाह्य आकृति स्वच्छ, स्पष्ट, आकर्षण र स्तरयुक्त भएन भने त्यसको आन्तरिक पक्ष पनि कमजोर हुन जान्छ । प्रश्नपत्रको बाह्य आधारमा अध्ययन विश्लेषण गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम (स्तरण), प्रश्नपत्रको स्वरूप र वर्ण विन्यास आदि पक्षको विश्लेषण गर्ने कार्य प्रश्नको बाह्य आधार अन्तर्गत गरिन्छ (ऐ, २०६७ : ९२) । त्यसैले प्रश्नपत्र निर्माण गर्दा बाह्य आधारलाई विशेष ध्यान दिनु पर्दछ । जस अन्तर्गत निम्न कुराहरू पर्दछन् :

(अ) **निर्देशन**

प्रश्हरूको ढाँचा र ती प्रत्येक प्रश्नहरूको उत्तर दिन लाग्ने समयको आकलनपछि विद्यार्थीहरूका लागि निर्देशन तयार पार्नु पर्ने हुन्छ । प्रश्पत्र स्तरीय हुँदाहुँदै पनि यदि निर्देशन स्पष्ट र पर्याप्त भएन भने परीक्षाले मापन गर्न खोजेको कुरालाई सही तरिकाले मापन गर्न सकिँदैन । यसरी कुनै पनि प्रश्नको उत्तर के दिने ? कसरी दिने ? कति दिने ? भन्ने कुराको आशय, प्रक्रिया वा सीमालाई निर्देशनले स्पष्ट पारेको हुन्छ । परीक्षार्थीहरूले प्रथमतः प्रश्नका निर्देशनहरू हेरेर वा बुझेर त्यसै अनुरूप हरेक प्रश्नका उत्तर दिनुपर्ने हुन्छ । निर्देश अस्पष्ट, अशुद्ध, द्वैध अर्थयुक्त र जटिल खालको भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरू नै निरर्थक हुन सक्छन् । त्यसैले निर्देशन स्पष्ट, शुद्ध, अर्थयुक्त र सरल खालको हुन आवश्यक हुन्छ । यसमा आवश्यकता भन्दा बढी शब्द र वाक्यहरू राखेर अनि एउटै आशयका प्रश्नमा ठाउँ ठाउँमा निर्देशन दोहोऱ्याएर प्रश्न निर्माण गर्नाले पनि प्रश्नको स्तर, उद्देश्य र वस्तुतामा आँच आउन सक्छ (पौडेल, २०६७ : ९२) । तसर्थ प्रश्नमा निर्देशनको भूमिका विशिष्ट रहने गर्दछ । त्यसका लागि चाहिने आवश्यक कुराहरूलाई विवेकसम्मत ध्यान दिई प्रश्न निर्माण गरिनु आवश्यक छ भने परीक्षणीय उद्देश्यलाई सार्थक बनाउन निर्देशनको महत्वपूर्ण भूमिका रहन्छ । निर्देशनभित्र शीर्ष निर्देशन, प्रश्नगत निर्देशन, समय निर्देशन, अङ्क निर्देशन, पृष्ठ निर्देशन र विकल्प निर्देशन जस्ता

कुराहरू पर्दछन् ।

(आ) **अङ्क विभाजन र समय निर्धारण**

अङ्क विभाजन र समय निर्धारण प्रश्नपत्रको अर्को महत्वपूर्ण पक्ष हो । कुनै पनि प्रश्न वा प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारणको आवश्यकता पर्दछ । प्रश्नको अङ्कअनुसार समय निर्धारण गरिने हुँदा यी दुई बिचमा सन्तुलन हुन जरूरी हुन्छ । अङ्क र समयका बिच सन्तुलन नमिलेमा प्रश्नहरूको बाह्य वैधतामा मात्र नभई आन्तरिक वैधतामा पनि आँच पुचाउने हुन सक्छन् (ऐ, २०६७ : ९३) । त्यसैले प्रश्नको प्रकृति र त्यसलाई वितरण गरिएको अङ्कले नै उक्त प्रश्नको उत्तर दिने समय निर्धारण गर्दछ । प्रश्नको अङ्क र समयको निर्धारण उपयुक्त नहुँदा उत्तर दिनमा कठिन तथा अन्योल सिर्जना हुने गर्दछ । अतः प्रश्नको प्रकृति, उत्तरको आकार, कठिनाइ स्तर आदिका आधारमा अङ्क र समय निर्धारण गरिनु पर्दछ । लामो उत्तर दिनुपर्ने प्रश्नलाई समय र अङ्क बढी र छोटो उत्तर दिनु पर्ने प्रश्नलाई कम अङ्क र समय निर्धारण गर्नु उपयुक्त हुन्छ ।

(इ) **प्रस्तुति अनुक्रम**

प्रश्नहरूको रखाइक्रम नै प्रस्तुति अनुक्रम हो । प्रश्नपत्रको प्रस्तुति अनुक्रम मिलाउँदा सरलदेखि जटिलताको क्रममा राख्ने गरिन्छ । प्रश्नहरूको सही अनुक्रम मिलाउन नसके परीक्षामा विद्यार्थीहरू आत्तिने, अलमलिने जस्ता समस्याहरू आउन सक्ने हुँदा प्रश्नहरूलाई समूहमा क्रमबद्ध गरी पहिलो समूहमा वस्तुगत, दोस्रो समूहमा सङ्क्षिप्त उत्तरात्मक र तेस्रो समूहमा निबन्धात्मक प्रश्नहरू राख्नु राम्रो मानिन्छ । यी प्रत्येक खालका प्रश्नका प्रकृति फरक फरक किसिमका हुन्छन् र कुनै सरल, कुनै जटिल र कुनै मध्यम खालका हुन्छन् । यी विभिन्न प्रकृतिका प्रश्नहरूलाई आ-आफ्नो समूहमा मिलाए राखि सरलदेखि जटिलताको अनुक्रम वा स्तरणमा वितरण गर्नु नै प्रस्तुति अनुक्रम हो (पौडेल, २०६७ : ९४) । यसरी परीक्षार्थीलाई उत्तर दिन सरल होस्, प्रश्न देख्ने वित्तिकै हरेस खाने प्रवृत्ति नआओस र परीक्षकलाई प्रश्नका समूह अनुरूप उत्तरपत्र परीक्षण गर्न सरल होस् भनेर प्रश्नपत्रमा प्रस्तुति अनुक्रम मिलाउनु पर्ने हुन्छ ।

### (ई) प्रश्नपत्रको स्वरूप

आकृति र आकार प्रकारलाई प्रश्नपत्रको स्वरूप मान्न सकिन्छ । प्रश्नपत्रको स्वरूपभित्र प्रश्नपत्रको शीर्ष भाग, मध्य भाग अन्त्य भाग र किनारा सबै पर्दछन् । यस क्रममा विषय, कक्षा, तह, परीक्षाको किसिम, पूर्णाङ्क, समय, शीर्षक निर्देशन, अङ्क, आकर्षण छपाइ, कागत, अक्षराकार, अन्तराल, रङ्ग भाषा आदि समग्र कुराले प्रश्नको स्वरूप तयार भएको हुन्छ (ऐ, २०६७ : ९५) । त्यसैले यिनै स्वरूपगत आधारमा प्रश्नपत्रको विश्लेषण गरी पहिचान गर्नु सान्दर्भिक मानिन्छ ।

### (उ) वर्ण विन्यास

प्रश्न निर्माण वा प्रश्नपत्र विश्लेषण गर्दा वर्ण विन्यास पनि महत्वपूर्ण पक्ष मानिन्छ । वर्ण भनेको भाषाका लेख्य वर्णहरूको रखाइ क्रम हो । यसलाई अर्को शब्दमा लिपि विन्यास पनि भनिन्छ । वर्ण विन्यास लेख्य भाषासँग सम्बन्धित प्रक्रिया हो र लेख्य भाषामा प्रयोग हुने शुद्ध, स्पष्ट र स्तरयुक्त लिपि हो । त्यसैले प्रश्न निर्माण गर्दा लेख्य भाषासँग सम्बन्धित हुने भएकाले वर्ण विन्यासलाई विशेष ध्यान दिनु पर्ने हुन्छ । प्रश्न निर्माण गर्दा वर्ण विन्यासभित्र वर्णहरूको सुस्पष्ट रखाइ क्रमका साथै मात्रा, संयुक्त, मिश्र प्रयोग, पदयोग, पद वियोग, हलन्त, अजन्त, पञ्चम वर्णहरूको विन्यास, शिरविन्दु, चन्द्रविन्दु, ह्रस्व दीर्घ, ब/व, श/स/ष, य/ए, छ/क्ष, ऋ/रि आदि सम्बन्धी त्रुटिहरू पर्दछन् (शर्मा र पौडेल, २०७३ : १६०) । त्यसैले भाषाका आफ्नै नियम र व्यवस्था हुन्छन् । तिनको पालना भएन भने भन्न खोजेको कुरा स्पष्ट नहुन सक्छ । वर्ण विन्यास ठिक नभएमा भन्न खोजेको कुराको अर्कै अर्थ पनि लाग्न सक्छ प्रश्न निर्माण गर्दा भाषाको शुद्ध र मानक वर्ण विन्यासको प्रयोग गर्नु पर्दछ । त्यसैले वर्ण विन्यासलाई प्रश्न विश्लेषणको बाह्य आधार अर्न्तगत अध्ययन विश्लेषण गरिन्छ ।

### (ख) आन्तरिक आधार

प्रश्न विश्लेषणको आन्तरिक आधारलाई एक महत्वपूर्ण र केन्द्रीय आधार मानिन्छ । प्रश्नको आन्तरिक आधारले नै परीक्षणको दिशा निर्धारित, सीमाङ्कन र समग्र मूल्याङ्कनका वास्तविक उद्देश्य हासिल गर्न, गराउनमा मार्ग निर्देशन गर्दछ । कुनै पनि प्रश्नको उद्देश्यपरकता,

प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथा उपयुक्तता इत्यादिको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययन गरेर मात्र निर्क्योल गर्न सकिन्छ । त्यसैले कुनै पनि भाषिक प्रश्न निर्माण र विश्लेषणको महत्वपूर्ण र केन्द्रीय आधार आन्तरिक आधार हो र त्यसै आन्तरिक आधार वा वैधताका दृष्टिले प्रश्नको अध्ययन, विश्लेषण गरी उपयुक्तता र अनुपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त, गुणयुक्त र स्तरयुक्त सुझ प्राप्त गर्न सकिन्छ (पौडेल, २०६७ : ९३) । त्यसैले प्रश्न एवम् प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक आधारले निर्धारण गर्दछ । प्रश्न विश्लेषणको आन्तरिक आधारभित्र पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलत, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्ष र भाषा पर्दछन् । प्रश्नका कमजोर पक्ष पत्ता लगाई तिनको  निराकरण गर्दै प्रश्नलाई विश्वसनीयता, वैधता, स्तरीयता र उपयोगी बनाउनमा प्रश्न विश्लेषणको आन्तरिक आधारले विशेष भूमिका खेल्ने भएकाले यसलाई केन्द्रीय आधार मानिन्छ । यस अन्तर्गत पर्ने महत्वपूर्ण कुराहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

**(अ) पाठ्यक्रम अनुरूपता**

भाषिक सीप परीक्षणका लागि निर्माण गरिएका प्रश्नपत्रहरू पाठ्यक्रमको समग्र पक्षको प्रतिनिधित्व गर्न सक्ने खालको हुनुपर्दछ । यदि परीक्षणका निम्ति उपयोगमा ल्याएका प्रश्नहरूले पाठ्यक्रमको भावना र मर्मलाई आत्मसात गर्न सकेनन् भने यस्ता प्रश्नहरूबाट गरिने परीक्षण दोषपूर्ण हुन गई शिक्षणको सार्थकतामाथि नै प्रश्न चिह्न लाग्न सक्छ । पाठ्यक्रम अनुरूपताका दृष्टिले विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न, विधा वा विषयवस्तुको सीमा र प्रश्न, विधाको अङ्कभार र प्रश्न सन्तुलन तथा विधागत समय र सापेक्षता आदि आधार खडा गरी प्रश्नले पाठ्यक्रमका उद्देश्य, सीमा र मर्मलाई पछ्याउन सके नसकेको बारे अध्ययन विश्लेषण गरी सोही बमोजिम प्रश्नमा सुधार, संशोधन र नव निर्माण गर्न सकिन्छ (पौडेल २०६७ : ९७) । त्यसैले पाठ्यत्रमले निर्धारण गरेका समग्र पक्षको प्रतिनिधित्व गर्न सक्ने प्रश्नपत्रको निर्माण र प्रयोगले प्रश्नपत्रको पाठ्यक्रम अनुरूपतालाई जनाउँदछ ।

**(आ) भाषिक पक्षहरूको संयोजन र सन्तुलन**

भाषिक सीप विकासका लागि भाषिक पक्षहरूको संयोजन र सन्तुलन आवश्यक हुन्छ । भाषिक

पक्षभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रमा समावेश गरिने पढाइ सीप, लिखित रचना सीप, शब्द भण्डार तथा व्याकरणिक ज्ञान र प्रयोग क्षेत्रहरू पर्दछन् । यी कुराहरू विशेषतः लिखित परीक्षाका भाषिक पक्षसँग सम्बन्धित कुरा हुन् (ऐ, २०६७ : ९८) । सामान्यतया माध्यमिक तहका प्रश्नपत्रमा भाषिक पक्षको संयोजन र सन्तुलनका दृष्टिले उपयुक्त प्रश्नपत्रमा पढाइ सीपको लागि ४० प्रतिशत, लेखाइ सीपको लागि ३० प्रतिशत, व्याकरण शिक्षणका लागि २० प्रतिशत र शब्द भण्डार क्षमताका लागि १० प्रतिशत प्रश्नहरू निर्माण गर्नु उपयुक्त मानिन्छ ।

(इ) **प्रश्नमा हुनुपर्ने गुण**

प्रश्न वा प्रश्नपत्रको आन्तरिक पक्ष सबल वा दुर्बल हुनुमा प्रश्नमा हुनु पर्ने गुणहरूले सर्वाधिक भूमिका खेलेको हुन्छ । प्रश्न वा प्रश्नपत्रको आन्तरिक गुणको स्तरले नै सार्थक, सोउद्देश्यपूर्ण तथा निरर्थक वा निरुद्देश्यपूर्ण बनाएको हुन्छ । ती आन्तरिक गुणहरूमा विश्वसनीयता, वैधता, विभेदकारिता तथा व्यवहारिकता जस्ता कुराहरू पर्दछन् (पौडेल, २०६७ : ९९) । प्रश्नमा हुनुपर्ने यस्ता गुणहरूको उचित तवरले समायोजन हुन सकेमा मात्र प्रश्नपत्रको गुणस्तरमा वृद्धि हुन्छ ।

(ई) **भाषा**

प्रश्नको आन्तरिक गुणलाई अथवा वैधतालाई प्रभाव पार्ने प्रमुख तत्व भाषा पनि हो । भाषा प्रयोगमा शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरलता र जटिलताले प्रश्न प्रभावित हुन्छ । भाषाको अर्थ अघातक प्रयोगलाई बाह्य वैधताका दृष्टिले केलाउन सकिन्छ । भाषाको अर्थ घातक प्रयोगलाई आन्तरिक दृष्टिकोणले हेरिन्छ । प्रश्न सोधाइको घुमाउरोपना, जटिल शब्द र वाक्य संयोजन, वर्ण विन्यासका त्रुटिले ल्याएका अर्थ भिन्नता, चिह्न प्रयोगका दृष्टिले गरिएका गलत सूचना तथा सङ्गतिगत अशुद्धताले देखाएका हचुवापन आदिलाई आन्तरिक वैधताका दृष्टिले केलाएर हेर्न सकिन्छ (ऐ, २०६७ : १०३) । अतः सरल स्पष्ट, विशुद्ध र स्तर अनुकूलको भाषा प्रयोग गरी प्रश्न निर्माण गर्नु अत्यन्त जरूरी हुन्छ ।

(ऊ) **विविध पक्षहरू**

मौखिक तथा प्रयोगात्मक परीक्षा दुसाध्य भएको परिप्रेक्ष्मा लिखित परीक्षा बाहेक अर्को विकल्प रहँदैन । यस अवस्थामा पाठ्यक्रमका सम्पूर्ण विषयवस्तुलाई ढाँक्ने खालका प्रश्न बनाई परीक्षण

गर्न गाह्रो मात्र होइन अव्यवहारिक पनि बन्न जान्छ । जतिसुकै सचेत भएर प्रश्न निर्माण गरेपनि विषयगत प्रश्नमा एकातिर विश्वसनीयता र वैधताको उच्च सन्तुलन मिलाउन धौ धौ पर्न जान्छ भने अर्कोतिर थोरै समयमा धेरै कुराको परीक्षण हुन गई सम्पूर्ण विषयवस्तुको ज्ञान र सीपको परीक्षणले वास्तविकता प्राप्त गर्न सक्दैन । लिखित परीक्षाका सन्दर्भमा थोरै समयमा धेरै कुराको परीक्षण हुन सक्ने र विषयवस्तुको व्यापकतालाई यथोचित निर्वाह गर्न सकिने वस्तुगत प्रश्नहरू समेत निर्माण गरेर परीक्षण गर्नु जरूरी  हुन्छ । तल्ला कक्षाहरूमा त झन ३/३ घण्टा एकोहोरो लेखि रहने खालका विषयगत प्रश्नको मात्र तर्जुमा गरिनु अत्यन्त अव्यवहारिक हुन्छ (ऐ, २०६७ : १०३) । त्यसैले धेरै लेख्नु पर्ने अथवा चिनो लगाए वा एक दुई शब्द मात्र लेखे पुग्ने खालका वस्तुगत प्रश्नको समेत सन्तुलन मिलाउनु आवश्यक देखिन्छ । खास गरी पहिचानात्मक र प्रतिस्मरणात्मक खालका प्रश्नहरू विषयगत प्रश्नमा भन्दा वस्तुगत प्रश्नमै सुहाउँछन् र यस्ता प्रश्नले विषयवस्तुको व्यापकता पनि कायम गर्दछन् ।

## सारांश


मूल्य+अङ्क+अन मिलेर मूल्याङ्कन शब्दको व्युत्पत्ति भएको हो । मूल्याङ्कन शब्दले मूल्य निर्धारण गर्ने कार्यसँग सम्बन्ध राख्दछ । शिक्षा तथा मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिने मूल्याङ्कन नयाँ अवधारणा हो । मानव जीवनका हरेक कार्यसँग मूल्याङ्कन सम्बन्धित छ । यस कारण मानव जीवनका सबै पक्षमा मूल्याङ्कनले महत्व राख्दछ । शिक्षा क्षेत्रमा शैक्षिक मूल्याङ्कनलाई प्रयोग गरिदै आएको छ । यो एक बृहत अवधारणा हो । यसले विद्यार्थी, शिक्षक, पाठ्यक्रम, उत्पादन तथा सम्पूर्ण शैक्षिक कार्यक्रमको नै लेखाजोखा गरी मूल्य निर्धारण गर्दै अगाडि बढ्न सुधारात्मक उपाय अपनाउन मार्ग दर्शन गर्ने काम समेत गर्दछ ।

भाषिक मूल्याङ्कन शैक्षिक मूल्याङ्कनकै एक पाटो हो । भाषा शिक्षणका विभिन्न अपेक्षाहरू हुन्छन् । भाषा पाठ्यक्रमले निर्धारण गरेका अपेक्षाहरू भाषा शिक्षणबाट प्राप्त गर्नु पर्ने हुन्छ । यिनै भाषिक अपेक्षाहरू के कति मात्रामा प्राप्त भयो वा भएन भनी पत्ता लगाउन भाषिक मूल्याङ्कन गर्ने गरिन्छ । भाषिक मूल्याङ्कनकका लागि विभिन्न साधनहरू प्रयोग गरी भाषिक सीपको मूल्याङ्कन गर्न सकिन्छ । परीक्षालाई भाषिक मूल्याङ्कनको महत्वपूर्ण साधन मानिन्छ । लिखित परीक्षा, मौखिक परीक्षा र प्रयोगात्मक परीक्षालाई भाषिक मूल्याङ्कनका लागि अपनाउन

सकिने भए तापनि लिखित परीक्षालाई नै सर्वाधिक प्रयोगमा ल्याइन्छ । लिखित परीक्षामा विभिन्न प्रश्नहरू निर्माण गरी तिनै प्रश्नहरूको प्रयोग गरी भाषिक मूल्याङ्कन गरिन्छ । वस्तुगत तथा विषयगत प्रश्नहरू मुख्य मानिन्छन् । वस्तुगत तथा विषयगत प्रश्नहरूको प्रश्न विश्लेषण गर्न तथ्याङ्कशास्त्रीय र सैद्धान्तिक गरी दुई आधारहरू अपनाइन्छ । गणितीय आधारबाट विश्वसनीयता, वैधता र कठिनाइ स्तर निकाली त्यसको लेखाजोखा समेत गरी प्रश्नको उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकाल्ने काम तथ्याङ्कशास्त्रीय आधारमा हुन्छ भने, सैद्धान्तिक आधारमा प्रश्न विश्लेषण गर्दा प्रश्नका आन्तरिक र बाह्य आधारलाई मुख्य आधार बनाइन्छ । यसैका आधारमा प्रश्नको उपयुक्ता र अनुपयुक्तता निर्क्योल गर्ने गरिन्छ ।

## २.३ अवधारणात्मक खाका

यस अध्ययनको अवधारणात्मक खाकालाई निम्नानुसार खाकामा प्रस्तुत गरिएको छ :



# अध्याय : तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शोधकार्यमा अनुसन्धान विधि तथा प्रक्रिया अर्न्तगत ३.१ मा अनुसन्धानको ढाँचा ३.२ मा जनसङ्ख्या र नमुना छनोट, ३.३ मा तथ्याङ्कको प्रकृति र स्रोत, ३.४ मा सामग्री निर्माण र मानकीकरण, ३.५ मा तथ्याङ्क सङ्कलन विधि, ३.६ मा तथ्याङ्कको व्याख्या र विश्लेषण र ३.७ मा अनुसन्धान प्रतिवेदनको ढाँचा रहेको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन मिश्रित ढाँचाको रहेको छ । यो अध्ययन कार्य पूरा गर्नका लागि कर्णाली प्रदेश अर्न्तगतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका २०७५ सालको वार्षिक परीक्षा कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरू सङ्कलन गरिएका छन् । उक्त प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप र बाह्य तथा आन्तरिक आधारमा शाब्दिक र सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्क लिएर अध्ययन गरिएकोले गुणात्मक, परिमाणत्मक र मिश्रित ढाँचाको उपयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

यस अध्ययनमा कर्णाली प्रदेश अन्तर्गतका सम्पूर्ण जिल्लाहरूका कक्षा नौको नेपाली विषयका सम्पूर्ण प्रश्नपत्रहरू जनसङ्ख्याको रूपमा रहका छन् । जसमध्ये दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका २०७५ सालको कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरू यस अध्ययनका नमुना जनसङ्ख्या रूपमा रहेका छन् । उक्त जिल्लाबाट २०७५ सालका प्रत्येक जिल्लबाट १/१ वटा समुदायिक विद्यालयमा सोधिएका प्रश्नपत्र रहने गरी १/१ थान प्रश्नपत्र गरी जम्मा ४ थान प्रश्नपत्रहरूलाई नमुनाका रूपमा लिइएको छ । उक्त प्रश्नपत्रलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस शोधमा प्रश्नपत्रबाट शाब्दिक र सङ्ख्यात्मक किसिमका तथ्याङ्क लिइएकाले तथ्याङ्कको प्रकृति गुणात्मक र परिमाणात्मक रहेको छ । यसका साथै यस अध्ययनमा प्राथमिक स्रोत सामग्रीबाट सङ्कलित तथ्याङ्क बढी मात्रामा रहेका छन् । प्राथमिक स्रोत अन्तर्गत २०७५ सालका कक्षा नौको नेपाली विषयका कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका प्रश्नहरू प्राथमिक स्रोतका रूपमा रहेका छन् । आवश्यक सैद्धान्तिक आधार तयार पार्न विभिन्न पुस्तकहरू, सन्दर्भग्रन्थ सामग्री, अप्रकाशित शोधपत्रहरू द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

(क) **प्राथमिक स्रोत**

यस शोधका लागि २०७५ सालमा दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालित कक्षा नौको वार्षिक परीक्षाका प्रश्नपत्र प्राथमिक स्रोतका रूपमा सङ्कलित रहेका छन् ।

(ख) **द्वितीय स्रोत**

तथ्याङ्क सङ्कलनका द्वितीय स्रोत अन्तर्गत यस अध्ययन समस्यासँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शोधपत्र, कृति समीक्षा, अप्रकाशित शोधपत्रहरू र पुस्तकालीय अध्ययन विधिको समेत उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

यो अध्ययन कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयमा उपयोग भएका २०७५ सालको कक्षा नौको नेपाली विषयको प्रश्नपत्रलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ । उक्त प्रश्नपत्रबाट तथ्याङ्क सङ्कलन गर्न टिपोट पत्रहरूको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण र वर्णन गर्नु अगाडि विशिष्टीकरण तालिकालाई आधार मानी शोध निर्देशक, विषय विशेषज्ञ र वुद्धिजीवीसँग समेत छलफल गरी सामग्रीलाई मानकीकरण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलनका लागि निम्न विधिको प्रयोग गरिएको छ :

### (क) पुस्तकालयीय अध्ययन विधि

यस अध्ययन विधि अन्तर्गत कक्षा नौको नेपाली विषय २०७५ का प्रश्नपत्रको विश्लेषण सम्बन्धी आवश्यक पुस्तकहरू, शोधपत्रहरू, लेख रचना, विभिन्न पत्रपत्रिका, प्रतिवेदन आदि सङ्कलन गरिएकाले पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

### (ख) क्षेत्रीय अध्ययन विधि

प्रस्तुत अध्ययनमा कक्षा नौको नेपाली विषयको प्रश्नपत्र सङ्कलनका क्रममा कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत जाजरकोट र कालीकोट  जिल्लामा गई प्रत्येक जिल्लाका ४ वटा सामुदायिक विद्यालयका १/१ वटा प्रश्पत्रहरू सङ्कलन गरिएकाले क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत अध्ययन २०७५ सालमा कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरूको मुख्यतः वर्णनात्मक र विश्लेषणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययनका क्रममा पुस्तकालयीय विधिका  माध्यमबाट विशिष्टीकरण तालिकालाई आधार मानी भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारमा प्रश्नको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा भाषिक प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय, वर्ण विन्यास, प्रश्नपत्रको स्वरूप, प्रस्तुति अनुक्रम आदि पक्षहरू केलाइन्छ भने आन्तरिक आधार अन्तर्गत पाठ्क्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, भाषा, प्रश्नमा हुनुपर्ने गुण, विविध पक्ष आदिलाई तालिकीकरण गरी वर्णनात्मक र तार्किक  विधिको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अनुसन्धान प्रतिवेदनको ढाँचा निम्नानुसार रहेको छ :

(क) **पूर्वभाग**

अनुसन्धान प्रतिवेदनको प्रारम्भिक भागलाई नै पूर्वभाग भनिन्छ । यो अनुसन्धानको मूल भागभन्दा अगाडि रहेको छ । पूर्व भाग अन्तर्गत मुखपृष्ठ, प्रतिबद्धता पत्र, सीफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची, सङ्क्षिप्त शब्द सूची र चिह्न सूची आदि रहेका छन् ।

(ख) **मध्य भाग**

यो अनुसन्धान प्रतिवेदनको मुख्य भाग हो । मूल भागमा पहिलो अध्यायदेखि अन्तिम अध्यायसम्मका सम्पूर्ण विषयहरू समावेश गरिएका छन् । यसलाई विभिन्न अध्याय, शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । मूलतः मूल भागलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा समस्या कथन, उद्देश्य, औचित्य, परिसीमा, अध्ययनको रूपरेखा समावेश गरिएको छ भने दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सम्बन्धित विषयको सैद्धान्तिक चर्चाका साथै अध्ययनको अवधारणात्मक खाकालाई समेत उल्लेख गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया उल्लेख गरिएको छ । चौथो अध्यायमा प्रश्नपत्रको विश्लेषण र व्याख्या सम्बन्धी रहेको छ भने अन्तिम वा पाँचौं अध्यायमा निष्कर्ष तथा सुझाव समावेश गरिएको छ ।

(ग) **उत्तर भाग**

अनुसन्धान प्रतिवेदनको अन्तिम भागलाई उत्तर भाग भनिन्छ । अनुसन्धानलाई थप प्रामाणिक र विश्वसनीय बनाउन उत्तर भागले मद्दत गर्दछ । उत्तर भागमा सन्दर्भ सूची, परिशिष्ट र व्यक्तिवृत्त समावेश गरिएको छ ।

# अध्याय : चार

# प्रश्नपत्रको विश्लेषण

यस अध्यायमा माध्यमिक तह कक्षा नौको नेपाली विषय २०७५ को नयाँ पाठ्यक्रमा आधारित प्रश्नको विश्लेषण कार्य क्रमशः विशिष्टीकरण तालिका अनुरूप बाह्य र आन्तरिक आधारमा केन्द्रित भई अध्ययन  गरिएको छ । कर्णाली प्रदेश अन्तर्गतका दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाबाट सङ्कलन गरिएका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरूको विशिष्टीकरण तालिका अनुरूप र प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## ४.१ विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण

विशिष्टीकरण तालिकाको प्रयोगले प्रश्न निर्माणमा सघाउँ पुचाउनुका साथै पाठ्यक्रम अनुरूपता, विश्वसनीयता, वैधता, विभेदकारिता, विविधता, व्यापकता, स्तरयुक्तता र विषयवस्तुको सन्तुलन जस्ता आवश्यक गुणले प्रश्न र परीक्षण दुवैलाई सार्थक एवम् उद्देश्यपूर्ण बनाउँछ । विशिष्टीकरण तालिकाको निर्माण गरी निर्माण गरिएको प्रश्नका आधारमा लिइएको परीक्षामा उच्चस्तरीय विषयगत वैधता र प्रमाणिक हुन्छ । यसमा विद्यार्थीले हासिल गर्नुपर्ने ज्ञान, सीप र अभिवृत्ति मूल्याङ्कनका लागि विशिष्ट योजना बनाइएको हुन्छ । पाठ्यक्रमको कुन क्षेत्रबाट कस्ता प्रश्नहरू निर्माण गरी विद्यार्थीको कुन सीप परीक्षण वा मूल्याङ्कन गर्ने भन्ने कुरा विशिष्टीकरण तालिकाबाट सहजै थाहा पाउन सकिन्छ । तसर्थ प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरू पायठ्क्रम अनुरूप परीक्षण, विद्या र क्षेत्र, प्रश्न सङ्ख्या, समय र अङ्कभारका आधारमा विशिष्टीकरण तालिका अनुसार निम्नानुसार अध्ययन गरिएको छ :

### ४.१.१ पाठ्यक्रम उद्देश्य अनुरूप परीक्षण

भाषिक प्रश्न निर्माणको कुरा भाषा शिक्षण र त्यसको मूल्याङ्कन र परीक्षणसँग सम्बन्धित कुरा हो । प्रश्न निर्माणको कुरा भन्न र सुन्न जति सजिलो छ, व्यवहारमा उतार्न त्यति सजिलो छैन् । भाषा परीक्षणका लागि सकेसम्म भाषाका सबै सीप र परीक्षणको वैज्ञानिक र सन्तुलित परीक्षण

गर्न सक्ने गुण भएका प्रश्नहरू निर्माण गरिनु पर्दछ । विश्वसनीयता, वैधता, विभेदकारिता, स्तरयुक्तता तथा व्यवहारिक जस्ता गुण र विशेषताहरूको अबलम्बन गरेर प्रश्न निर्माण गरेमा मात्र त्यस्ता प्रश्नहरूले भाषाको सार्थक परीक्षण गर्न सक्दछ ।

अतः अध्ययनमा समेटिएका प्रतिनिधि चार जिल्लाका समामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रहरू पाठ्यक्रमका उद्देश्य अनुरुप निर्माण गरेको देखिन्छ । पाठ्यक्रमका विधा अनुसार पढाइ र लेखाइ सीप विकास हुने गरी प्रश्नहरू निर्माण गरेको पाइन्छ । पढाइ सीपको लागि कथा, कविता, जीवनी निबन्ध आदिबाट कुनै अशं दिइएर उत्तर दिने खालका प्रश्न र पाठगत बोधबाट प्रश्न निर्माण गरेको पाइन्छ । लेखाइ सीपको लागि शुद्धीकरण, वाक्य रचना विभिन्न विधाबाट चिठी, जीवनी, संवाद, निबन्ध लेखन जस्ता प्रश्नहरू समेटेको पाइन्छ । सवै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा सुनाइ र बोलाइ सीपका लागि प्रश्नहरू समेटेको पाइँदैन । पाठ्यक्रमका अधिकांश उद्देश्य अनुसार प्रश्न निर्माण गरेता पनि पाठ्यक्रमका सबै क्षेत्रलाई प्रश्नपत्रले समेटको देखिँदैन । दैलेख, सुर्खेत, र कालीकोट जिल्लाका सामुदायिक मध्यमिक विद्यालयका प्रश्नपत्र जम्मा ४५ पूर्णाङ्क र जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा जम्मा ६० पूर्णाङ्कको प्रश्न निर्माण गरिएको छ । जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा प्रयोगात्मक कार्य (सुनाइ र बोलाइ) सीपका लागि २५ अङ्क छुट्याइएको पाइँदैन भने दैलेख, सुर्खेत र कालीकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा प्रयोगात्मक कार्य (सुनाइ र बोलाइ) सीपका लागि २५ अङ्क छुट्याएकोले समग्रमा सबै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रहरूमा अधिकांश उद्देश्य समेटेर प्रश्न निर्माण गरेको पाइन्छ ।

### ४.१.२ विधा र क्षेत्र

पाठ्यक्रमका उद्देश्यका आधारमा निर्धारण गरिएका विषयवस्तुको व्यापकतालाई यथोचित ख्याल गरेर परीक्षणीय प्रश्नहरू निर्माण गरिनु पर्दछ । यसरी पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र तिनका सीमाहरूलाई समग्र रूपमा ढाक्ने र त्यसै अनुसार विद्यार्थीका उपलब्धिहरूलाई परीक्षण गर्न विभिन्न क्षेत्र र विधाबाट प्रश्नहरू निर्माण गरिनु पर्दछ । तसर्थ प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्र विशिष्टीकरण तालिका

अनुसार क्षेत्र र विधालाई निम्नानुसार उल्लेख गरिएको छ :

## क्षेत्र र विधा

### तालिका नं. १

| विशिष्टीकरण तालिका अनुसार | प्रतिनिधि जिल्लाका अनुसार | | | | |
|---|---|---|---|---|---|
| क्षेत्र- पढाइ र लेखाइ | विधा | दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
| १.शब्दभण्डार | अर्थ लेखन | ✓ | ✓ | ✓ | ✓ |
| | शब्द पहिचान | ✓ | ✓ | ✓ | ✓ |
| | वाक्यमा प्रयोग | ✓ | ✓ | ✓ | ✓ |
| २.हिज्जे(वर्ण विन्यास,लेख्य चिह्न र पदयोग तथा पद वियोगं) | शुद्धीकरण<br>क.शब्दको तहमा | – | – | – | ✓ |
| | ख.वाक्यको तहमा | – | ✓ | ✓ | ✓ |
| ३.व्याकरण | क.शब्दवर्ग | – | ✓ | ✓ | ✓ |
| | ख.शब्द निर्माण | – | ✓ | ✓ | ✓ |
| | अ.उपसर्ग र प्रत्यय | – | – | – | ✓ |
| | आ.समास र विग्रह | ✓ | ✓ | ✓ | ✓ |
| | ग.काल,पक्ष र भाव | ✓ | ✓ | ✓ | ✓ |
| | घ.वाक्य परिवर्तन तथा सश्लेषण, विश्लेषण | – | ✓ | ✓ | ✓ |
| | ङ.स्वतन्त्र वाक्य रचना(वर्णन) | – | ✓ | ✓ | ✓ |
| ४.पाठगत बोध | क.बोध सम्बन्धी प्रश्नोत्तर( दृष्टांश) | ✓ | ✓ | ✓ | ✓ |
| | ख.बोध सम्बन्धी प्रश्नोत्तर( अदृष्टांश) | – | – | ✓ | – |
| ५.बुँदा टिपोट र साराशं (दृष्टाशं) | बुँदा टिपोट र साराशं | – | – | – | ✓ |
| ६.निर्देशित रचना | कथा,जीवनी,एकाङ्की, मनोबाद, वादविवाद,चिठी | – | – | ✓ | ✓ |
| ७.भाव विस्तार सप्रसङ्ग व्याख्या | कथा,कविता, जीवनी, निबन्ध | ✓ | ✓ | ✓ | ✓ |
| ८.पाठगत बोध ( सङ्क्षिप्त उत्तरात्मक) | क.कथा, कविता, जीवनी, प्रबन्ध,निबन्ध(सन्दर्भमा आधारित) | ✓ | ✓ | ✓ | ✓ |
| | ख.तार्किक सिल्प, समस्या समाधानात्मक | – | – | – | – |
| ९.पाठगत बोध (लामो उत्तरात्मक) | क्था, कविता, जीवनी, प्रबन्ध,निबन्ध | ✓ | ✓ | ✓ | – |
| १०.स्वतन्त्र रचना ( सर्जनात्मक) | | ✓ | ✓ | ✓ | ✓ |

माथिको तालिका अनुसार क्षेत्र र विधाका आधारमा प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक

विद्यालयमा विशिष्टीकरण तालिका अनुसार पढाइ र लेखाइ सीपका लागि अधिकांश क्षेत्रलाई नै समेटेर प्रतिनिधि प्रश्न निर्माण गरेको पाइन्छ भने विधागत रूपमा प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयले विशिष्टीकरण तालिका अनुसार सबै विधालाई समेटेर प्रश्न निर्माण गरेको पाइँदैन् । दैलेख जिल्लाको श्री अरनिको माध्यमिक विद्यालयले विशिष्टीकरण तालिका अनुसार शब्दको तहमा शुद्धीकरण, शब्दवर्ग, शब्द निर्माण, वाक्य परिवर्तन, स्वत्रन्त्र वाक्य रचना, बुँदा टिपोट, निर्देशित रचना र तार्किक शिल्प सुर्खेत जिल्लाले शब्दको तहमा शुद्धीकरण, पाठगत बोध, बुँदा  टिपोट, निर्देशित रचना र तार्किक शिल्प जाजरकोट जिल्लाले शब्दको तहमा शुद्धीकरण, बुँदा टिपोट र तार्किक शिल्प जस्ता विधालाई नसमेटेर त्रुटि गरको देखिन्छ भने कालीकोट जिल्लाको प्रश्नमा सबै विधालाई समेट्ने प्रयास गरेपनि तार्किक शिल्प र लामो उत्तरात्मक प्रश्नलाई समेटको देखिँदैन ।

यसरी समग्रमा हेर्दा दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयले विशिष्टीकरण तालिकालाई ध्यान नदिई कम विधालाई मात्र समेटेर प्रश्न निर्माण गरेको पाइन्छ भने अन्य तीन जिल्ला सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा सबै विधालाई समेट्ने नसके पनि अधिकांश विधाहरूलाई समेटी विशिष्टीकण तालिका अनुसार प्रश्न निर्माण गर्ने प्रयास गरेको देखिन्छ ।

### ४.१.३ अङ्कभार र निर्देशन

अध्ययनका कममा समावेश गरिएका प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयमा निर्माण गरिएका कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको अङ्कभार निर्देशनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २

## अङ्कभार निर्देशन

| विशिष्टीकरण तालिकाअ नुसार | | प्रतिनिधि जिल्लाका प्रश्नपत्र अनुसार | | | |
|---|---|---|---|---|---|
| प्रश्न नं. | अङ्कभार | दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
| १. | २ | २ | २ | २ | २ |
| २. | २ | २ | १ | २ | २ |
| ३. | २ | २ | २ | २ | २ |
| ४. | १ | | | | १ |
| ५. | २ | २ | २ | २ | १ |
| ६ | ३ | | २ | २ | २ |
| ७. | २ | | १ | २ | १ |
| ८. | १ | | | | १ |
| ९. | २ | २ | १ | २ | ४ |
| १०. | ४ | | २ | ४ | ४ |
| ११. | ३ | | ३ | ३ | ३ |
| १२. | ५ | | | ५ | |
| १३. | ५ | ५ | ५ | | ५ |
| १४. | ५ | | | | ३ |
| १५. | ४ | | | ६ | ३ |
| १६. | ४ | ५ | ४ | ४ | ३ |
| १७. | ८ | ८ | ४ | ८ | ४ |
| १८. | ४ | | | | |
| १९. | ८ | ८ | ८ | ८ | |
| २०. | ८ | ९ | ८ | ८ | ८ |
| जम्मा | ७५ | ४५ | ४५ | ६० | ४५ |

माथिको तालिका अनुसार विशिष्टीकण तालिकामा निर्धारण गरिएको अङ्कभार र प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा कतै समानता र कतै भिन्तता रहेको पाइन्छ । दैलेख जिल्लाको अरनिको माध्यमिक विद्यालयको प्रश्न नं. ८ र १० को प्रश्नमा विशिष्टीकण तालिका भन्दा बढी अङ्कभार निर्धारण गरेको पाइन्छ भने अन्य सबै प्रश्न विशिष्टीकण तालिका अनुसार नै अङ्कभार निर्धारण गरेको पाइन्छ । सुर्खेत जिल्लाको प्रश्न नं. २, ५, ६, ७, ८ र १२ को प्रश्नमा विशिष्टीकरण तालिका भन्दा कम अङ्क निर्धारण गरेको पाइन्छ भने अन्य सबै प्रश्न विशिष्टीकरण तालिका अनुसार नै अङ्कभार निर्धारण गरको पाइन्छ । त्यस्तै जाजरकोट जिल्लाको श्री सरस्वती माध्यमिक विद्यालयको प्रश्नपत्रमा प्रश्न नं. ५ मा विशिष्टीकरण तालिका भन्दा कम अङ्कभार निर्धारण गरिएको छ भने प्रश्न नं. १३ मा विशिष्टीकरण तालिका भन्दा बढी अङ्क निर्धारण गरेको पाइन्छ भने अन्य सबै प्रश्न विशिष्टीकण तालिका अनुसार नै अङ्कभार निर्धारण गरेको पाइन्छ । कालीकोट जिल्लाको प्रश्नपत्रमा प्रश्न नं. ४ को 'ख', ५, ६, ११, १२, १३, १४ र १५ को प्रश्नमा विशिष्टीकरण तालिका भन्दा कम अङ्कभार निर्धारण गरिएको पाइन्छ भने अन्य सबै प्रश्न विशिष्टीकरण तालिका अनुसार नै अङ्कभार निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार अङ्कभार निर्धारणमा एकरूपता देखिँदैन ।

### ४.१.४ समय निर्देशन

अध्ययनमा छनोट गरिएका प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रहरूको विशिष्टीकण तालिका अनुसार निर्धारण गरिएको समयलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

## तालिका नं. ३

## समय निर्देशन

| विशिष्टीकण तालिका अनुसार | | प्रतिनिधि जिल्लाका प्रश्नपत्र अनुसार | | | |
|---|---|---|---|---|---|
| प्रश्न नं. | समय | दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
| १. | ४ | – | – | – | – |
| २. | ४ | – | – | – | – |
| ३. | ४ | – | – | – | – |
| ४. | २ | – | – | – | – |
| ५. | ४ | – | – | – | – |
| ६. | ५ | – | – | – | – |
| ७. | ४ | – | – | – | – |
| ८. | २ | – | – | – | – |
| ९. | ४. | – | – | – | – |
| १०. | ७ | – | – | – | – |
| ११. | ५ | – | – | – | – |
| १२. | ९ | – | – | – | – |
| १३. | ९ | – | – | – | – |
| १४. | ९ | – | – | – | – |
| १५. | ७ | – | – | – | – |
| १६. | ७ | – | – | – | – |
| १७. | १४ | – | – | – | – |
| १८. | ७ | – | – | – | – |
| १९. | १४ | – | – | – | – |
| २०. | १४ | – | – | – | – |
| जम्मा | २:१५ मिनेट | १:१५ मि. | १:१५मि. | ........? | १:१५ मि. |

माथिको तालिका अनुसार प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा समय विभाजनलाई हेर्दा विशिष्टीकरण तालिकामा विधागत रूपमा तोकिएका प्रश्नको समय निर्धारण गरको पाइन्छ भने प्रतिनिधि प्रश्नपत्रमा  दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा एकमूष्ट रूपमा समय विभाजन गरेको पाइन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा भने एकमूष्ट रूपमा पनि समय विभाजन नगरेर त्रुटि गरेको पाइन्छ ।

## ४.२ बाह्य आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण

भाषिक प्रश्न विश्लेषणका दुई आधारमध्ये बाह्य आधार पनि महत्वपूर्ण आधार हो । बाह्य आधार अन्तर्गत प्रश्नहरूको बाह्य आकृति, प्रकृति, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत कुराहरूको विश्लेषण गरिन्छ । भाषिक प्रश्नहरू आकृतिगत वैधताका दृष्टिले के कति सबल र दुर्बल छन् भनी निक्र्यौल र निर्धारण गर्ने काम यस अन्तर्गत गरिन्छ । यस अध्ययनमा प्रतिनिधि प्रश्नहरूको आकृतिगत वैधताबारे अध्ययन विश्लेषण गरिएको छ । अतः प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निम्न कुरामा आधारित भएर प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका  प्रश्नहरूको बाह्य आधारमा निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ :

- निर्देशन
- अङ्क विभाजन र समय
- प्रश्नपत्रको स्वरूप
- प्रस्तुति अनुक्रम
- वर्ण विन्यास

### ४.२.१ निर्देशन

प्रश्नहरूको ढाँचा र ती प्रत्येक प्रश्नहरूको उत्तर दिन लाग्ने समयको आकलनपछि विद्यार्थीहरूका लागि निर्देशन तयार पार्नुपर्ने हुन्छ । तसर्थ निर्देशन अन्तर्गत शीर्ष निर्देशन, प्रश्न निर्देशन, समय निर्देशन, अङ्क निर्देशन, पृष्ठ निर्देशन र विकल्प निर्देशन जस्ता कुराहरू पर्दछन् । यिनै निर्देशन अन्तर्गत आधारित भएर प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

क. शीर्ष निर्देशन

प्रश्पत्रको सबैभन्दा सुरूको भाग जसले उत्तर वा जबाफ दिने तरिका के, कति गर्ने साङ्केतिक रूपमा लेखिएको भागलाई शीर्ष निर्देशन भनिन्छ । निर्देशन सरल, स्पष्ट र वस्तुनिष्ठ हुनुपर्दछ । यसरी प्रतिनिधि जिल्लाका  सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको निम्नानुसार शीर्ष निर्देशन रहेको छ :

तालिका नं. ४

शीर्ष निर्देशन

| क्रम सं. | जिल्ला | शीर्ष निर्देशन |
|---|---|---|
| १ | दैलेख | छैन् |
| २ | सुर्खेत | (मौलिक र सिर्जनात्मक उत्तरलाई अङ्कनमा प्राथमिकता दिइनेछ) |
| ३ | जाजरकोट | छैन् |
| ४ | कालीकोट | परीक्षार्थीहरूले दिइएको निर्देशनको आधारमा आफ्नै मौलिक तथा सिर्जनात्मक उत्तर दिनुहोस् । |

माथिको तालिका अनुसार प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको अध्ययन गर्दा दैलेख जिल्लाको  श्री अरनिको माध्यमिक विद्यालयको प्रश्नपत्रमा विद्यार्थीको लागि कुनै पनि निर्देशन दिइएको छैन् भने सुर्खेत जिल्लाको प्रश्नपत्रमा विद्यार्थीका लागि मौलिक र सिर्जनात्मक उत्तरलाई अङ्कनमा प्राथमिकता दिइनेछ भनी सङ्क्षिप्त निर्देशन गरेको पाइन्छ । जाजरकोट जिल्लाको श्री सरस्वती माध्यमिक विद्यालयको प्रश्नपत्रमा  पनि विद्यार्थीका लागि कुनै शीर्ष निर्देशन दिइएको देखिँदैन । त्यस्तै कालीकोट जिल्लाको प्रश्नपत्रमा भने परीक्षार्थीहरूले दिइएको निर्देशनको आधारमा आफ्नै मौलिक तथा सिर्जनात्मक उत्तर दिनुहोस् भनी निर्देशन गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देशन नदिइएर त्रुटि गरेको पाइन्छ भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा भने शीर्ष निर्देशन दिइएर

विद्यार्थीलाई उत्तर लेखनमा सहजता बनाएको देखिन्छ ।

## ख. प्रश्न निर्देशन

विद्यार्थीहरूलाई प्रश्नको आशय, उद्देश्य, प्रक्रिया र सीमा निर्धारण गर्ने काम प्रश्न निर्देशनले गर्ने हुँदा यो प्रत्येक प्रश्नमा हुनु जरूरी हुन्छ । वस्तुगत वा विषयगत के हो भनी छुट्याउने आधार तथा प्रश्नलाई उद्देश्यपूर्ण, मापनीय, स्पष्ट र प्रभाकारी बनाउन प्रश्न निर्देशनको महत्वपूर्ण भूमिका रहको हुन्छ । यसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा निम्नानुसार प्रश्न निर्देशन गरेको पाइन्छ :

**तालिका नं. ५**

**प्रश्न निर्देशन**

| | प्रश्न निर्देशन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | प्रश्न नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| दैलेख | | | | | | | | | | | | | | | | |
| सुर्खेत | | | | | | | | | | | | | | | | |
| जाजरकोट | | | | | | | | | | | | | | | | ✓ |
| कालीकोट | | | | | | | ✓ | | | | | | | | | |

माथिको तालिकालाई अध्ययन गर्दा प्रश्न निर्देशनका दृष्टिले दैलेख र सुर्खेत जिल्लाको प्रश्नपत्रमा प्रश्न निर्देशनका दृष्टिले उपयुक्त नै देखिन्छ भने जाजरकोट जिल्लाको प्रश्न नं. १५ मा भने २०० शब्द नघटाई कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् भनिएको छ र यसमा कति अङ्कको हो र शीर्षक पनि नदिइएकाले विद्यार्थीलाई उत्तर लेख्नमा अन्योलता ल्याएको जस्तो देखिन्छ । उक्त प्रश्नमा अङ्कभार र कुनै तीन ओटा शीर्षक दिएर विद्यार्थीलाई कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् भन्ने निर्देशन दिएको भए उपयुक्त हुन्थ्यो । त्यस्तै कालीकोट जिल्लाको प्रश्न नं. ६ को उपप्रश्न 'ख' मा तलका शब्दको समास र विग्रह गर्नुहोस् भनेर निर्देशन गरेको छ । यसरी हेर्दा उक्त प्रश्नमा समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् भन्ने निर्देशन दिइएको भए उपयुक्त हुन्थ्यो ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चारवटै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा प्रश्न निर्देशनका दृष्टिले उपयुक्त नै रहेको पाइन्छ ।

### ग. विकल्प निर्देशन

विकल्प भन्नाले यो वा त्यो भन्ने बुझिन्छ । सामान्यतयाः कुनै पनि विषयका प्रश्नहरूमा विकल्प दिनु सैद्धान्तिक हिसाबले राम्रो नमानिए तापनि व्यवहारिक रूपमा विद्यार्थीलाई सजिलोहोस् भन्नका लागि विकल्प दिने गरिन्छ । विकल्प निर्देशन दिँदा समय, अङ्कभार, उद्देश्य तथा आशय र समान स्तर भएको विकल्प दिनु पर्दछ । यसरी प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको विकल्प निर्देशन निम्नानुसार रहेको छ :

**तालिका नं. ६**

**विकल्प निर्देशन**

| | विकल्प निर्देशन | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | प्रश्न नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | जम्मा |
| दैलेख | | | | | | | | | | | ✓ | | | | | | १ |
| सुर्खेत | | | | | | | | | | | | ✓ | ✓ | ✓ | ✓ | | ४ |
| जाजरकोट | | | | | | | | | | | | ✓ | ✓ | | | | २ |
| कालीकोट | | | | | | | | | | | | | ✓ | ✓ | ✓ | ✓ | ४ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा विकल्प निर्देशनलाई हेर्दा दैलेख जिल्लाको प्रश्न नं. १० मा ३ वटा विकल्प दिई कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्न निर्देशन गरिएको छ । त्यस्तै सुर्खेत जिल्लाको प्रश्नपत्रमा प्रश्न नं. ११ मा भाव स्पष्ट गर्ने प्रश्नमा २ वटा विकल्पमध्ये कुनै एक उद्धरणको भाव स्पष्ट गर्नुहोस् भनी निर्देशन गरिएको छ र प्रश्न नं. १२ मा कुनै दुईवटा अशं विकल्पको रूपमा दिइएको छ, त्यस मध्यबाट कुनै एक अशं पढेर प्रश्नको उत्तर दिनुहोस् भनी निर्देशन गरिएको छ र प्रश्न नं. १३ मा २ वटा विकल्प दिइएर कुनै एक प्रश्नको विवेचनात्मक उत्तर

दिनुहोस् भनी निर्देशन गरेको पाइन्छ भने प्रश्न नं. १४ मा ३ वटा विकल्प दिइएर कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् भनी निर्देशन गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा प्रश्न नं. ११ मा कुनै २ वटा विकल्प दिइएर कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् भनी निर्देशन गरिएको छ भने प्रश्न नं. १२ मा ३ वटा विकल्प दिइएर कुनै दुई प्रश्नको उत्तर देऊ भनी निर्देशन गरिएको छ । त्यस्तै कालीकोट जिल्लाको प्रश्नपत्रमा प्रश्न नं. १२ मा जीवनी लेखन र चिठी लेखन गरी २ वटा विकल्पमध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् भनी निर्देशन गरिएको छ र प्रश्न नं. १३ मा २ वटा विकल्प दिइएर कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् भनी निर्देशन गरिएको छ भने प्रश्न नं. १४ मा ३ वटा विकल्प दिइएर कुनै २ वटा प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनी निर्देशन गरिएको छ भने प्रश्न नं. १५ मा ३ वटा विकल्प दिइएर कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् भनी विकल्प निर्देशन गरिएको छ ।

यसरी समग्रमा प्रतिनिधि चारवटा सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा विकल्प निर्देशनलाई हेर्दा दैलेख जिल्लाको १ वटा, सुर्खेत जिल्लाको ४ वटा, जाजरकोट जिल्लाको २ वटा र कालीकोट जिल्लाको ४ वटा विकल्प प्रश्न गरी जम्मा ११ वटा प्रश्नहरुको विकल्प निर्देशन दिइएको छ । सबै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा केही मात्रामा समानता भएपनि प्रश्न सङ्ख्या र विकल्प निर्देशनमा एकरूपता देखिँदैन ।

### घ. पृष्ठ निर्देशन

एक वा एकभन्दा बढी पृष्ठमा प्रश्नपत्र भए पृष्ठ सङ्ख्या दिनु अनिवार्य हुन्छ । यही प्रश्नपत्रको पृष्ठ सम्बन्धी जानकारी नै पृष्ठ निर्देशन हो । पृष्ठ निर्देशनले प्रश्नहरू अर्को पृष्ठमा पनि छ भन्ने कुराको र प्रश्नहरू समाप्त भएको जानकारी पनि दिने भएकोले प्रश्नपत्रमा पृष्ठ निर्देशन अनिवार्य रूपमा उल्लेख गरिनु पर्दछ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको पृष्ठ निर्देशन निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं. ७

पृष्ठ निर्देशन

| | पृष्ठ निर्देशन | | |
|---|---|---|---|
| जिल्ला | समाप्त | शुभकामनाकासाथ समाप्त | पृष्ठ |
| दैलेख | – | ✓ | – |
| सुर्खेत | ✓ | – | क्रमशः |
| जाजरकोट | ✓ | – | – |
| कालीकोट | ✓ | – | – |

माथिको तालिका अनुसार प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको पृष्ठ निर्देशनलाई हेर्दा दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा कुनै पनि पृष्ठ सङ्ख्या नदिइएर अन्तमा 'सफलताको कामनासाथ' समाप्त गरेको छ । सुर्खेत जिल्लाको प्रश्नपत्रको अन्त्यमा पृष्ठ १ र २ मा क्रमशः लेखेर अन्तमा 'समाप्त' लेखेर प्रश्नलाई समाप्त गरेको पाइन्छ भने जाजरकोट र कालीकोट जिल्लाको प्रश्नपत्रमा अन्तमा पृष्ठ सङ्ख्या नलेखेर अन्तमा 'समाप्त' लेखेर प्रश्नपत्र समापन गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रमा दैलेख, जाजरकोट र कालीकोट जिल्लाको प्रश्नपत्रमा क्रमशः अथवा पृष्ठ सङ्ख्या दिएको पाइदैन । यसरी उक्त जिल्लाका प्रश्नपत्रमा पृष्ठ सङ्ख्या अन्तमा नलेख्नाले प्रश्न एकै पृष्ठमा सकिएको हो की भनी विद्यार्थीलाई अलमल्याउन खोजेको जस्तो देखिन्छ । यसर्थ पृष्ठ सङ्ख्या पनि सबै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा एकरूपता देखिँदैन् ।

### ४.२.२ अङ्क विभाजन र समय निर्धारण

प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारणको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रश्नको अङ्क अनुसार समयको निर्धारण गर्नुपर्ने हुँदा यी दुईका बिचमा तालमेल मिलेमो हुनु पर्दछ ।

प्रश्नको प्रकृति, उत्तरको आकार, कठिनाइ स्तर आदिका आधारमा अङ्क र समय निर्धारण गर्नु पर्दछ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका पश्नहरूको अङ्क विभाजन र समय निर्धारण निम्नानुसार गरिएको छ :

### क.प्रश्न र पूर्णाङ्क वितरण

प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषका प्रश्नपत्रमा प्रश्न र पूर्णाङ्क वितरण निम्नानुसार गरिएको छ :

**तालिका नं. ८**

**प्रश्न र पूर्णाङ्क वितरण**

| | | प्रश्न सङ्ख्या अनुसार कमशःछुट्याइएको अङ्क | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | प्रश्न सं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | जम्मा पू. |
| दैलेख | १० | २ | २ | २ | २ | २ | ५ | ८ | ५ | ९ | | | | | | | ४५ |
| सुर्खेत | १४ | २ | १ | २ | २ | २ | १ | १ | २ | ३ | ५ | ४ | ४ | ८ | ८ | | ४५ |
| जाजरकोट | १५ | २ | २ | २ | २ | २ | २ | २ | ४ | ३ | ५ | ४ | ८ | ६ | ८ | ८ | ६० |
| कालीकोट | १५ | २ | २ | २ | २ | २ | २ | ४ | ४ | ३ | ५ | ३ | ३ | ३ | ४ | ४ | ४५ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका दाँया भागको शीर्ष भागमा एकमूष्ठ रूपमा पूर्णाङ्क उल्लेख गरको पाइन्छ । सबै जिल्लाका प्रतिनिधि प्रश्नपत्रमा पूर्णाङ्क र अङ्क विभाजनमा पनि एकरूपता पाइँदैन । दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा जम्मा १० वटा प्रश्नहरू रहेका छन् । सम्पूर्ण प्रश्नको कूल अङ्क ४५ तोकिएकोमा त्रमशः १-१० सम्म निम्नानुसार प्रश्नगत अङ्क विभाजन गरेको पाइन्छ । जसमा क्रमशः २, २, २, २, २, ५, ८, ९ गरी जम्मा ४५ अङ्क निर्धारण गरिएको छ । सुर्खेत जिल्लाको जम्मा १४ वटा प्रश्नहरू निर्माण गरिएको छ, जसको कूल अङ्क ४५ तोकिएकोमा क्रमशः १-१४ सम्म निम्नानुसार अङ्क विभाजन गरिएको देखिन्छ । जसमा क्रमशः २, १, २, २, २, १, १, २, ३, ५, ४, ४, ८, ८ गरी जम्मा ४५ अङ्क निर्धारण गरिएको

पाइन्छ ।

त्यस्तै जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा जम्मा १५ वटा प्रश्नहरू निर्माण गरिएका छन् । सम्पूर्ण प्रश्नहरूको कूल अङ्क ६० तोकिएको क्रमशः १-१५ सम्म निम्नानुसार प्रश्नगत अङ्क विभाजन गरेको पाइन्छ । जसमा क्रमशः २, २, २, २, ४, ३, ५, ४, ८, ६, ८, ८ गरी जम्मा ६० अङ्क निर्धारण गरिएको छ ।

कालीकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा जम्मा १५ वटा प्रश्नहरू निर्माण गरिएको छ । जसको पूर्णाङ्क ४५ र प्रश्नगत अङ्क २, २, २, २, २, २ ४, ४, ३, ५, ३, ३, ३, ४, ४ गरी जम्मा ४५ अङ्क निर्धारण गरिएको छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा प्रश्न र पूर्णाङ्क वितरणका आधारमा एकरूपता रहेको देखिँदैन । दैलेख जिल्लाको प्रश्नपत्रमा प्रश्न सङ्ख्याका दृष्टिले सबै भन्दा कम प्रश्न राखेको पाइन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा अन्य जिल्लाका प्रश्न भन्दा बढी पूर्णाङ्क निर्धारण गरिएको पाइन्छ । यसरी दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा प्रश्न सङ्ख्यामा एकरूपता नभएपनि समग्र पूर्णाङ्कमा भने एकरूपतानै रहेको पाइन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा भने प्रश्न सङ्ख्या र पूर्णाङ्कमा भने एकरूपता देखिँदैन ।

### ख. उत्तीर्णाङ्क

कुनै कक्षा वा तह उत्तीर्ण गर्नका लागि निर्धारण गरिएको न्यूनतम अङ्कलाई नै उत्तीर्णाङ्क भनिन्छ । प्रश्नपत्रको  पूर्णाङ्कको आधारमा उत्तीर्णाङ्क निर्धाण गर्ने गरिन्छ । यही अङ्कलाई आधार मानी परीक्षार्थीहरूलाई पास फेल छुट्याउने गरिन्छ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको उत्तीर्णाङ्क निम्नानुसार निर्धारण गरिएको छ :

तालिका नं. ९

उत्तीर्णाङ् निर्धारण

| जिल्ला | प्रश्न सङ्ख्या | जम्मा पूर्णाङ्क | जम्मा उत्तीर्णाङ्क |
|---|---|---|---|
| दैलेख | १० | ४५ | १८ |
| सुर्खेत | १४ | ४५ | – |
| जाजरकोट | १५ | ६० | २० |
| कालीकोट | १५ | ४५ | १८ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख जिल्लाको उत्तीर्णाङ्क १८, सुर्खेत जिल्लाले पूर्णाङ्क मात्र निर्धारण गरेर उत्तीर्णाङ्क निर्धारण गरेको छैन् भने जाजरकोट जिल्लाको २० र कालीकोट जिल्लाको प्रतिनिधि प्रश्नपत्रमा १८ उत्तीर्णाङ्क निर्धारण गरेको पाइन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रमले ९-१० को नेपाली विषयको पढाइ र लेखाइ सीपको लागि ७५ पूर्णाङ्क र सुनाइ र बोलाइ सीपको लागि २५ पूर्णाङ्क छुट्याएको पाइन्छ । त्यसमा पनि कक्षा नौको आवधिक परीक्षामा पहिलो र दोस्रो त्रैमासिक गरी क्रमशः १०+२०=३० पूर्णाङ्क निर्धारण गरिएको छ भने ४५ पूर्णाङ्कको वार्षिक परीक्षा गरी ७५ पूर्णाङ्क र २५ पूर्णाङ्कको निरन्तर मूल्याङ्कन अथवा प्रयोगात्मक कार्यको लागि छुट्याइएको पाइन्छ ।

यसरी हेर्दा दैलेख जिल्लाको प्रश्नपत्रमा ४५ पूर्णाङ्कमा १८ उत्तीर्णाङ्क छुट्याइएको छ भने सुर्खेत जिल्लाको ४५ पूर्णाङ्क मात्र निर्धारण गरेर उत्तीर्णाङ्क नछुट्याएर त्रुटिपूर्ण गरेको पाइन्छ । त्यस्तै जाजरकोट जिल्लाको ६० पूर्णाङ्कमा २० उत्तीर्णाङ्क निर्धारण गरेको पाइन्छ र उक्त जिल्लाको प्रश्नपत्रमा पाठ्यक्रम भन्दा बढी पूर्णाङ्क र उत्तीर्णाङ्क निर्धारण गरेर प्रयोगात्मक कार्यको पाटोलाई भूलेको देखिन्छ । कालीकोट जिल्लाको प्रश्नपत्रमा ४५ पूर्णाङ्क र उत्तीर्णाङ्क १८ निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख, र

कालीकोट जिल्लाको प्रश्नपत्रमा उत्तीर्णाङ्क र पूर्णाङ्क निर्धारणमा समानता पाइन्छ भने सुर्खेत जिल्लाको प्रश्नपत्रमा उतीर्णाङ्क निर्धारण नगरेर त्रुटि गरेको पाइन्छ । त्यस्तै जाजरकोट जिल्लाको प्रश्नपत्रमा पूर्णाङ्क र उत्तीर्णाङ्क बढी निर्धारण गरेर पाठ्यक्रमलाई ध्यान नदिइएर प्रश्नपत्र निर्माण गरेकाले अन्य जिल्लाका प्रश्नपत्र भन्दा पूर्णाङ्क र उत्तीर्णाङ्कमा भिन्न रहेको पाइन्छ ।

### ग. पढाइ सीप र अङ्क विभाजन

भाषा शिक्षणको मुख्य उद्देश्य भनेको भाषिक सीपमा दक्ष बनाउनु हो । भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमा भाषा शिक्षण केन्द्रित हुन्छ । माध्यमिक तहमा भाषाका चार सीपमध्ये पढाइ र लेखाइ सीपलाई जोड दिएको छ, जुन भाषाका आदनात्मक र ग्रहणात्मक सीप पर्दछन् । माध्यमिक तहमा पढाइ सीपको परीक्षणको लागि पठनबोध सम्बन्धी प्रश्नहरू सोध्ने गरिन्छ । यसका लागि पाठगत प्रश्न बोध प्रश्नहरू निर्माण गरी पढाइ सीप परीक्षण गर्ने व्यवस्था छ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको पढाइ सीप परीक्षणका लागि निम्नानुसार अङ्क विभाजन गरेको पाइन्छ :

**तालिका नं. १०**

**पढाइ सीप र अङ्क विभाजन**

| जिल्ला | पूर्णाङ्क | पठनबोध | | सप्रसङ्ग व्याख्या/ भाव विस्तार | | पाठगत बोध सङक्षिप्त प्रश्न | | विवेचनात्मक प्रश्न | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.न. | अ.वि | प्र.न. | अ. वि | प्र.न. | अ.वि. | प्र. न. | अ. वि | |
| दैलेख | ४५ | ६ | ५ | ८ | ५ | ७ | ८ | ९ | ८ | २६ |
| सुर्खेत | ४५ | १० | ५ | ११ | ४ | १२ | ४ | १३ | ८ | २१ |
| जाजरकोट | ६० | १० | ५ | ११ | ४ | १२ | ८ | १४ | ८ | २५ |
| कालीकोट | ४५ | १० | ५ | १३ | ३ | १४ | ४ | | | १२ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा पढाइ सीपको लागि दैलेख जिल्लाको प्रश्नपत्रमा पठनबोध सम्बन्धी प्रश्न नं. ६ मा ५ अङ्कभार निर्धारण गरेको, सप्रसङ्ग व्याख्या प्रश्न नं. ८ मा ५ अङ्कभार निर्धारण गरेको छ । त्यस्तै पाठगत बोध/ सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्न नं. ७ मा ८ अङ्कभार निर्धारण गरेको छ भने विवेचनात्मक उत्तरात्मक प्रश्नको लागि प्रश्न नं. ९ मा ८ अङ्कभार निर्धारण गरिरेको छ ।

सुर्खेत जिल्लाको प्रश्नपत्रको अध्ययन गर्दा पठनबोध प्रश्न नं. १० मा ५ अङ्कभार निर्धारण गरेको छ भने सप्रसङ्ग व्याख्या प्रश्न नं. ११ मा ४ अङ्कभार निर्धारण गरेको छ । त्यस्तै पाठगत बोध/ सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्न नं. १२ मा ४ अङ्क र विवेचनात्मक उत्तरात्मक प्रश्नका लागि प्रश्न नं. १३ मा ८ अङ्कभार निर्धारण गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्र अध्ययन गर्दा पठन बोध प्रश्न नं. १० मा ५ अङ्कभार निर्धारण गरिएको छ भने सप्रसङ्ग व्याख्या प्रश्न नं. ११ मा ४ अङ्क निर्धारण गरेको छ । त्यस्तै पाठगत बोध/सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्न नं.१२ मा ८ अङ्कभार निर्धारण गरेको पाइन्छ ।

कालीकोट जिल्लाको प्रश्नपत्रलाई अध्ययन गर्दा पठन बोध प्रश्न नं. १० मा ५ अङ्कभार, सप्रसङ्ग व्याख्या प्रश्न नं. १३ मा ३ अङ्कभार निर्धारण गरिएको छ भने पाठगत बोध/सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्न नं. १४ मा ४ अङ्कभार निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा पढाइ सीप र अङ्क विभाजनमा समानता पाइँदैन । कालीकोट जिल्लाको प्रश्नपत्रमा पढाइ सीपको लागि सबैभन्दा कम अङ्कभार निर्धारण गरिएको छ भने विवेचनात्मक प्रश्नको लागि प्रश्न सङ्ख्या र अङ्कभार निर्धारण गरेको पाइदैँन । यसरी सबै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा पढाइ सीप र अङ्क विभाजनमा समानता रहेको पाइँदैन ।

### घ. लेखाइ सीप र अङ्क विभाजन

लेखाइ सीपलाई भाषाका चार सीपमध्ये उत्तरवर्त्ती सीपका रूपमा लिइन्छ । भाषाका चारवटै सीप एकीकृत रूपमा नै शिक्षण सिकाइ हुने भए तापनि सुनाइ, बोलाइ र पढाइ भन्दा पछिको क्रममा मात्र लेखाइ सीपलाई लिइन्छ । यो भाषाको अभिव्यक्ति सीप हो । सुनाइ र पढाइबाट ग्रहण गरेका सीपलाई लेखाइबाट अभिव्यक्त गर्नुपर्ने भएकाले यो सीपको विकास बिना भाषा सिकाइ पूर्ण बन्न सक्दैंन् । त्यसैले सिकारूले सिकेका भाषिक कुराहरूलाई सिलसिलाबद्ध, कलात्मक र सिर्जनात्मक रूपमा प्रस्तुत गर्ने काम लेखाइ सीपबाट मात्र सम्भव हुन्छ । लेखाइ सीपको परीक्षणको लागि स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, संवाद, वादविवाद, दैनिकी, जीवनी, टिप्पणी, प्रतिवेदन, सूचना, साराशं, बुँदा टिपोट, अनुच्छेद लेखन आदि पर्दछन् । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रमा लेखाइ सीपको लागि निम्नानुसार अङ्क विभाजन गरेको पाइन्छ :

**तालिका नं. ११**

**लेखाइ सीप र अङ्क विभाजन**

| | पूर्णाङ्क | बुँदा टिपोट र साराशं | | कथा,जीवन चिठी | | संवाद,मनोवद,वादविवाद | | निबन्ध/प्रबन्ध | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | | प्र.न. | अ.वि | प्र.न. | अ. वि | प्र.न. | अ.वि. | प्र. न. | अ. वि | |
| दैलेख | ४५ | | | | | | | ९ | ९ | ९ |
| सुर्खेत | ४५ | | | | | | | १४ | ८ | ८ |
| जाजरकोट | ६० | | | | | १३ | ६ | १५ | ८ | १४ |
| कालीकोट | ४५ | ११ | ३ | १२ | ३ | | | १५ | ४ | १० |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा लेखाइ सीप परीक्षणका लागि अङ्क विभाजनमा समानता देखिँदैन् । दैलेख जिल्लाको प्रश्नपत्रमा लेखाइ सीप परीक्षणका लागि निबन्ध लेखन प्रश्न नं. १० मा ९ अङ्कभार निर्धारण गरिएको छ भने सुर्खेत जिल्लाले पनि निबन्ध लेखनका लागि प्रश्न नं. १४ मा ८ अङ्कभार

निर्धारण गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा लेखाइ सीप परीक्षणको लागि संवाद लेखन प्रश्न नं. १३ मा ६ अङ्कभार निर्धारण गरेको पाइन्छ भने निबन्ध लेखनको लागि प्रश्न नं. १५ मा ८ अङ्कभार निर्धारण गरेको पाइन्छ । त्यस्तै कालीकोट जिल्लाको प्रश्नपत्रमा लेखाइ सीप परीक्षणको लागि साराशं लेखन प्रश्न नं. ११ मा ३ अङ्कभार निर्धारण गरेको, जीवनी लेखनको लागि प्रश्न नं. १२ मा ३ अङ्कभार निर्धारण गरेको छ भने निबन्ध लेखन प्रश्न नं. १५ मा ४ अङ्कभार निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा लेखाइ सीप परीक्षणका लागि कम प्रश्न सङ्ख्या निर्माण गरेको देखिन्छ । उक्त प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सीप र अङ्क विभाजनमा पनि समानता पाइँदैन । यसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकालाई ध्यान नदिएर लेखाइ सीपको लागि प्रश्न निर्माण र अङ्क विभाजन गरेको पाइन्छ ।

### ङ. शब्दभण्डार र अङ्क विभाजन

शब्दभण्डारको विकासले भाषिक क्षमताको विकासमा सहयोग पुऱ्याउने भएकाले भाषिक परीक्षणमा शब्दभण्डारको समेत परीक्षण गर्ने गरिन्छ । विद्यार्थीको शब्दभण्डार बढाउने क्रममा पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, प्राविधिक, पारिभाषिक, अनुकरणात्मक आदि पर्दछन् । यसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा शब्दभण्डारका क्षमताका लागि निम्नानुसार अङ्क विभाजन गरेको पाइन्छः

तालिका नं. १२

शब्दभण्डार र अङ्क विभाजन

| | पूर्णाङ्क | अर्थ लेखन | | शब्द पहिचान | | वाक्यमा प्रयोग | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | | प्र.न. | अ.वि | प्र.न. | अ. वि | प्र.न. | अ.वि. | |
| दैलेख | ४५ | १ | २ | २ | २ | ३ | २ | ६ |
| सुर्खेत | ४५ | १ | २ | २ | १ | ३ | २ | ५ |
| जाजरकोट | ६० | १ | २ | २ | २ | ३ | २ | ६ |
| कालीकोट | ४५ | १ | २ | २ | २ | ३ | २ | ६ |

माथिको तालिकाको आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा शब्दभण्डार क्षमताको परीक्षणका लागि दैलेख जिल्लाको प्रश्नपत्रमा अर्थ लेखन प्रश्न नं. १ मा २ अङ्क निर्धारण गरिएको छ भने शब्द पहिचान प्रश्न नं. २ मा २ अङ्क र वाक्यमा प्रयोग प्रश्न नं. ३ मा २ अङ्क निर्धारण गरी जम्मा ६ पूर्णाङ्कको अङ्क निर्धारण गरेको पाइन्छ ।

सुर्खेत जिल्लाको प्रश्नपत्रलाई अध्ययन गर्दा शब्दभण्डार परीक्षणका लागि अर्थ लेखन प्रश्न नं. १ मा २ अङ्कभार निर्धारण गरिएको छ भने शब्द पहिचान प्रश्न नं. २ मा १ अङ्कभार र वाक्यमा प्रयोग प्रश्न नं. ३ मा २ अङ्क गरी जम्मा ५ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा शब्दभण्डार परीक्षणका लागि अर्थ लेखन प्रश्न नं. १ मा २ अङ्कभार, शब्द पहिचान प्रश्न नं. २ मा २ अङ्कभार निर्धारण गरिएको छ भने वाक्यमा प्रयोग प्रश्न नं. ३ मा २ अङ्कभार गरी जम्मा ६ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

त्यस्तै कालीकोट जिल्लाको प्रश्नपत्रमा शब्दभण्डार र अङ्क विभाजनलाई हेर्दा अर्थ लेखन प्रश्न नं. १ मा २ अङ्कभार , शब्द पहिचान प्रश्न नं. २ मा २ अङ्कभार र वाक्यमा प्रयोग प्रश्न नं. ३ मा २ अङ्कभार गरी जम्मा ६ पूर्णाङ्क निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा

शब्दभण्डार क्षमताको लागि दैलेख, जाजरकोट र कालीकोट जिल्लाको प्रश्नपत्रमा अङ्क विभाजन र प्रश्न निर्माणमा समानता पाइन्छ भने सुर्खेत जिल्लाको प्रश्न नं. २ मा १ पूर्णाङ्क मात्र अङ्क विभाजन गरेकाले अङ्क विभाजनमा समानता पाउन सकिँदैन । यसरी समग्रमा प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा शब्दभण्डार क्षमताको लागि प्रश्न सङ्ख्या र अङ्क विभाजनमा विशिष्टीकरण तालिकालाई ध्यान दिई प्रश्न निर्माण र अङ्क विभाजन गरेको पाइन्छ ।

### च. व्याकरण र अङ्क विभाजन

भाषा प्रयोगको शुद्धता परीक्षणका सन्दर्भमा व्याकरण प्रयोग कुशलताको परीक्षण गर्नु अति आवश्यक मानिन्छ । व्याकरणको परीक्षबाट विद्यार्थीमा हुने भाषिक प्रयोगको अशुद्धिलाई कम गर्न तथा भाषिक सीप विकास गर्न ठूलो सहयोग पुग्दछ । व्याकरण अन्तर्गत शब्दवर्ग, शब्द निर्माण, वाक्य परिर्वतन, काल, पक्ष, भाव, करण, अकरण, वाक्य सश्लेषण/ विश्लेषण वर्ण विन्यास आदि पर्दछन् । यसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा व्याकरण परीक्षणका लागि निम्नानुसार अङ्क विभाजन गरेको छ :

**तालिका नं. १३**

**व्याकरण र अङ्क विभाजन**

| जिल्ला | पूर्णाङ्क | शुद्धीकरण | | शब्दवर्ग | | शब्द निर्माण | | काल, पक्ष, भाव | | वाक्य परिवर्तन | | वाक्य रचना | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.न. | अ.वि | प्र.न. | अ.वि | प्र.न. | अ.वि | प्र.न. | अ.वि. | प.न. | अ.वि | प.न. | अ.वि | |
| दैलेख | ४५ | ४ | २ | | | | | ५ | २ | | | | | ४ |
| सुर्खेत | ४५ | ४ | २ | ५ | २ | ६ | १ | ७ | १ | ८ | २ | ९ | ३ | ११ |
| जाजरकोट | ६० | ४ | २ | ५ | २ | ६ | २ | ७ | २ | ८ | ४ | ९ | ३ | १५ |
| कालीकोट | ४५ | ४ | २ | ५ | २ | ६ | २ | ७ | ४ | ८ | ४ | ९ | ३ | १७ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा व्याकरण सीप र अङ्क विभाजनलाई हेर्दा दैलेख जिल्लाको शुद्धीकरण प्रश्न नं. ४

मा २ पूर्णाङ्क निर्धारण गरिएको छ भने काल, पक्ष र भावका लागि प्रश्न नं. ५ मा २ अङ्क गरी जम्मा ४ पूर्णाङ्क व्याकरण सीपको लागि अङ्क विभाजन गरेको पाइन्छ ।

सुर्खेत जिल्लाको प्रश्नपत्रमा व्याकरण सीप र अङ्क विभाजनलाई हेर्दा शुद्धीकरणका लागि प्रश्न नं. ४ मा २ पूर्णाङ्क, शब्द वर्ग प्रश्न नं. ५ मा २ पूर्णाङक, शब्द निर्माण प्रश्न नं. ६ मा १ पूर्णाङ्क, काल, पक्ष र भावका लागि प्रश्न नं. ७ मा १ पूर्णाङ्क, वाक्य परिवर्तन प्रश्न नं. ८ मा २ पूर्णाङ्क र वाक्य रचना प्रश्न नं. ९ मा ३ पूर्णाङ्क निर्धारण गरी जम्मा ११ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा व्याकरण सीप र अङ्क विभाजनलाई हेर्दा शुद्धीकरणका लागि प्रश्न नं. ४ मा २ पूर्णाङ्क, शब्दवर्ग प्रश्न नं. ५ मा २ पूर्णाङ्क, शब्द निर्माण प्रश्न नं. ६ मा २ पूर्णाङ्क, काल पक्ष र भावका लागि प्रश्न ७ मा २ पूर्णाङ्क, वाक्य परिवर्तन प्रश्न नं. ८ मा ४ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ भने वाक्य रचना प्रश्न नं. ९ मा ३ पूर्णाङ्क गरी जम्मा १५ पूर्णाङ्को अङ्क विभाजन गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा व्याकरण सीप परीक्षणका लागि दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा भने शुद्धीकरण र काल पक्षलाई मात्र समेटेर प्रश्न निर्माण गरेकोले विशिष्टीकरण तालिकालाई ध्यान नदिएर प्रश्नपत्र निर्माण गरेको देखिन्छ भने सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्र भने विशिष्टीकरण तालिका अनुसार व्याकरणका सबै क्षेत्रलाई समेटेको पाइन्छ तर अङ्क विभाजनमा भने समानता रहेको देखिँदैन ।

**छ. समय निर्धारण**

प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा निम्नानुसार समय निर्धारण गरिएको छ :

तालिका नं.१४

समय निर्धारण

| जिल्ला | प्रश्न सङ्ख्या | समय निर्धारण | जम्मा पूर्णाङ्क |
|---|---|---|---|
| दैलेख | १० | १:१५ मिनेट | ४५ |
| सुर्खेत | १४ | १:१५ मिनेट | ४५ |
| जाजरकोट | १५ | – | ६० |
| कालीकोट | १५ | १:१५ मिनेट | ४५ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख जिल्लाले १० वटा प्रश्न निर्माण गरेको छ । ती सबै प्रश्नको लागि ४५ पूर्णाङ्क निर्धारण गरेको पाइन्छ भने सबै प्रश्नको लागि एकमूष्ट समय १:१५ मिनेट निर्धारण गरेको छ । सुर्खेत जिल्लाले १४ वटा प्रश्न निर्माण गरेकोमा सबै प्रश्नका लागि ४५ पूर्णाङ्क निर्धारण गरी एकमूष्ट समय १:१५ मिनेट कायम गरिएको पाइन्छ । त्यस्तै जाजरकोट जिल्लाले १५ वटा प्रश्न निर्माण गरेको छ भने सबै प्रश्नको लागि ६० पूर्णाङ्क निर्धारण गरी समय निर्धारण नगरेकाले त्रुटि गरेको पाइन्छ । कालीकोट जिल्लाले १५ वटा प्रश्नहरु र ४५ पूर्णाङ्क निर्धारण गरेको छ भने १:१५ मिनेट एकमूष्ट समय निर्धारण गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख, सुर्खेत र कालीकोट जिल्लाका प्रश्नपत्रमा समय निर्धारण समान किसिमको देखिन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा भने समय निर्धारण गरेको देखिँदैन । यसरी विशिष्टीकरण तालिकाले प्रत्येक प्रश्नमा समय तोके पनि प्रश्नपत्रमा भने एकमूष्ट समय निर्धारण गरेको पाइन्छ । यसरी विद्यार्थीले अङ्कको आधारमा आफैँ समय निर्धारण गरी उत्तर दिनुपर्ने देखिन्छ ।

### ४.२.३ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको आकृति र आकार प्रकारलाई नै सामान्यतः प्रश्नपत्रको स्वरूप भनी बुझ्न सकिन्छ । यस भित्र प्रश्नपत्रको शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कगत, छपाइ जस्ता विभिन्न

पक्षहरू पर्दछन् । जसको आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको विश्लेषण निम्नानुसार गरिएको छ :

**क. शीर्ष भाग**

प्रश्न सुरू हुनु भन्दा पहिलेको भागलाई प्रश्नपत्रको शीर्ष भाग भनिन्छ । प्रश्नपत्रको स्वरूपको पहिलो अनुक्रममा हुने शीर्ष भाग आकर्षण र स्पष्ट हुन पर्दछ । यस भागमा प्रश्नसँग सम्बन्धित तह, विषय, कक्षा, आदि उल्लेख गरिएको हुन्छ । यस आधारमा प्रतिनिधि प्रश्नहरूको शीर्ष भाग निम्नानुसार प्रस्तुत गरिएको छ :

**दैलेख जिल्लाको प्रश्नपत्रको शीर्ष भाग नमुना**

श्री अरनिको माध्यमिक विद्यालय

नौमुले गाउँपालिका ८, चौराठा गिरखानी दैलेख

बार्षिक परीक्षा, २०७५

| | | |
|---|---|---|
| कक्षा : ९ | | पूर्णाङ्क :४५ |
| विषय : नेपाली | समय : १:घण्टा १५ मिनेट | उत्तीर्णाङ्क :१८ |

माथि उल्लेखित प्रश्नपत्रको शीर्ष भागलाई हेर्दा 'विद्यालय' लेख्नुपर्ने ठाउँमा 'विद्यालय' लेखेर वर्ण विन्यासगत त्रुटि गरेको छ भने अन्य कुराहरू भने प्रश्नपत्रमा शीर्ष भाग स्पष्ट रूपमा उल्लेख गरेको छ ।

**सुर्खेत जिल्लाको प्रश्नपत्रको शीर्ष भाग नमुना**

वार्षिक परीक्षा - २०७५

सुर्खेत

| | | |
|---|---|---|
| कक्षा : ९(नौ) | | पूर्णाङ्क : ४५ |
| विषय : नेपाली | उतीर्णाङ्क.......? | समयः १ घ. १५ मि. |

माथि उल्लेखित शीर्ष भागलाई हेर्दा अरू सबै कुरा स्पष्ट रूपमा राखिएको भए पनि पूर्णाङ्क पछि उत्तीर्णाङ्क राख्नुपर्ने ठाउँमा समय उल्लेख गरेको र उत्तीर्णाङ्क नराखेर त्रुटिपूर्ण गरेको छ भने अन्य कुरा  स्पष्ट रूपमा राखेको पाइन्छ ।

**जाजरकोट जिल्लाको प्रश्नपत्रको शीर्ष भाग नमुना**

श्री सरस्वती माध्यमिक विद्यालय भेरी

नगरपालिका ७, जाजरकोट

वार्षिक परीक्षा २०७५

कक्षा : ९ पूर्णाङ्क : ६०

विषय : नेपाली समय.........? उत्तीर्णाङ्क : २०

माथि उल्लेखित शीर्ष भागलाई हेर्दा वर्ण विन्यासगत त्रुटि शीर्ष भागमा धेरै त्रुटि गरेको पाइन्छ भने समय निर्धारण गरेको  पाइदैंन् भने अन्य कुरा भने स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ ।

**कालीकोट जिल्लाको प्रश्नपत्रको शीर्ष भाग नमुना**

वार्षिक परीक्षा-२०७५

शुभकालिका गाउँपालिका, कालिकोट

विषय : नेपाली

कक्षा : ९ पूर्णाङ्क : ४५

समय : १ः घण्टा १५ मिनेट उत्तीर्णाङ्क : १८

माथि उल्लेखित शीर्ष भागलाई हेर्दा कक्षा, विषय र समयलाई दायाँ र बायाँ भागमा मिलाएर राख्नुपर्ने ठाउँमा विषयलाई बिचमा लेखिएको छ भने स्रोतकेन्द्र स्तरीय परीक्षा भएर पनि यो उल्लेख नगरेकोले त्रुटिपूर्ण मानिन्छ र अन्य प्रश्नपत्रमा जस्तै यो प्रश्नपत्रमा पनि अरू सबै कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

**ख. प्रश्नपत्रको आकार र अक्षर**

प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्रको आकारको लम्बाइ, चौडाइ तथा मोटाइ यति नै हुनपर्छ भन्ने

सैद्धन्तिक मान्यता नभए पनि प्रश्नपत्र हेर्दा आकर्षण र सुहाउँदो किसिमको हुनु पर्दछ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको आकार र अक्षर आकार विभिन्न छापाका प्राविधिकहरूलाई गरिएको प्रश्न अनुसार निम्न रहेको छ :

**तालिका नं.१५**

**प्रश्नपत्रको आकार र अक्षर**

| जिल्ला | प्रश्नपत्रको लम्बाइ | प्रश्नपत्रको चौडाइ | अक्षर आकार | |
|---|---|---|---|---|
| | | | शीर्ष खण्ड | मूल खण्ड |
| दैलेख | २०.८ से.मि. | १४.७ स.मि. | १८ प्वाइन्ट | १४ प्वाइन्ट |
| सुर्खेत | २२.७ से. मि. | १३.९ से.मि. | १४ प्वाइन्ट | १२ प्वाइन्ट |
| जाजरकोट | २०.९ से.मि. | १४.८ से.मि. | २०/१६ प्वाइन्ट | १४ प्वाइन्ट |
| कालीकोट | २३ से. मि. | १३.८ से.मि. | १४/१२ प्वाइन्ट | १२ प्वाइन्ट |

माथिको तालिकालाई अध्ययन गर्दा दैलेख जिल्लाको प्रश्नपत्रको लम्बाइ २०.८ से.मि. र चौडाइ १४.७ से.मि. रहेको पाइन्छ भने अक्षर आकार शीर्ष खण्डमा १८ प्वाइन्ट र मूल खण्डमा १४ प्वाइन्टका अक्षर आकारका प्रयोग गरी प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी कागतको आकार र अक्षर आकार उपयुक्त नै रहेको देखिन्छ ।

त्यस्तै सुर्खेत जिल्लाको प्रश्नपत्रको आकार लम्बाइ २२.७, चौडाइ १३.९ रहेको पाइन्छ भने अक्षर आकार शीर्ष खण्डमा १४ प्वाइन्ट र मूल खण्डमा १२ प्वाइन्टका अक्षर आकार प्रयोग गरिएको देखिन्छ । उक्त जिल्लाको प्रश्नपत्रको कागतको आकार र अक्षर आकार सानो भएको देखिन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रको आकार लम्बाइ २०.९ से.मि., चौडाइ १४.८ से.मि.रहेको पाइन्छ भने अक्षर आकार शीर्ष खण्डमा २० र १६ प्वाइन्टको प्रयोग गरिएको छ भने मूल खण्डमा १४ प्वाइन्टका अक्षर आकार प्रयोग गरिएको पाइन्छ । उक्त जिल्लाको कागजको

आकार र अक्षर आकार उपयुक्त नै रहेको देखिन्छ ।

कालीकोट जिल्लाको प्रश्नपत्रको आकार लम्बाइ २३ से.मि., चौडाइ १३.८ से.मि. रहेको छ भने अक्षर आकार शीर्ष खण्डमा १४ र १२ प्वाइन्टको प्रयोग गरिएको छ भने मूल खण्डमा १२ प्वाइन्टका अक्षर आकारको प्रयोग गरिएको छ ।

यसरी समग्रमा दैलेख र जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमो आकार र अक्षर आकार उपयुक्त नै रहेको देखिन्छ भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रको आकार उपयुक्त भएपनि अक्षर आकार सानो भएको देखिन्छ ।

### ग. प्रश्न सङ्ख्या

प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रमा निम्नानुसार प्रश्न सङ्ख्या उल्लेख गरिएको छ :

**तालिका नं.१६**

**प्रश्न सङ्ख्या**

| जिल्ला | प्रश्न सङ्ख्या |
|---|---|
| दैलेख | १० |
| सुर्खेत | १४ |
| जाजरकोट | १५ |
| कालीकोट | १५ |

माथिको तालिकालाई अध्ययन गर्दा दैलेख जिल्लाको प्रश्नपत्रमा १० प्रश्न सङ्ख्या, सुर्खेत जिल्लाको प्रश्नपत्रमा १४ प्रश्न सङ्ख्या, जाजरकोट जिल्लाले १५ र कालीकोट जिल्लाले १५ वटा प्रश्न उल्लेख गरेको पाइन्छ । सबै प्रश्नपत्रले विशिष्टीकरण तालिका अनुसार २० वटा प्रश्न राखिनु पर्नेमा कुनै पनि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयले प्रश्नको सङ्ख्या ख्याल नगरेको देखिन्छ । यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक

विद्यालयका प्रश्नहरूको सङ्ख्यामा एकरूपता पाइँदैन ।

### घ. कागत र रङ

प्रश्नपत्र निर्माण गर्दा प्रयोग गरिने कागत दुवैतर्फ छपाइ गर्न सकिने चिल्लो, सफा र गुणस्तरीय हुनु पर्दछ । यस आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको कागतको स्तर तथा रङको प्रयोगलाई निम्नानुसार उल्लेख गरेको छ :

तालिका नं.१७

कागत र रङको प्रयोग

| जिल्ला | काजको स्तर | प्रश्नको रङ | कैफियत |
|---|---|---|---|
| दैलेख | सामान्य कडा | सेता | गुणस्तरीय |
| सुर्खेत | मध्यम नरम | हल्का सेतो | गुणस्तरहीन |
| जाजरकोट | सामान्य कडा | सेतो | गुणस्तरीय |
| कालीकोट | धेरै नरम | हल्का सेतो | गुणस्तरहीन |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख जिल्लाको प्रश्नपत्रको कागतको स्तर सामान्य कडा र सेतो रङको कागतको प्रयोग गरेको पाइन्छ । सुर्खेत जिल्लाको प्रश्नपत्रको कागतको स्तर मध्यम नरम र हल्लका सेतो रङको कागतको प्रयोग गरेको पाइन्छ । जाजरकोट जिल्लाको प्रश्नपत्रको कागतको स्तर सामान्य कडा र सेतो रङको कागतको प्रयोग गरेको पाइन्छ भने कालीकोट जिल्लाको कागतको स्तर धेरै नरम र हल्का सेतो रङको कागतको प्रयोग गरेको पाइन्छ ।

यसरी समग्रमा दैलेख र जाजरकोट जिल्लाको कागतको स्तर र रङ एउटै रहेको पाइन्छ भने सुर्खेत र कालीकोट जिल्लाको कागतको स्तर र रङ मिल्दो जुल्दो देखिन्छ । उक्त दृष्टिकोणबाट हेर्दा दैलेख र जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको कागतको स्तर र रङ गुणस्तरीय छ भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रको रङ उचित किसिमको भएपनि कागतको स्तर कमसल खालको र छिट्टै च्यातिने खालको कागतको प्रयोग गरेकाले प्रश्नपत्रमा गुणस्तरहीन कागतको प्रयोग गरेको पाइन्छ ।

### ङ. छफाइ र सफाइ

प्रश्नपत्रको छपाइ गर्दा सचेतताका साथ छाप्नु पर्दछ । उपयुक्त मसिको प्रयोग गरी राम्रो कागजमा दुवैतिर प्रश्नहरू छाप्नु पर्दछ । मसीको प्रयोग गर्दा ज्यादै ध्यान दिनु पर्दछ । मसीको कम प्रयोगले अक्षर भद्धा देखिने र अक्षर-अक्षर जोडिन सक्ने डर हुन्छ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रलाई हेर्दा उपयुक्त तरिकाले सफाइसँग छपाइ गरेको पाइन्छ ।

### ४.२.४ प्रस्तुति अनुक्रम

विभिन्न प्रकृतिका प्रश्नहरूको उपयुक्त रखाइ अनुक्रम नै प्रस्तुति अनुक्रम हो । उपयुक्त अनुक्रम मिलाई प्रश्नहरू समूहीकरण गर्दा प्रश्न व्यवहारिक, मनोवैज्ञानिक रूपमा सबल र सहज बनाउन सनिन्छ । प्रश्नलाई सरलदेखि जटिलताको अनुक्रममा प्रस्तुत गर्दा विद्यार्थीहरू आत्तिने हतोत्साहित हुने जस्ता मनोवैज्ञानिक असरबाट बच्न सकिन्छ । तसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको प्रस्तुति अनुक्रम निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १८

प्रस्तुति अनुक्रम

| प्रश्न सङ्ख्या | पाठ्यक्रमका आधारमा | दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
|---|---|---|---|---|---|
| १ | शब्दभण्डार | १-३ | १-३ | १-३ | १-३ |
| २ | वर्ण विन्यास | ४ | ४ | ४ | ४ |
| ३ | व्याकरण | ५ | ५-९ | ५-९ | ५-९ |
| ४ | पठन बोध | ६ | १० | १० | १० |
| ५ | बुँदा टिपोट र साराशं | – | – | – | ११ |
| ६ | निर्देशित रचना | – | – | १३ | १२ |
| ७ | भाव विस्तार/सप्रसङ्ग व्याख्या | ८ | ११ | ११ | १३ |
| ८ | पाठगत बोध(सन्दर्भमा आधारि सङ्क्षिप्त उत्तरात्मक) | ७ | १२ | १२ | १४ |
| ९ | पाठगत बोध(लामो उत्तरात्मक) | ९ | १३ | १४ | – |
| १० | स्वतन्त्र रचना | १० | १४ | १५ | १५ |

माथिको तालिकाको आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको प्रस्तुति अनुक्रमलाई हेर्दा प्रश्न नं. १ देखि ४ सम्म चारवटै सामुदायिक माध्यमिक विद्यालयको प्रस्तुति अनुक्रम मिलेको पाइन्छ भने प्रश्न नं. ५ देखि १० सम्म सामुदायिक माध्यमिक विद्यालयको प्रश्नहरूको अनुक्रम कतै समानता र कतै भिन्नता रहेको पाइन्छ ।

यसरी दैलेख जिल्लाको प्रश्नपत्रमा पठन बोध प्रश्न नं. ६ मा राखेको पाइन्छ भने सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाको पठन बोध प्रश्न नं. १० मा राखेको पाइन्छ । बुँदा टिपोट र साराशं दैलेख, सुर्खेत र जाजरकोट जिल्लाको प्रश्नपत्रमा निमार्ण गरेको देखिँदैन भने कालीकोट जिल्लाले प्रश्न नं. ११ मा निर्माण गरेको देखिन्छ । निर्देशन रचना दैलेख र सुर्खेत जिल्लाले निर्माण गरेको पाइँदैन भने जाजरकोट जिल्लाले प्रश्न नं. १३ मा र कालीकोट जिल्लाले प्रश्न नं. १२ मा निर्माण गरेको पाइन्छ । भाव विस्तार/सप्रसङ्ग व्याख्या दैलेख जिल्लाले प्रश्न नं. ८ मा सुर्खेत र जाजरकोट जिल्लाले प्रश्न नं. ११ मा उल्लेख गरेको पाइन्छ भने कालीकोट जिल्लाले प्रश्न नं. १३ मा उल्लेख गरेको पाइन्छ । त्यस्तै पाठगत बोध (सङक्षिप्त उत्तरात्मक) प्रश्न दैलेख जिल्लाले प्रश्न नं. ७ मा निर्माण गरेको पाइन्छ भने सुर्खेत र जाजरकोट जिल्लाले प्रश्न नं. १२ मा कालीकोट जिल्लाले प्रश्न नं. १४ मा निर्माण गरेको पाइन्छ । पाठगत बोध (लामो उत्तरात्मक) प्रश्न दैलेख जिल्लाले प्रश्न नं. ९ मा, सुर्खेत जिल्लाले प्रश्न नं. १३ जाजरकोट जिल्लाले प्रश्न नं. १४ मा निमार्ण गरेको पाइन्छ भने कालीकोट जिल्लाले निर्माण गरेको देखिँदैन । स्वतन्त्र रचना दैलेख जिल्लाले प्रश्न नं. १० मा, सुर्खेत जिल्लाले प्रश्न नं. १४ मा, जाजारकोट र कालीकोट जिल्लाले प्रश्न नं. १५ मा निर्माण गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको प्रस्तुति अनुक्रममा समानता पाइँदैन । सबै जिल्लाका प्रतिनिधि प्रश्नपत्रमा भने सरलबाट जटिलतिर पाठ्यक्रम अनुसार प्रश्नपत्र निर्माण गर्न खोजेको देखिन्छ ।

### ४.२.५ वर्ण विन्यासगत त्रुटि

वर्ण विन्यासले उपयुक्त रखाइ क्रममा सङ्केत गरेको हुन्छ । राख्नुपर्ने वा हुनुपर्ने क्रममा वर्णहरू नभएको अवस्थालाई वर्ण विन्यास त्रुटि भनिन्छ । यस अन्तर्गत ह्रस्व, दीर्घ, पदयोग र वियोग, हलन्त, अजन्त, ब, व, श, ष, स, य, ए, छ, क्ष, द्य, ध, ऋ, रि लेखनका दृष्टिले जटिल

वर्ण तथा शिरबिन्दु, चन्द्रबिन्दु आदि त्रुटिहरू पर्दछन् । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रहरूको अध्ययन गर्दा निम्नानुसार वर्ण विन्यास त्रुटि रहेको पाइन्छ ।

तालिका नं. १९

वर्ण विन्यासगत त्रुटि

| जिल्ला | वर्ण विन्यास त्रुटि | पदयोग र वियोग | चिन्ह प्रयोग |
|---|---|---|---|
| दैलेख | भएको हुनुपर्ने<br>विद्यालय=विद्यालय<br>विपरितार्थी=विपरीतार्थी<br>परदेश=प्रदेश<br>अपुर्ण=अपूर्ण<br>गरि=गरी<br>तिमि=तिमी<br>पढि=पढी<br>भुत=भूत<br>वाग्मती=बाग्मती<br>पुवतिर=पूर्वतिर<br>पहाडि=पहाडी<br>केहि=केही<br>स्वजरल्याण्ड=स्वजरल्यान्ड<br>जीरी=जिरी<br>मनिएको=मानिएको<br>वढिरहेको=बढिरहेको<br>दुष्टिले=दृष्टिले<br>महत्पपुर्ण=महत्वपूर्ण | श्रृतिसम भिन्नार्थी=श्रृतिसमभिन्नार्थी<br>शुद्ध सँग=शुद्धसँग<br>ओसारपसार को=ओसारपसारको<br>जन्म भुमि=जन्मभूमी<br>बृद्ध को=वृद्धको | ‘ ’<br>। चिह्न प्रयोग नभएको |

| | | | |
|---|---|---|---|
| | कानिलचोक=कालिञ्चोक<br>भार्मिक=धार्मिक<br>पर्यटकिय=पर्यटकीय<br>ठुलो=ठूलो<br>तमाकोशि=तामाकोसी<br>थामि=थामी<br>आदिभुमि=आदिभूमी<br>गौरिशंकर=गौरीशंङ्कर<br>जलविधुत=जलविद्युत<br>सप्रंसङग=सप्रसङ्ग<br>फुल=फूल<br>आय=आए<br>वगाएर=बगाएर<br>प्रसंगलाई=प्रसङ्गलाई<br>शिर्षकमा=शीर्षकमा<br>नघटाइ=नघटाई<br>बृद्ध=वृद्ध | | |
| जम्मा | ३५ | ५ | |

माथिको तालिकालाई अध्ययन गर्दा दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि ३५ ठाउमा गरेको पाइन्छ भने पदयोग र पद पवयोग सम्बन्धी प्रश्न नं. २ को 'ख' मा 'श्रृतिसमभिन्नार्थी' हुनुपर्नेमा श्रृतिसम भिन्नार्थी छुट्टाछुट्टै भएको पाइन्छ भने प्रश्न नं. ४ मा 'शुद्धसँग' हुनुपर्ने ठाँउमा शुद्ध सँग, त्यस्तै प्रश्न नं. ७ मा 'ओसारपसारको' हुनुपर्ने ठाँउमा ओसारपसार को, प्रश्न नं. १० मा 'जन्मभूमि' हुनुपर्ने ठाँउमा जन्म भुमि र 'वृद्धको' हुनुपर्ने ठाँउमा बृद्ध को जस्ता पदयोग हुनुपर्ने ठाँउमा पद वियोग गरी त्रुटि गरेको पाइन्छ । त्यस्तै चिह्न प्रयोग सम्बन्धी प्रश्न नं. १ मा क र खलाई (' ') एकल

उद्धरणमा राखेको पाइँदैन भने प्रश्न नं. ५ र ६ मा ( । ) पूर्ण विराम चिह्न प्रयोग गरेको पाइँदैन ।

यसरी समग्रमा प्रतिनिधि प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि अत्याधिक मात्रामा पाइन्छ भने पदयोग, पद वियोग र चिह्न सम्वन्धी त्रुटि भने सामान्य रूपमा गरेको पाइन्छ । उक्त प्रतिनिधि प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि धेरै भेटिएकाले प्रश्नपत्र निर्माणकर्ता सतर्कता अपनाएको देखिँदैन ।

तालिका नं.२०

वर्ण विन्यासगत त्रुटि

| जिल्ला | वर्ण विन्यासगत त्रुटि | पदयोग र वियोग | चिन्ह प्रयोग |
|---|---|---|---|
| सुर्खेत | नमूना=नमुना<br>चन्द्रशम्शेर=चन्द्रशमशेर<br>औंटोपिठो=आँटोपिठो<br>प्राप्द=प्राप्त | चन्द्र समशेर=चन्द्रशमशेर<br>उतार्ने छ्यौ=उतार्नेछ्यौ<br>एक वचन=एकवचन | |
| **जम्मा** | ४ | ३ | |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि जिल्लाको प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि ४ ठाँउमा गरेको पाइन्छ । त्यस्तै पदयोयग सम्बन्धी प्रश्न नं. ५ मा 'उतार्नेछ्यौ' हुनुपर्ने ठाँउमा उतार्ने छ्यौ गरेको पाइन्छ भने प्रश्न नं. ८ को 'ख' मा 'एकवचन' हुनुपर्ने ठाँउमा एक वचन गरेको गरेको पाइन्छ भने प्रश्न नं.१२ मा 'चन्द्रशमशेर' हुनुपर्ने ठाउँमा चन्द्र शमशेर जस्ता पदयोग हुनुपर्ने ठाँउमा पद वियोग गरी त्रुटि गरेको पाइन्छ भने चिह्न सम्वन्धी त्रुटि भने गरेको पाइँदैन । यसरी समग्रमा वर्ण विन्यासगत त्रुटि सम्वन्धी सामान्य खालका त्रुटि गरेपनि गम्भीर खालका त्रुटि नगरेकाले प्रश्न निर्माणकर्ता सतर्कता अपनाएको देखिन्छ ।

तालिका नं.२१

## वर्ण विन्यासगत त्रुटि

| जिल्ला | वर्ण विन्यास त्रुटि | पदयोग र वियोग | चिन्ह प्रयोग |
|---|---|---|---|
| जाजरकोट | माध्यामिक=माध्यमिक<br>परिक्षा=परीक्षा<br>पुर्णाङ्क=पूर्णाङ्क<br>उर्त्तिर्णाङ्क=उत्तीर्णाङ्क<br>समुह=समूह<br>विपरितार्थी=विपरीतार्थी<br>पर्यायवाचि=पर्यायवाची<br>धर्ति=धर्ती<br>अनेकार्थि=अनेकार्थी<br>अघुताबचि=अघुतावाची<br>हुन=हुन्<br>अवमुल्यन=अवमूल्यन<br>ठफ =ठाँउ<br>रेखाङ्कीत=रेखाङ्कित<br>व्यदवर्ण=पदवर्ग<br>हेय्रा=हेचो<br>जहावाट=जहाँबाट<br>अतिय=अनीय<br>पुर्ण=पूर्ण<br>पर्वले=वर्गले<br>सधै=सधैँ<br>प्ररणार्थक=प्रेणार्थक | मिलाउन होस=मिलाउनुहोस्<br>स्वदेश मै=स्वदेशमै<br>हामी सँग=हामीसँग<br>कमल ले=कमलले | ‘ ’ चिह्नको प्रयोग नगरिएको |

| | | | |
|---|---|---|---|
| | पूलिङ्ग=पुलिङ्ग<br>तिन=तीन<br>वयान=बयान<br>गघांश=गद्याशं<br>सास्कृति=साँस्कृति<br>सस्कृति=सँस्कृति<br>माडमयका=वाङ्मयका<br>हिन्दु=हिन्दू<br>अनुशारण= अनुशरण<br>जन्मभुमि=जन्मभूमि<br>व्यस्तै=त्यस्तै<br>पुजा=पूजा<br>सप्रेसङ्ग=सप्रसङ्ग<br>प्रवृत्ती=प्रवृत्ती<br>इश्वर= ईश्वर<br>देउ=दिनुहोस्<br>शारांश=सारांश<br>व्यात्तित्व=व्याक्तित्व<br>धरण=धारणा<br>फुल=फूल<br>सशक्तिकरण=सशक्तीकरण<br>शिर्षक=शीर्षक<br>वन्धन=बन्धन<br>पर्नुहोस=पार्नुहोस्<br>शव्द=शब्द<br>निवन्ध=निबन्ध | | |
| **जम्मा** | ४९ | ४ | |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि ४९ ठाँउमा गरेको पाइन्छ भने पदयोग सम्वन्धी प्रश्न नं. १

मा 'मिलाउनुहोस्' भन्ने ठाँउमा मिलाउनु होस् लेखेको पाइन्छ भने प्रश्न नं. ७ को 'ग' मा 'स्वदेशमै' हुनुपर्ने ठाँउमा स्वदेश मै लेखेको पाइन्छ । त्यस्तै प्रश्न नं. १२ को 'क' मा 'कमलले' हुनुपर्ने ठाँउमा कमल ले र प्रश्न नं. १२ को 'ग' मा 'फूलबरीले' हुनुपर्नेमा फूलबारी ले पदयोग हुनुपर्ने ठाँउमा पद वियोग गरेर त्रुटि गरेको पाइन्छ । चिह्न सम्वन्धी प्रयोग प्रश्न नं. १ मा (' ') एकल उद्धरणमा क र खलाई नराखी (, ) अल्पविराम चिह्नको प्रयोग गरेको पाइन्छ भने प्रश्न नं. २, ५, ७, ८ र १० मा ( । ) पूर्ण विराम चिह्न प्रयोग गरेको पाइँदैन ।

यसरी समग्रमा प्रतिनिधि प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि अत्याधिक मात्रामा गरेको देखिन्छ भने पदयोग  पद वियोग सम्वन्धी त्रुटि र चिह्न सम्वन्धी त्रुटि पनि त्यस्तै गरेको देखिन्छ । यसरी उक्त जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्र निर्माणमा गम्भीर खालका त्रुटि भेटिएकाले प्रश्न निर्माणकर्ता सतर्कता अपनाएको देखिँदैन । यस्ता त्रुटिहरूलाई प्रश्न निर्माण कर्ताले ख्याल गरी त्रुटिरहीत प्रश्न निर्माण गर्नुपर्ने देखिन्छ ।

तलिका नं.२२

वर्ण विन्यासगत त्रुटि

| जिल्ला | वर्ण विन्यास त्रुटि | पदयोग र वियोग | चिन्ह प्रयोग |
|---|---|---|---|
| कालीकोट | समुह=समूह<br>चाजोपाँचो=चाँजोपाँचो<br>श्रृतिसमभिन्नाथी=श्रृतिसमभिन्नार्थी<br>ईच्छार्थ=इच्छार्थ<br>बुदा=बुँदा<br>रंग=रङ<br>निवन्ध=निबन्ध<br>संक्षिप्त=सङ्क्षिप्त | हुनुर=हुनु र<br>रंग हरुमा=<br>रङ्गहरूमा<br>स–प्रसङ्ग=सप्रसङ्ग | ' '<br>चिन्ह प्रयोग<br>नगरिएको |
| **जम्मा** | ८ | ३ | |

माथिको तालिकालाई अध्ययन गर्दा कालीकोट जिल्लाको प्रतिनिधि प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि ८ ठाँउमा गरेको पाइन्छ । त्यस्तै पद वियोग सम्वन्धी प्रश्न नं. ११ मा 'हुनु र' भन्ने ठाँउ

हुनुर पदयोग गरेर त्रुटि  गरेको पाइन्छ भने पदयोग सम्बन्धी प्रश्न ११ मा 'रङहरूमा' हुनुपर्ने ठाँउमा रङ हरूमा प्रयोग गरेको पाइन्छ भने प्रश्न १३ मा 'सप्रसङ्ग' हुनुपर्ने ठाँउमा स-प्रसङ्ग जस्ता पदयोग हुनुपर्ने ठाँउमा पद वियोग गरेर त्रुटि गरेको पाइन्छ । चिह्न सम्वन्धी प्रश्न नं. १ मा क र खलाई (' ') एकल उद्धरणमा राख्नुपर्नेमा (" ") दोहोरो उद्धरणमा राखेको पाइन्छ । यसरी समग्रमा प्रतिनिधि प्रश्नपत्रमा  वर्ण विन्यसागत, पदयोग, पदवियोग र चिह्न सम्बन्धी सामान्य खालका त्रुटि रहेको पाइन्छ । उक्त प्रश्नपत्रमा गम्भीर खालका त्रुटि नभेटिएकाले प्रश्न निर्माणमा प्रश्न निर्माणकर्ता सचेत रहेको देखिन्छ ।

## ४.३ आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

प्रश्नपत्रको वास्तविक स्वरूप र प्रभावकारीता आन्तरिक कुरामा निर्भर रहन्छ । प्रश्नपत्रको आन्तरिक आधारले प्रश्नपत्रको स्तरीयता, वैधता, विश्वसनीयता र उद्देश्यपरकता आदि निर्धारण गर्ने भएकाले यसलाई महत्वपूर्ण र केन्द्रीय आधार मानिन्छ । यसरी यस आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको निम्न कुरामा केन्द्रित भई अध्ययन विश्लेषण गरिएको छ :

१. पाठ्यक्रम अनुरूपता
२. भाषिक पक्षको संयोजन र सन्तुलन
३. भाषा
४. प्रश्नपत्रमा हुनुपर्ने गुण
५. विविध पक्ष

### ४.३.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति प्रयोग गरिने प्रश्नपत्रले सम्पूर्ण पाठ्यक्रमको प्रतिनिधित्व गरेको हुनु पर्दछ । यहि उपयोगमा आएका प्रश्नहरू पाठ्यक्रमको भावना मर्म बमोजिम नभएमा यस्ता प्रश्नबाट गरिने परीक्षण दोषपूर्ण हुन जान्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विषयवस्तु र क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलन आदिका आधारमा प्रश्नको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

### क. विधा वा विषयवस्तुको उद्देश्य

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले नेपाली विषयमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, शब्दभण्डार, वर्ण विन्यास र व्याकरण गरी १० वटा विधालाई समावेश गरेको छ । यसरी उपयुक्त आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको अध्ययन गर्दा दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका प्रश्नपत्रमा पाठगत पढाइ सीप परीक्षण गर्न पाठगत प्रश्नहरू र बोध प्रश्नहरू समावेश गरेको पाइन्छ । त्यसैगरी लेखाइ सीप परीक्षणका लागि निबन्ध, चिठी, संवाद र बुँदा टिपोट सम्बन्धी प्रश्नहरू राखेको पाइन्छ । प्रनिनिधि प्रश्नहरूमा समाविष्ट भएका विवेचनात्मक प्रश्न, सङ्क्षिप्त उत्तरात्मक प्रश्न, व्याख्यानात्मक प्रश्न, सारांश लेखन प्रश्नले पढाइ र लेखाइ दुवै सीप परीक्षण गर्ने खालका छन् । त्यस्तै भाषिक शुद्धता र सबलता परीक्षण गर्न शब्दभण्डार, वर्ण विन्यास र व्याकरणात्मक सम्बन्धी प्रश्नहरू राखिएका छन् । प्रतिनिधि प्रश्नपत्रमा विधा वा विषयवस्तुको समावेश धेरै जसो पाठ्यक्रमका उद्देश्य अनुरूप विधाहरूलाई समेटेको देखिन्छ भने दैलेख र सुर्खेत जिल्लाले बुँदा टिपोट र निर्देशित रचनालाई समेटेको देखिँदैन भने जाजरकोट जिल्लाले बुँदा टिपोट र सारांश विधलाई समेटेको छैन भने कालीकोट जिल्लाले लामो उत्तरात्मक विधालाई समेटेको देखिँदैन ।

यसरी सुनाइ, बोलाइ, उच्चारण र वाचन जस्ता सीपको मूल्याङ्कन शिक्षकले कक्षा शिक्षणकै क्रममा आन्तरिक मूल्याङ्कनका रूपमा प्रयोगात्मक परीक्षण गर्नु भनी पाठय्क्रमले नै प्रष्ट तोकेको हुँदा तिनलाई यहाँ राखेको पाइँदैन ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा केही विधालाई नसमेटेको पाइएता पनि पाठ्यक्रम अनुरूप नै तोकिएका विधा र उद्देश्यलाई समेट्ने प्रयास गरेको देखिन्छ ।

### ख. विषयवस्तुको सीमा र प्रश्न

पाठ्यक्रमले विधा वा विषयवस्तुको सीमा निर्धारण गरेको हुन्छ । यस आधारमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको विश्लेषण गर्दा माध्यमिक शिक्षा

पाठ्यक्रमले कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, शब्दभण्डार, वर्ण विन्यास र व्याकरण गरी १० वटा विधालाई समावेश गरेको छ । यिनै विधा अन्तर्गत पढाइ सीप परीक्षण गर्न बोध प्रश्न र पाठगत प्रश्नहरू समावेश गरेको पाइन्छ भने लेखाइ सीप परीक्षणका लागि चिठी, संवाद, निबन्ध आदि प्रश्नहरू समावेश गरेको पाइन्छ । यस आधारमा प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्र पाठ्यक्रमको सीमा भित्र रही प्रश्नपत्र निर्माण गरेको पाइन्छ ।

**ग. विधागत समय र प्रश्न सापेक्षता**

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयको प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा ४५ पूर्णाङ्कको लागि १:१५ मिनेट समय निर्धारण गरिएको छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा ६० पूर्णाङ्क मात्र निर्धारण गरी समय निर्धारण गरेको पाइँदैन । यसरी हेर्दा विधागत आधारमा प्रत्येक प्रश्नको अङ्क विभाजन गरेतापनि विधा अनुसारको समय निर्धारण गरेको पाइँदैन । विशिष्टीकरण तालिकामा भने प्रत्येक प्रश्नको विधा अनुसार समय निर्धारण गरे पनि प्रतिनिधि प्रश्नपत्रमा भने एकमूष्ट रूपमा दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा समय निर्धारण गरेको पाइन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा समय निर्धारण नगरेर त्रुटि गरेको पाइन्छ । उक्त प्रतिनिधि चार जिल्लाका प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार प्रश्न निर्माण गर्ने प्रयास गरे पनि सबै विधालाई समेटेर प्रश्न निर्माण गरेको देखिँदैन । यसरी पाठ्यक्रममा कक्षा ९ र १० को लागि जम्मा ७५ पूर्णाङ्कको लागि २:१५ मिनेट समय निर्धारण गरेता पनि कक्षा नौको लागि पहिलो त्रैमासिक १०, त्यसपछि दोस्रो त्रैमासिक २० र वार्षिक परीक्षा ४५ गरी जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिने भएकाले प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा विधागत समय र प्रश्न सापेक्षता अनुरूप समानता रहेको देखिँदैन ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा एकमूष्ट समय निर्धारण गरेकाले विद्यार्थीले प्रश्नको अङ्कभार र निर्देशनका आधारमा समयको सन्तुलन मिलाई उत्तर दिनुपर्ने देखिन्छ ।

### ४.३.२ भाषिक पक्षको संयोजन र सन्तुलन

भाषिक पक्षहरू भाषिक सीपसँग सम्बन्धित हुन्छन् । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सीपहरू हुन । भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभई विषयवस्तुको माध्यमबाट भाषिक सीपको शिक्षण हुन्छ । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको पढाइ, लेखाइ, शब्दभण्डार र व्याकरण सीपको भाषिक पक्षको संयोजन र सन्तुलन निम्नानुसार रहेको छ :

**तालिका नं. २३**

**भाषिक पक्षको संयोजन र सन्तुलन**

| जिल्ला | पढाइ सीप | लेखाइ सीप | शब्द भण्डार | व्याकरण सीप | जम्मा अङ्क |
|---|---|---|---|---|---|
| दैलेख | २६ | ९ | ६ | ४ | ४५ |
| सुर्खेत | २१ | ८ | ५ | ११ | ४५ |
| जाजरकोट | २५ | १४ | ६ | १५ | ६० |
| कालीकोट | १२ | १० | ६ | १७ | ४५ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रको भाषिक पक्षको संयोजन र सन्तुलन हेर्दा दैलेख जिल्लाको प्रश्नपत्रमा पढाइ सीपको लागि २६ अङ्क, लेखाइ सीपको लागि ९ अङ्क शब्दभण्डार क्षमताको लागि ६ अङ्क र व्याकरण क्षमताको लागि ४ अङ्क गरी जम्मा ४५ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

सुर्खेत जिल्लाको प्रश्नपत्रमा पढाइ सीपको लागि २१ अङ्क, लेखाइ सीपको लागि ८ अङ्क, शब्दभण्डार क्षमताको लागि ५ अङ्क र व्याकरण क्षमताको लागि ११ अङ्क गरी जम्मा ४५ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा पढाइ सीपको लागि २५ अङ्क, लेखाइ सीपको लागि १४ अङ्क, शब्दभण्डार क्षमताको लागि ६ अङ्क र व्याकरण क्षमताको लागि १५ अङ्क गरी जम्मा ६० पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

त्यस्तै कालीकोट जिल्लाको प्रश्नपत्रमा पढाइ सीपको लागि १२ अङ्क, लेखाइ सीपको लागि १०

अङ्क, शब्दभण्डार क्षमताको लागि ६ अङ्क र व्याकरण क्षमताको लागि १७ अङ्क गरी जम्मा ४५ पूर्णाङ्कको अङ्क विभाजन गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा पढाइ सीप, लेखाइ सीप, शब्दभण्डार र व्याकरण क्षमतामा भाषिक पक्षको संयोजन र सन्तुलत समान किसिमको देखिँदैन ।

### ४.३.३ भाषा

प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने महत्वपूर्ण पक्षमध्ये भाषा पनि एक हो । प्रश्नपत्रमा प्रयोग हुने भाषा सरल, सहज र शुद्ध हुनु पर्दछ । यसरी प्रश्नपत्रमा उपयुक्त भाषाका माध्यमबाट नै विद्यार्थीको सही क्षमता परीक्षण गर्न सकिन्छ । तसर्थ प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको प्रश्नपत्रलाई अध्ययन गर्दा दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा अत्याधिक मात्रामा वर्ण विन्यासगत त्रुटि भएकाले विद्यार्थीलाई बुझ्न कठिन पार्ने भएकाले उक्त जिल्लाका प्रश्नपत्रमा मध्यम खालको भाषाको प्रयोग गरेको पाइन्छ ।

त्यस्तै सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा भने सामान्य खालका वर्ण विन्यासगत त्रुटि भएकाले प्रश्नपत्रमा प्रयोग भएको भाषा उपयुक्त भएकाले विद्यार्थीलाई बुझ्न सरल, सहज भाषाको प्रयोग गरिएको छ ।

यसरी समग्रमा हेर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा प्रयोग भएको भाषा उपयुक्त रहेको देखिँदैन भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा प्रयोग भएको भाषा भने उपयुक्त रहेको देखिन्छ ।

### ४.३.४ प्रश्नपत्रमा हुनुपर्ने गुण

पाठ्यक्रमले अपेक्षा गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै व्याकरणसँग सम्बन्धित सीप हासिल गर्न सके की सकेनन् भनेर परीक्षण गर्न सक्षम प्रश्नपत्र निर्माण गरिनु पर्दछ । यसरी वस्तुनिष्ठ र विद्यार्थी उन्मुख हुनको लागि प्रश्नपत्रमा विभिन्न गुणहरू रहेका हुन्छन् । यसरी प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका

प्रश्नपत्रको गुणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तलिका नं. २४**

**प्रश्नपत्रमा हुनुपर्ने गुण**

| पाठ्यक्रम अनुसारका गुणहरू | दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
|---|---|---|---|---|
| प्रश्न विषयवस्तुसँग सम्बन्धित रहेको | ✓ | ✓ | ✓ | ✓ |
| प्रश्नले विद्यार्थीको स्तरसँग मेल खाएको | ✓ | ✓ | ✓ | ✓ |
| प्रश्न सरलदेखि जटिलताको क्रममा भएको | ✓ | ✓ | ✓ | ✓ |
| प्रश्न र अङ्कको सन्तुलन मिलेको | ✗ | ✓ | ✗ | ✓ |
| प्रश्नहरू लामा र द्वैध अर्थ लाग्ने भएको | ✓ | ✓ | ✓ | ✓ |
| प्रश्नमा प्रयोग शब्दहरू सरल बुझ्न सकिने र स्पष्ट भएको | ✓ | ✓ | ✗ | ✓ |
| पाठ्यक्रम र प्रश्नको मेल भएको | ✓ | ✓ | ✗ | ✓ |
| प्रश्नका अक्षर आकार उपयुक्त भएको | ✓ | ✗ | ✓ | ✗ |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका प्रश्नपत्र विषयवस्तुसँग मेलखाने गरी निमार्ण गरिएको छ । प्रश्नपत्र विद्यार्थीको स्तर अनुसार नै निर्माण गरेको देखिन्छ । सबै जिल्लाका सामुदायिक विद्यालयका प्रश्नपत्र सरलदेखि जटिलताको क्रममा निर्माण गरिएका छन् भने प्रश्न र अङ्कको सन्तुलन भने मिलेको देखिँदैन । प्रश्न सोध्दा प्रयोग गरिने शब्द दैलेख जिल्लाको प्रश्नपत्रमा वर्ण विन्यास (ह्रस्व, दीर्घ) सम्बन्धी त्रुटि भएपनि सरल, सहज, र बुझ्न सकिने खालको छ । भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा प्रयोग गरिएका शब्द स्पष्ट बुझ्न नसकिने खालको पाइन्छ । सबै जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नहरू ज्यादै लामा र द्वैध अर्थ लाग्ने प्रश्न निर्माण गरेको पाइँदैन । जाजरकोट जिल्लाले पाठ्यक्रम भन्दा बाहिर रहेका ६० पूर्णाङ्को प्रश्नपत्र तयार गरेको छ भने अन्य जिल्लाका प्रश्नपत्र पाठ्यक्रकै अधिनमा रहेर निर्माण गरेको पाइन्छ । प्रश्नका अक्षरका आकार दैलेख र जाजरकोट जिल्लाका

प्रश्नपत्रमा उपयुक्त रहेको छ भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा अक्षर आकार अलि सानो आकारको देखिन्छ । यसरी समग्रमा हेर्दा प्रतिनिधि जिल्लाका प्रश्नपत्रको अध्ययन गर्दा अधिकांश पाठ्यक्रका गुणलाई पालना गरेकोले प्रश्नपत्रमा भएको गुण उपयुक्त नै मानिन्छ ।

### ४.३.५ प्रश्नका विविध पक्ष

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रश्नहरू निर्माण गर्नुपर्ने हुन्छ भने यस्ता प्रश्नहरूले पहिचानात्मक तथा उत्पादनात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादनात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको अध्ययन गर्दा विषयगत अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यानात्मक सश्लेषणत्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरू  समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्व पहिचान गर्ने किसिमका प्रश्नहरू समावेश गरिएको छ । पहिचानात्मक र उत्पादनात्मक दुवै पक्षको परीक्षण गर्न सक्ने प्रश्नहरू निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार चारओटै सीपलाई एकीकृत  रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सीप परीक्षणका लागि प्रश्न निर्माण गरेको देखिँदैन । यसरी कक्षा नौको प्रश्नपत्र पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र वार्षिक परीक्षा १०+२०+४५=७५ पूर्णाङ्कको हुने भएकाले यस शोधमा वार्षिक परीक्षा जम्मा ४५ पूर्णाङ्कको प्रश्नहरू निर्माण गरिने भएकाले प्रश्नपत्रमा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार सबै विधा र क्षेत्रलाई समेटेर प्रश्न निर्माण गरेको देखिँदैन । तसर्थ प्रतिनिधि प्रश्नपत्रमा विषयगत र वस्तुगत क्षमताको पहिचान गर्ने प्रश्नहरू भने निर्माण गरेकाले प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

## ४.४ प्रश्नपत्रमा भएका त्रुटि

प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रमा भएका त्रुटि सम्बन्धी अध्ययन गर्दा प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा भएका त्रुटिहरू निम्नानुसार छन् :

**तालिका नं. २५**

**प्रश्नपत्रमा भएका त्रुटि**

| दैलेख | सुर्खेत | जाजरकोट | कालीकोट |
|---|---|---|---|
| -शीर्ष निर्देशन नदिइनु, -प्रश्नपत्र विशिष्टीकरण तालिका अनुसार निर्माण नगर्नु , -प्रश्नपत्रमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि धेरै मात्रामा हुनु, -प्रश्नपत्रमा एउटै वर्ण विन्यास प्रयोग नगरि मिश्रीत वर्ण विन्यास प्रयोग गरिनु, -प्रश्नमा सबै विधालाई नसमेट्नु -प्रश्नको अङ्कभार विशिष्टीकरण तालिका अनुसार नराखिनु, -व्याकरणका सबै क्षेत्रलाई नसमेट्नु, -प्रश्नपत्रमा पाठ्यक्रमका सबै विधा र क्षेत्रलाई | -प्रश्नपत्रमा उत्तीर्णाङ्क निर्धारण नगरिनु, -कागतको आकार र अक्षर आकार सानो हुनु, -प्रश्नमा सवै विधा र क्षेत्रलाई नसमेट्नु, -सहायक प्रश्न कम राखिनु आदि । | -शीर्ष निर्देशन नदिनु, -प्रश्नपत्रमा समय निर्धारण नगर्नु, -वर्ण विन्यास सम्बन्धी त्रुटि अत्याधिक मात्रामा हुनु, -भाषिक शुद्धता स्पष्ट नहुनु, -पाठ्यक्रमको उल्ङ्घन गरी ६० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गर्नु, -सहायक प्रश्न नराखिनु, प्रश्नहरू क्रमबद्ध तरिकाले नराखिनु, प्रश्न सरल, स्पष्ट र बुझ्न कठिन हुनु, अङ्क विभाजनमा ध्यान नदिनु आदि । | -कागतको आकार र अक्षर आकार सानो हुनु, -सामान्य वर्ण विन्याससगत त्रुटि पाइनु, -लामो उत्तरात्मक प्रश्न नराखिनु आदि । |

| | | | |
|---|---|---|---|
| नसमेट्नु,<br>-सहायक प्रश्न नराखिन आदि । | | | |

माथिको तालिकालाई अध्ययन गर्दा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देशन, विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण नगर्नु जस्ता त्रुटि गरेको पाइन्छ भने अत्याधिक मात्रामा वर्ण विन्यास त्रुटि गरेको छ भने एउटै वर्ण विन्यास प्रयोग नगरि मिश्रित वर्ण विन्यासको प्रयोग गरेको पाइन्छ । प्रश्नपत्रमा सबै विधालाई समेटेको देखिँदैन भने विशिष्टीकरण तालिका अनुसार प्रश्न निर्माण र अङ्क विभाजन नगरेर त्रुटि गरेको पाइन्छ । त्यस्तै प्रश्नपत्रमा व्याकरणका सबैधालाई नसमेटे र त्रुटि गरेको छ भने प्रश्न निर्मारण गर्दा सहायक प्रश्न निर्माण नगरेर त्रुटि गरेको पाइन्छ ।

सुर्खेत जिल्लाको प्रश्नपत्रमा उत्तीर्णाङ्क निर्धारण नगरेर त्रुटि गरेको पाइन्छ भने कागतको आकार र अक्षर आकार मध्यम खालको रहेको पाइन्छ । त्यस्तै प्रश्नमा सबै विधा र क्षेत्रलाई नसमेटे र त्रुटि गरेको पाइन्छ भने सहायक प्रश्न कम निर्माण गरेर त्रुटि गरेको देखिन्छ ।

जाजरकोट जिल्लाको प्रश्नपत्रमा शिर्ष निर्देशन नदिएर त्रुटि गरेको छ भने प्रश्नपत्रमा समय निर्धाररण नगरेर त्रुटि गरेको पाइन्छ । उक्त जिल्लाका प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि अत्याधिक मात्रामा गरेको पाइन्छ भने भाषिक त्रुटि पनि त्यतिकै मात्रामा गरेर त्रुटि गरेको देखिन्छ । त्यस्तै पाठ्यक्रमको उल्ङ्घन गरि ६० पूर्णाङ्कको प्रश्न निर्माण गरेको पाइन्छ भने सहायक प्रश्न निर्माण नगरेर त्रुटि गरेको पाइन्छ । त्यस्तै प्रश्नपत्र क्रमबद्ध तरिकाले नराखेर त्रुटि गरेको पाइन्छ भने प्रश्नपत्र विशिष्टीकरण तालिका अनुसार निर्माण नगरेर त्रुटि गरेको पाइन्छ ।

कालीकोट जिल्लाको प्रश्नपत्रमा कागतको आकार र अक्षर आकार सानो रहेको देखिन्छ । त्यस्तै

मध्यम खालको कागतको प्रयोग गरेर त्रुटि गरेको पाइन्छ भने सामान्य रूपमा वर्ण विन्यासगत त्रुटि गरेको पाइन्छ। त्यस्तै लामो उत्तरात्मक प्रश्न निर्माण नगरेर त्रुटि गरेको पाइन्छ ।

यसरी समग्रमा प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौको नेपाली विषयका प्रश्नपत्रमा देखिएका त्रुटि हटाउन प्रत्येक जिल्लाका सामुदायीक विद्यालयले विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने, विद्यार्थीको उमेर, क्षमता स्तर अनुसारका प्रश्नहरूलाई बढी जोड दिनुपर्ने, पढाइ र लेखाइ सीपलाई बढी ध्यान दिइएर प्रश्नहरू सरल र स्पष्ट बुझिने गरी निमार्ण गर्नु पर्ने देखिन्छ भने प्रश्न सङ्ख्या र अङ्कभार विशिष्टीकरण तालिका अनुसार समानता हुनुपर्ने देखिन्छ।

## सारांश

माध्यमिक तह कक्षा नौको नेपाली विषय वार्षिक परीक्षा २०७५ सालको प्रश्नपत्रलाई विशिष्टीकरण तालिका तथा बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रलाई मुख्य आधार मानी प्रश्नको विश्लेषण गरिएको छ।

प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार विधा, क्षेत्र समय र अङ्कभार विभाजनमा समानता देखिँदैन । यसरी प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्र विशिष्टीकरण तालिका र पाठ्यक्रम अनुरूपताका आधारमा प्रश्नपत्र निर्माण गरेको देखिँदैन । त्यस्तै बाह्य तथा आन्तरिक आधारका प्रश्नपत्रको विश्लेषण गर्दा बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय, प्रश्नपत्रको स्वरूप, प्रस्तुति अनुक्रम र वर्ण विन्यास र आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, भाषा प्रश्नमा हुनुपर्ने गुण र विविध पक्षमा केन्द्रीत भई अध्ययन विश्लेषण गरिएको छ।

यसरी प्रतिनिधि प्रश्नपत्रमा पाठ्यक्रमले निर्देशन गरेका पढाइ र लेखाइसँग सम्बन्धित प्रश्नपत्र निर्माण गर्ने कुरामा पाठ्यक्रमलाई पछ्याए पनि अङ्क र प्रश्न निर्माणमा जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयले पाठ्यक्रमको मर्म उल्ङ्घन गरेको छ। क्षेत्रगत समय र प्रश्न सापेक्षता अन्तर्गत पाठ्यक्रमले जोड दिइएको विषय पढाइ र लेखाइ सीप अन्तर्गत शब्दभण्डार,

वर्ण विन्यास, र व्याकरण जस्ता आदि क्षेत्रमा प्रश्न सङ्ख्या र अङ्क वितरण गर्न सकेको छैन् । अतः प्रतिनिधि जिल्लाको प्रश्नपत्रमा भाषिक पक्षको संयोजन र सन्तुलनमा पनि समानता देखिदैन् । प्रतिनिधि प्रश्नपत्र मध्ये दैलेख जिल्लाको प्रश्नपत्रमा व्याकरणलाई कम महत्व दिई प्रश्न निर्माण गरेको देखिन्छ । त्यस्तै दैलेख र जाजरकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रमा अत्याधिक मात्रामा वर्ण विन्यासगत त्रुटि गरेको छ भने उपयुक्त कागत र अक्षर आकार प्रयोग गरेर छपाइ  गरेपनि वर्ण विन्यासको अत्याधिक त्रुटिले गर्दा भाषिक दृष्टिले उपयुक्त देखिँदैन । सुर्खेत र कालीकोट जिल्लाको सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा सामान्य खालका वण विन्यासगत त्रुटि भए पनि छपाइ सपाइ र भाषिक दृष्टिले उपयुक्त रहेको छ । यसरी प्रतिनिधि प्रश्नपत्रमा विश्वसनीयता, वैधता, व्यवहारिकता र विभेदकारिता जस्ता गुणहरू केही मात्रामा पाइए पनि पूर्ण रूपमा भने पाइँदैन । भाषिक प्रश्नहरू भाषिक सीप र धारणासँग सम्बद्ध हुन्छन् । तसर्थ यिनको विकास एवम् परीक्षणका लागि २५ पूर्णाङ्कको छुट्टै प्रयोगात्मक परीक्षा विद्यालयले लिने गरेको पाइन्छ । प्रयोगात्मक तथा लिखित परीक्षाका कारण भाषाका चारवटै सीपको पूर्ण रूपमा विकास हुने देखिन्छ ।

# अध्याय: पाँच

# निष्कर्ष र सुझाव

माध्यमिक तह कक्षा नौको नेपाली विषयको वार्षिक परीक्षा २०७५ सालमा दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायिक माध्यमिक विद्यालयमा उपयोग गरिएका प्रश्नपत्रलाई विशिष्टीकारण तालिकाका तथा प्रश्न विश्लेषणका आन्तरिक र बाह्य आधारको सीमा भित्र रही ती प्रश्नपत्रलाई विश्लेषण गरी निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

### ५.१.१ विशिष्टीकरण तालिका अनुसार निष्कर्ष

१. प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार सबै क्षेत्र र विद्यालाई नसमेटे पनि पढाइ र लेखाइ सीपको विकास हुने गरी अधिकांश विधालाई समेटेर सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका प्रश्नपत्र निर्माण गरिएका छन् भने दैलेख जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा सबै भन्दा कम विद्यालाई सकेटेर प्रश्नपत्र निर्माण गरेको पाइन्छ ।

२. प्रतिनिधि प्रश्नपत्रमा दैलेख जिल्लाको प्रश्नपत्रमा विशिष्टीकरण तालिकालाई ध्यान नदिई प्रश्न निर्माण गरेको देखिन्छ भने सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाको प्रश्नपत्रमा अधिकांश विधाहरूलाई समेटी विशिष्टीकरण तालिका अनुसार प्रश्न निर्माण गर्न खोजेको देखिन्छ ।

३. विशिष्टीकरण तालिका अनुसार निर्धारण गरिएको अङ्कभार र प्रश्नपत्रमा गरिएको अङ्कभारमा केही मात्रामा समानता रहे पनि अधिकांश प्रश्नपत्रमा समानता नरहेको देखिन्छ ।

४.प्रतिनिधि जिल्लाका प्रश्नमध्ये दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा समय निर्धारण समान किसिमको देखिन्छ भने जाजरकोट जिल्लाको प्रश्नपत्रमा भने समय निर्धारण गरेको

पाइदैन । विशिष्टीकरण तालिकामा भने प्रत्येक प्रश्नमा समय तोके पनि प्रश्नमा भने एकमूष्ट समय निर्धारण गरिएको छ ।

५. प्रतिनिधि प्रश्नपत्रमा विधा अनुसार प्रश्न निर्माणमा समानता रहेको पाइँदैन ।

६. प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार प्रश्नको निर्माण र अनुक्रम मिलाएको देखिँदैन भने सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुसार प्रश्नको निर्माण र अनुक्रम मिलाउन खोजेको देखिन्छ ।

७.प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा प्रश्न सङ्ख्या विशिष्टीकरण तालिकामा तोके अनुसार निर्माण गरेको देखिँदैन् ।

८. विशिष्टीकरण तालिका अनुसार विधागत समय र प्रश्न सापेक्षतामा मेल खाएको देखिँदैन ।

### ५.१.२ बाह्य आधारमा निष्कर्ष

प्रश्नपत्रको विश्लेषणको एक महत्पूर्ण आधारको रूपमा बाह्य आधारलाई पनि लिन सकिन्छ । यस आधारमा प्रश्नको बाह्य आकृति, प्रकृति, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत कुराहरूको विश्लेषण गरिन्छ । यस अध्ययनमा प्रश्नहरूको आकृतिगत वैधताबारे अध्ययन विश्लेषण गरिन्छ । प्रश्न विश्लेषणको बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय, प्रश्नपत्रको स्वरूप, प्रस्तुति अनुक्रम र वर्ण विन्यास जस्ता उप शीर्षकमा आधारित भएर प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको प्रश्नपत्रको विश्लेषण गरी निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. प्रतिनिधि प्रश्नपत्रमा दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देशन दिएको पाइँदैन भने सुर्खेत र कालिकोट जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देशन दिएकोले उक्त जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देन दिनु राम्रो पक्ष मानिन्छ ।

२. प्रतिनिधि प्रश्नपत्रमा प्रश्न निर्देशन दैलेख र सुर्खेत जिल्लाको प्रश्नपत्रमा उपयुक्त तरिकाले नै निर्देशन गरेको पाइन्छ भने जाजरकोट जिल्लाको प्रश्न नं. १५ र कालिकोट जिल्लाको

प्रश्न नं. ६ मा स्पष्ट निर्देश दिएको पाइँदैन भने अन्य प्रश्नको निर्देशन भने स्पष्ट रूपमा नै उल्लेख गरेको पाइन्छ ।

३. प्रतिनिधि प्रश्नपत्रमा विकल्प निर्देशनका दृष्टिले उपयुक्त नै देखिन्छ ।

४. प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा पृष्ठ निर्देशनका दृष्टिले सुर्खेत जिल्लाको प्रश्नपत्रमा पृष्ठ निर्देशन दिएकोले उपयुक्त देखिन्छ भने दैलेख, जाजरकोट र कालीकोट जिल्लाको प्रश्नपत्रमा पृष्ठ निर्देशन दिएको पाइँदैन ।

५. प्रतिनिधि प्रश्नपत्रमा प्रश्नको स्तर, उतरको लमाइ अनुसार अङ्क विभाजन गरेकोले उपयुक्त नै देखिन्छ ।

६. प्रतिनिधि प्रश्नपत्रमा दैलेख, र कालीकोट जिल्लाको प्रश्नपत्रमा पूर्णाङ्क र उतीर्णाङ्कमा समानता पाइन्छ भने सुर्खेत जिल्लाको प्रश्नपत्रमा उतीर्णाङ्क निर्धारण नगरेर त्रुटि गरेको छ । त्यस्तै जाजरकोट जिल्लाको प्रश्नपत्रमा पूर्णाङ्क र उतीर्णाङ्कमा भने समानता रहेको देखिँदैन ।

७. प्रतिनिधि प्रश्नपत्रमा पाठ्यक्रमका नियमानुसार पढाइ, लेखाइ, शब्द भण्डार र व्याकरण सीपका लागि निर्माण गरिएका प्रश्नपत्रमा अधिकांश प्रश्नको अङ्क विभाजनमा समातता देखिँदैन ।

८. प्रतिनिधि प्रश्नपत्रमा दैलेख, सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा ४५ पूर्णाङ्कमा १:१५ मिनेट समय निर्धारण गरेको छ भने जाजरकोट जिल्लाको ६० पूर्णाङ्कको प्रश्नपत्रमा कति समय कति हो निर्धारण गरेको पाइँदैन ।

९ .प्रतिनिधि प्रश्नपत्रको शीर्ष भाग भने उपयुक्त नै देखिन्छ ।

१० .प्रतिनिधि जिल्लाका प्रश्नपत्र भन अक्षर आकार, छपाइ र सफाइका दृष्टिले उपयुक्त भए पनि सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा प्रयोग भएको अक्षर आकार भने सानो भएको देखिन्छ ।

११. प्रतिनिधि प्रश्नपत्रमा प्रश्न सङ्ख्याका दृष्टिले समानता देखिँदैन ।

१२. प्रतिनिधि प्रश्नपत्रमा सुर्खेत र कालीकोट जिल्लाका प्रश्नपत्रमा सामान्य खालका वर्ण विन्यासगत त्रुटि पाइएकाले प्रश्न निर्माण कर्ता सचेत रहेको देखिन्छ भने दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा वर्ण विन्यासगत त्रुटि अत्याधिक मात्रामा पाइएकोले प्रश्न निर्माण कर्ता खासै संम्वेदनशील नरहेको देखिन्छ ।

१३ .प्रतिनिधि प्रश्नपत्र सरलदेखि जटिलताको क्रममा निर्माण गरेको पाइन्छ ।

### ५.१.३. आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

प्रश्नपत्रको आन्तरिक आधारले प्रश्नपत्रको स्तरीयता, वैधता, विश्वसनीयता र उद्देश्यपरकता आदि निर्धारण गर्ने भएकाले यसलाई महत्वपूर्ण र केन्द्रीय आधार मानिन्छ । आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, भाषा, प्रश्नमा हुनपर्ने गुण र विविध पक्ष जस्ता उप शीर्षकमा आधारित भएर प्रतिनिधि जिल्लाका सामुदायिक माध्यमिक विद्यालय कक्षा नौका नेपाली विषयको प्रश्नपत्रको विश्लेषण गरी निम्नानुसार निष्कर्ष निकालिएको छ :

१.प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा पाठ्यक्रमका अधिकांश विधा र क्षेत्रलाई नै समेटर प्रश्न निर्माण गरको देखिन्छ ।

२. प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा पढाइ र लेखाइ सीप विकासको लागि शब्दभण्डार, वर्णविन्यास, व्याकरण, बुँदा टिपोट र सारांश लेखन, पठन बोध, सङ्क्षिप्त उत्तरात्मक प्रश्न , विवेचनात्म प्रश्न र सिर्जनात्मक लेखन जस्ता प्रश्न निमार्ण गरेको पाइन्छ ।

३. प्रतिनिधि प्रश्नपत्रमा विषयवस्तुको सीमा प्रश्न सङ्ख्यामा खासै तालमेल मिलेको देखिँदैन ।

४. पाठ्यक्रमले निर्देश गरे बमोजिम भाषिक पक्षहरू पढाइ, लेखाइ, व्याकरण, शब्दभण्डारसँग सम्बन्धित प्रश्नहरू निर्माण र अङ्क विभाजनमा समानता देखिँदैन ।

५. प्रतिनिधि सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा विद्यार्थीको लागि पहिचानात्मक र उत्पादनात्मक क्षमताको विकास गर्ने खालका प्रश्नहरू निर्माण गरेको पाइन्छ ।

६. प्रतिनिधि प्रश्नपत्रमा भाषिक पक्षहरू संयोजन सन्तुलनमा समानता नरहको पाइन्छ ।

७. प्रनिधिनि प्रश्नपत्रमा सुर्खेत र कालीकोट जिल्लाको प्रश्नपत्रमा भाषा सरल र स्पष्ट नै रहेको छ भने दैलेख र जाजरकोट जिल्लाको प्रश्नपत्रमा प्रयुक्त भाषा अशद्ध, अस्पष्ट, र हिज्जेको गलत प्रयोग समेत भएकोले भाषिक दृष्टिले उपयुक्त देखिँदैन ।

८. प्रतिनिधि प्रश्नपत्रमा उच्च विभेदकारिता, समयको सही विभाजन, प्रश्न र समयको तादाम्यततमा केही अपुगता रहेको देखिन्छ ।

९. प्रतिनिधि प्रश्नपत्रमा सुर्खेत र कालीकोट जिल्लाले प्रश्नपत्रका अधिकांश गुणलाई समेटेकाले विश्वसनीयता र वैधताका दृष्टिले उपयुक्त नै रहेको देखिन्छ भने दैलेख र जाजरकेट जिल्लाको प्रश्नपत्र भने प्रश्नका सबै गुणलाई समेट्न नसकेकाले विश्वसनीयता र वैधताका दृष्टिले उपयुक्त देखिँदैन ।

१०. प्रतिनिधि प्रश्नपत्रमा सुनाइ र बोलाइ सीपको मूल्याङ्कन शिक्षकले कक्षा शिक्षणकै क्रममा आन्तरिक मूल्याङ्कनका रूपमा प्रयोगात्मक परीक्ष गर्नु भनी पाठ्यक्रमले नै तोकेको हुँदा तिनलाई प्रश्नपत्रमा राखेको पाइँदैन ।

## ५.२ सुझाव

### ५.२.१ नीतिगत तह

१. केन्द्रीय तहबाट सबै तहका लागि विशिष्टीकरण तालिका जारी गरी तालिका बमोजिम प्रश्नपत्र निर्माण गरिनुपर्ने नीति अबलम्बन गरिनु पर्दछ ।

२. केन्द्र, जिल्ला, स्रोतकेन्द्र र विद्यालय स्तरमा विशेष टिम निर्माण गरी प्रश्न निर्माण सम्बन्धमा आबधिक परीक्षणको नीतिगत व्यबस्ता गरिनु पर्दछ ।

३. प्रश्न निर्माण कर्तालाई असल प्रश्न निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनुका साथै विषय विशेषज्ञ एवम् दक्ष शिक्षकबाट प्रश्न निर्माण गराउने नीति अबलम्बन गरिनु पर्दछ ।

४. केन्द्रीय तहबाट नै सबै विद्यालयमा एकै प्रकारको परीक्षण गर्ने नीति अबलम्बन गरिनु पर्दछ ।

५. अङ्कन र मापनलाई बढी विश्वसनीय र व्यवहारिक बनाउन जिल्ला र विद्यालय स्तरमा उत्तर कुञ्जिकाको व्यवस्था गरिनुका साथै परीक्षकलाई आवश्यक तालिम दिने व्यवस्था गरिनु पर्दछ ।

६. कुन तह, उमेर र स्तरलाई के, कस्ता र कति प्रश्न बनाउने नीतिगत निर्देशन जारी गरिनु पर्दछ ।

५.२.२ कार्यन्वयन तह

१. विषय विशषज्ञ एवम् दक्ष शिक्षकबाट प्रश्नपत्र निर्माण गरिनु पर्दछ ।

२. प्रश्नपत्र निर्माण गर्दा हुने कमीकमजोरी सुधार गर्नु पर्दछ ।

३.प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार निर्माण गरिनु पर्दछ ।

४.प्रश्नपत्र निर्माण गर्दा सबै बिधा र क्षेत्रलाई समेटी अङ्क विभाजन र समय निर्धारण गरिनु पर्दछ ।

५.प्रश्नपत्रको छपाइको कागत गुणस्तरयुक्त, सेतो, चिल्लो र सफा कागतको प्रयोग गर्नु पर्दछ ।

६.प्रत्येक जिल्ला, स्रोतकेन्द्र तथा विद्यालय स्तरका प्रश्नपत्रको शीर्ष भागमा विषय, कक्षा, समय, पूर्णाङ्क, उत्तीर्णाङ्क विद्यालय, स्रोतकेन्द्र तथा जिल्ला कुन हो अलि ठूलो, आकर्षण र स्पष्ट  अक्षरमा लेख्ने व्यवस्था गरिनु पर्दछ ।

७.प्रश्नको निर्देशन दिँदा कति र कस्तो प्रकृतिको उत्तर दिने सो कुरा स्पष्ट खुलाइनु पर्दछ ।

८.परीक्षणीय र क्षेत्र आकार प्रकार अनुसार सरलदेखि जटिलताको क्रममा समूहीकरण गरी प्रश्न निर्माण गरिनु पर्दछ ।

५.२.३ अनुसन्धान तह

१.पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार सबै विद्या र क्षेत्रलाई समेटी प्रश्न निर्माण भएको छ छैन अनुसन्धान गरिनु पर्दछ ।

२.प्रश्न विद्यार्थीको उमेर, तह र स्तर अनुसार निर्माण भएका छन वा छैनन् अनुसन्धान गरिनु पर्दछ ।

३. कुन तहका लागि अक्षर आकार र कागजको आकार प्रकार के कस्तो हुनु पर्दछ अनुसन्धानबाट निश्चित गरिनु पर्दछ ।

४. विषय विशेषज्ञ एवम दक्ष शिक्षकबाट प्रश्न निर्माण परीक्षण गर्न अनुसन्धान गरिनु पर्दछ ।

५. प्रश्न निर्माण विश्वसनीयता, वैधता जस्ता गुणले युक्त छ छैन अनुसन्धानबाट निक्यौंल गरिनु पर्दछ ।

६.अनुसन्धान कार्यलाई नियमितता दिन केन्द्रीय स्तरबाट अनुसन्धान टिम निर्माण गरी कार्यन्वयन गरिनु पर्दछ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षक

१. मूल्याङ्कनीय दृष्टिले माध्यमिक तह (९-१०) पाठ्यक्रमको अध्ययन
२. माध्यमिक तहमा प्रयोगात्मक मूल्याङ्कनको अध्ययन
३. माध्यमिक तह र उच्च माध्यमिक तहका प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप तुलनात्मक अध्ययन
४. आधारभूत तह र माध्यमिक तहका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन
५. माध्यमिक तहमा भाषिक सीप शिक्षणको अध्ययन ।

# सन्दर्भ ग्रन्थसूची

## पुस्तक सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही प्ररिप्रक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *निम्न माध्यामिक शिक्षक स्रोत सामग्री,* काठमाडौं : आशिष बुक हाउस प्रा. लि. ।

ओझा, रामनाथ (२०७३), *माध्यामिक शिक्षक दिग्दर्शन,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा. लि. ।

खनाल, पेशल र अन्य (२०७४), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०७०), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा. ली. ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा. लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७१), *नेपाली भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

निउरे, ध्रुवप्रसाद (२०६९), *अनुसन्धान पद्धिति,* काठमाडौं : पब्लिसर एण्ड डिष्ट्रिव्युटर्स ।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सनसाईन पब्लिकेसन ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैशिक मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, बुद्धिराम (२०६४), *शैक्षणिक मूल्याङ्कन,* काठमाडौं : आशिष बुक्स आउस प्रा. लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि.।

*माध्यमिक शिक्षा पाठ्यक्रम,* (२०७१), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर : सुदिपा ट्रडिङ कम्पनी प्रा.लि. ।

लुइटेल, तिलकप्रसाद र लुइटेल, दीपक (२०७५), माध्यमिक नेपाली व्याकरण तथा अभिव्यक्ति, काठमाडौं : गुडविल ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ (२०६९), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७२), *शैक्षणिक मूल्याङ्कन,* काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स ।

**शोधसूची**

कंडेल, तारा (२०७०), *मध्यपश्चिमाञ्चलको प्रवेशिका परीक्षा २०७२ मा उपयोग भएका नेपाली विषयको प्रश्नपत्रको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

घर्ती, मनरुपी (२०७३), *मध्यपश्चिमाञ्चलको एस.एस.सी. परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

चपाई, टिकाकुमारी (२०७१), *मावि तह (कक्षा १०) र उमावि तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

जैसी, शिवलाल (२०७४), *कक्षा पाँचको नेपाली विषयको प्रश्नपत्रको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस म.प. वि. सुर्खेत ।

थापा, सुसेली (२०७३), *कक्षा आठ नेपाली विषयको दैलेख जिल्ला स्तरीय परीक्षा (२०७२) प्रश्नपत्रको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बटाला, मिनबहादुर (२०७१), *कक्षा नौको नेपाली विषयको विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रकोअध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

भट्टराई, हुमलाल (२०७३), *कक्षा आठको अनिवार्य नेपाली विषयको प्रश्नपत्रको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस म.प. वि. सुर्खेत ।